

पनौती

Ch062

सूर्यप्रसाद लाकोजू

डिजाइन : दर्शीका कम्प्युटर

समर्पण



For Library Purpose

मेरा प्रातः स्मरणीय

माता हेममाया लाकोजू

तथा

पिता विष्णुप्रसाद लाकोजूप्रति

सभक्ति समर्पण ।

For Library Purpose

पनौती

(परिचयात्मक पुस्तक)

For Library Purpose

लेखक

सूर्यप्रसाद लाकोजू

लेखकः	सूर्यप्रसाद लाकोजू
प्रकाशकः	सविताकुमारी श्रेष्ठ
पहिलो संस्करणः	२०६५ जेठ
दोस्रो संस्करणः	२०६६ माघ
परिमार्जित तेस्रो संस्करणः	२०७१ फागुन
सर्वाधिकारः	लेखकमा
प्रकाशन प्रतिः	५००
आवरणः	पूर्णराम तुलाधर
कलाः	मञ्जु स्याउला
मुद्रणः	न्यू पनौती प्रिण्टिङ्ग प्रेस
मूल्यः	रु १५०।-

ISBN:978-0037-2-9346-4

For Library Purpose

पुस्तक भित्रको पनौती

पुण्यमाता खोला र रोसी खोलाको वीचमा एउटै ढुङ्गामा रहेको पनौती सहर सानो तर रमणीय उपत्यकामा अवस्थित छ । देवमाला र पर्वतीय वंशावली अनुसार कलिगत वर्ष ४१९७ मा राजा आनन्ददेवले चारैतिर छरिएका स-साना वस्तीहरूलाई एकीकृत गरी नयाँ पनौतीको निर्माण गरेका थिए । पनौती पवित्र तीर्थस्थल हो । यहाँका विविध देवदेवीहरूका अत्यन्तै राम्रा-राम्रा मूर्तिहरू र पौराणिक आख्यान-उपाख्यान झल्केका सुन्दर र अर्थपूर्ण काष्ठकलायुक्त मन्दिरहरूका साथै यहाँका प्रचलित मेला, जात्रा र पर्वहरूले पनौतीको महिमा बढाएका छन् । यहाँका मानिसहरूले साना-तिना ब्यापार गरेर, उद्योग चलाएर, खेती गरेर आ-आफ्नै किसिमले परिश्रमी जीवन बिताइरहेका छन् । यी सवै कुरालाई समेटेर श्री सूर्यप्रसाद लाकोजूले पनौती विषयको पनौती भन्ने एउटा राम्रो पुस्तक तयार पार्नुभएको छ । पहिले पनौतीको परिधि सानो थियो, तर नगरपालिका भैसकेपछि यसको क्षेत्र टाढा-टाढा गाउँहरूसम्म फैलिएको छ । फलस्वरूप दक्षिणपट्टिको खोपासीको, उत्तरतिरको धनेश्वरको अनि पूर्व र पश्चिमको पनि इतिहासका कुराहरू समावेश गरेर तयार पार्नुभएको यो पुस्तक पढ्न योग्य र सङ्ग्रह गरिराख्न उपयुक्त भएको छ ।

लेखहरू लेखी पुस्तक प्रकाशित गर्ने मानिसहरू काभ्रे जिल्लामा कमै छन् । मेहनतपूर्वक लेखहरू लेखी प्रकाशित गरेका पुस्तकहरू पढने व्यक्तिहरू पनि साह्रै कम छन् । यसो हुनुको मुख्य कारण आजकालका मानिसहरूको व्यस्तता हो । हुन पनि मानिसहरूले आफ्नो जीवन व्यस्ततामा मात्र पारिराख्नु पनि त्यति ठिक होइन जस्तो लाग्दछ । संस्कृतिको महत्त्व के हो ? हाम्रो कलाकृतिको महिमा कस्तो छ ? चाड, पर्व र जात्राहरूको ऐतिहासिक र धार्मिक अर्थ के हो ? यी कुराहरू हाम्रो समाज र जीवनसँग धेरै नै सम्बन्ध भएको कारणले गर्दा हामीले जानी राख्नुपर्दछ । तर मानिसहरूले आजभोलि यस्ता विषयहरूमा कम ध्यान दिएको देखिन्छ । यस्तो परिस्थितिमा श्री सूर्यप्रसाद लाकोजूले आफ्नो ठाउँ पनौतीको अनुसन्धान गरी परिश्रमका साथ तयार पार्नुभएको यो ज्ञानमूलक पनौती पुस्तक प्रकाशनमा ल्याउनु प्रशंसनीय कार्य हो । यो पुस्तकमा पनौतीको भौगोलिक स्थिति, हावापानी, प्राकृतिक स्रोत, जनसङ्ख्या, संस्कृति,

For Library Purpose

कलाकौशल, शैक्षिक इतिहास आदि विषयहरू राम्ररी वर्णन गरिएको मात्र नभई यहाँ मनाइने चाडपर्वका विवरण र तिनीहरूका महिना र तिथिहरू अनि विविध देवीदेवताका पूजा विधिहरू र स्मारक क्षेत्रहरू पनि उल्लेख गरिएको हुँदा यस्ता सांस्कृतिक पर्वहरू समय वित्दै जाँदा विस्तारै लोप हुने गरेकोले पछिका पुस्ताहरूलाई पनि यी विषयबारे यो पुस्तकले जानकारी दिनेछ ।

नमोबुद्ध, ब्रह्मायणी, भद्रकाली, उन्मत्त भैरव, इन्द्रेश्वर महादेव र अन्य देवीदेवताहरूको ऐतिहासिक पृष्ठभूमिमा लेखिएर धेरै किम्बदन्तीहरूले आकर्षक रङ्गमा रङ्गिएको यो पनौती पुस्तक पाठकवर्गले पढिदिनु भएको खण्डमा पनौतीका देवीदेवताहरूको महत्त्व बुझ्नुको साथै यहाँका जात्रा, पर्व र मेलाहरूका विषयमा पाठकले राम्रो परिचय पाउनुहुनेछ ।

लाकोजूजी पहिल्यैदेखि लेखिरहेका लेखक हुनुहुन्छ । उहाँमा यूवा जोस र जाँगर भएको हुँदा यस्तै किसिमले पुस्तकहरू लेख्दै जानुहुने छ । उहाँले " भावनाका फूलहरू " (मुक्तकसङ्ग्रह), "स्पर्श" (कवितासङ्ग्रह) र "प्रेरणाको चौतारी" पुस्तकहरू लेख्नुभएको छ । मानिसहरूको जीवनमा आधारित विविध वस्तु जस्तै खेती, उद्योग, व्यापार आदि विषयलाई लिएर पनौतीको इतिहास र संस्कृतिको विषयमा कलम चलाई पनौती एवं अन्य ठाउँहरूका मानिसहरूलाई यिनीहरूको महत्त्व देखाउन खोज्नुभएको छ । लाकोजूजीले देखाउनु भएको संस्कृति, रीतिरिवाज, कलाकौशलको सुरक्षा र संवर्द्धन गर्नु सम्बन्धित निकाय र व्यक्तिहरूको कर्तव्य हो । यसरी यस्तो गहकिलो पुस्तक लेखेर प्रकाशनमा ल्याउनु भएकोमा श्री सूर्यप्रसाद लाकोजूजीलाई हार्दिक बधाईका साथै अझ झन राम्रा-राम्रा पुस्तकहरू लेख्नसक्नुहोस् । यही मेरो शुभ कामना छ ।

- ज्ञानकाजी मानन्धर

मिति:- २०६५-०२-१५

For Library Purpose

पनौती बनोस् पुण्यवती र पन्नावती

वि.सं. २०६४ साल चैत्र ५ गते दिउँसो २ बजे । यूवा लेखक सूर्यप्रसाद लाकोजूले अघिल्लो दिन मेरो कम्प्युटरमा सारिदिएको उहाँको प्रस्तुत पुस्तक कम्प्युटरमै पढ्दै थिएँ । पनौतीको सम्पूर्ण चिनारीलाई चिन्न पाएर मेरो मन गदगद भइरहेको थियो । मैले पढ्न खोजे जस्तै पुस्तक म पढिरहेको थिएँ । त्यसैबेला नौ बाजा बजाउन जान्ने मान्छे पनौतीमा एकजना बृद्ध मात्रै छन् भन्ने प्रसङ्गमा आँखा पऱ्यो । कसैले पहाडको टुप्पोबाट खुर्मुऱ्याइदिएजस्तो मलाई लाग्यो । आँखा चिम्लेर म कुर्सीमा अडेस लागें । २०६३ साल मङ्सिर २२ गतेको दृश्य मेरो आँखामा उदायो । त्यो दिन म नुवाकोट जिल्लाको बट्टारमा साहित्यकारहरूका साथमा थिएँ । नेवारजातीका किशोर-किशारीहरू नेवारी परम्पराका थुप्रै बाजाहरू बजाएर हाम्रो स्वागत गरिरहेका थिए । त्यो दिन काभ्रे जिल्लामा मैले कहिल्यै देख्न नपाएको दृश्य त्यहाँ देखेर मलाई काभ्रे जिल्लाले हारेको अनुभव भइरहेको थियो ।

हुन पनि हामी हारिरहेका छौं । नेपाललाई प्रकृतिले अनुपम र अनमोल उपहार दिएर पनि नेपाली हामी चाहिँ हारिरहेका छौं । हाम्रा पुर्खाहरूले हाम्रा लागि राम्रा-राम्रा कुराहरू धेरै थोक छाडेर पनि उनैका सन्तान हामीहरू हारिरहेका छौं । हार्नु नराम्रो हो । तर हार्नुभन्दा पनि नराम्रो हार हाम्रा लागि के हो भने हामी हारिरहेका छौं भन्ने कुरा जान्दाजान्दै पनि अझै हारिरहनमा हामीलाई आनन्द लागिरहेको छ ।

हामीलाई थाहा छ , नेपाल विविधतापूर्ण बनोट र संस्कृतिको अक्षय भण्डार हो । नेपाल भित्रका यावत जाति र संस्कृतिका सम्पूर्ण अङ्ग-उपाङ्गहरू अक्षरहरूमा अझै अङ्कित भइसकेका छैनन् । पूर्वजहरूले आफ्नो जीवन्तताको प्रतीक स्वरूप जिम्मा लगाएका हाम्रा संस्कृतिहरू हामी विस्तारै लोप गराउँदैछौं, मानौं हामी आफैंबाट हराउँदैछौं र अरूको सिको गर्ने बानी लागेकाले आफ्नोपन देखाउँदा असभ्य बनिन्छ कि भनेर डराउँदैछौं । हुँदाहुँदा अब हाम्रो मौलिकता पनि नष्ट हुन लागेको छ। हामी परिचय विहीन हुन लागेका छौं । हामीले आफ्नो नविन चिनारी त दिन सकेनौं-सकेनौं, पूर्वजको गौरवपूर्ण इतिहासलाई पनि हामी धुजाधुजा पार्दैछौं र विश्वमा सबैभन्दा निम्नकोटीको जातिका रुपमा आफ्नो परिचय कायम राख्तैछौं । पूर्वजहरू का तुलनामा हामी आफूलाई पढेलेखेका, जान्नेसुन्ने, शिक्षित, दक्ष, सभ्य र वैज्ञानिक युगमा जन्मेका आदि त भन्छौं, तर उनीहरूले गरेजति काम पनि गर्न सक्तैनौं । यस्तै हो भने हाम्रो मौलिकता, संस्कार-संस्कृति र इतिहास नै लुप्त हुन सक्नेछ । अर्थात हामीले आफैंलाई धिक्कार गर्नुपर्ने दिन आउन धेरै टाढा छैन ।

हामी हाम्रो जन्मभूमिलाई मन्दिरैमन्दिरको देश, बहुजातीय र बहुसांस्कृतिक देश अनि प्राकृतिक सौन्दर्यले भरिपूर्ण देश भनेर थोरै भए पनि गर्व त गर्छौं, तर

For Library Purpose

तिनको सुरक्षा र सदुपयोग हामीले कहिल्यै गरेनौ । वर्तमान विश्व प्राचीन कलाकौशल र संस्कृतिलाई गहन अभिरुचिपूर्वक अध्ययन र विश्लेषण गर्दैछ, तिनैका आधारमा नयाँ-नयाँ तथ्यहरू पत्ता लगाएर सम्भावनाका नयाँ द्वारहरू खोल्दैछ , हामी त्यतातिर पनि लागेनौं । मानवीय सभ्यता र जातिगत इतिहासको बृतान्त सविस्तार बताउने संस्कृति र कलालाई हामीले जोगाउन सकेनौं, पुरानावस्तुको जीर्णोद्धार र पुनर्निर्माण गर्न सकेनौं, अनि परिवर्तित विश्वको भावना अनुकुल तिनको उपयोग गरी विविधतायुक्त कला, संस्कृति, सभ्यता र इतिहासको संङ्ग्रहालयका रूपमा विश्वमा नेपाललाई चिनाउन सकेनौं । आफ्नो गुण-गरिमा र कौशलको, आफ्नो सम्पदा र सभ्यताको, आफ्नो मौलिकता र विशिष्टताको प्रचारप्रसारमा त हामी एकदमै कमजोर रह्यौं ।

प्रस्तुत पुस्तकको सन्दर्भमा बनेको पनौतीको कुरो नै लिऊँ । पनौती विश्वभरका पर्यटकहरूका निम्ति सांस्कृतिक र कलापूर्ण सम्पदाले भरिएको भूमि हुँदाहुँदै पनि हामीले पनौतीलाई त्यहाँका समुदायको जीवनधारा नै बदल्न सक्ने भूमि बनाउन सकेनौं । पनौतीमा देखाउन हुने स्थानहरू , मान्छेले थाहा पाउन खोज्ने कुराहरू र पर्यटकलाई एक हप्तासम्म राखिराख्न सक्ने सम्पदाहरू प्रशस्त हुँदाहुँदै पनि तिनको उपयोग गरेर सामूहिक रुपमा जीवनस्तर उठाउने चेष्टा हामीले कहिल्यै गरेनौं । पनौती भौगोलिक, भौगर्भिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक र पुरातात्विक दृष्टिले विश्वको आर्थिक पूर्जी सदैव बर्सिरन सक्ने र त्यही पूर्जीबाट विकासका फड्काहरू फड्किदै जान सक्ने स्थान हो भन्ने कुरा हामीले या त थाहा पाएनौं, या थाहा पाएर पनि पत्याएनौं, या पत्याएर पनि त्यसतर्फ लाग्ने प्रयत्न गरेनौं । कुरा पनौतीको मात्रै होइन । पनौतीजस्ता अद्भूत सङ्ग्रहालयहरू नेपालमा धेरै छन् । तर तिनलाई हामीले सपार्ने काम त गरेनौं-गरेनौं, बिगार्ने काम मात्रै नगरिदिए पनि भविष्यको पुस्ताबाट तिनको सदुपयोग हुने थियो कि भन्ने आशा राख्न सकिन्छ ।

नेपाली संस्कृति र स्थानपरिचयका सन्दर्भमा धेरै पुस्तकहरू लेखिए । योगी नरहरिनाथ, सत्यमोहन जोशी, कुलचन्द्र कोइराला, पूर्णप्रकाश नेपाल यात्री, धनवज्र बज्राचार्य, जगदीशचन्द्र रेग्मी, जनकलाल शर्मा, डोरबहादुर बिष्ट, तुलसीराम बैद्य, त्रिरत्न मानन्धर, जीतबहादुर मानन्धर, साफल्य अमात्य, प्रेमकुमार खत्री, गोविन्द टण्डन, बैरागी काइँला आदि राष्ट्रिय स्तरमा चर्चित एवं काभ्रे जिल्लाका सन्दर्भमा केदारनाथ प्रधान, ज्ञानकाजी मानन्धर आदिका सांस्कृतिक लेखहरू पनि पढ्न पाइयो । सरकारी स्तरबाट गरिनु पर्ने काम निजीस्तरबाट भइरहेको छ । यो अत्यन्त सहृहानीय पक्ष हो । तैपनि प्रश्न उठ्छ- के हाम्रो दायित्व यतिमा मात्रै सीमित होला त ? व्यक्तिगत , संस्थागत , सामुदायिक र सरकारी रूपबाट संस्कृति-संरक्षण र त्यसको उपयोगिताका लागि अरू कुनै दायित्व छैन त ? अब पनि हामीले हाम्रा कला र संस्कृतिलाई आफ्नो जीवनशैलीसँग गाँसेर नलगे कहिले र कसरी जीवनस्तर उठाउने ? मलाई लाग्छ अब प्राचीन सम्पदाहरूको संरक्षण र तिनको

For Library Purpose

सदुपयोग निजी या सामुदायिक प्रयासबाट मात्र सम्भव छैन्, न त सरकार एक्लैको प्रयासबाट मात्र त्यो सम्भव हुन्छ । अब त सरकार र संगठित समुदायको संयुक्त प्रयास र साझेदारीबाट मात्रै त्यस्ता कार्यहरू गर्नुपर्छ । सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय र कलाकौशलयुक्त कुनै पनि स्थानका परिचयपुस्तक लेखी प्रकाशन तथा प्रचारप्रसार गराउनु त्यसतर्फको पहिलो प्रयास हुन्छ । त्यस्ता प्रयासहरू कुनै जिल्ला विशेष, नगरविशेष र स्थानविशेषलाई आधार बनाएर हुन सक्छन् र हुन थालेका छन् । एउटै मन्दिरलाई आधार बनाएर पनि पुस्तकहरू छापिएका छन् । पनौतीकै प्रसङ्गमा पनि योगी नरहरिनाथ, आर.सी. भट्ट, डी. एम. श्रेष्ठ, केदारनाथ प्रधान, ज्ञानकाजी मानन्धर, विजयराम कर्माचार्य, मानसागर श्रेष्ठ आदिले कलम चलाएका छन् । सूर्यप्रसाद लाकोजू यही क्रममा आफ्नो छुट्टै प्रस्तुति र चिनारी लिएर प्रकाशनमा आउनु भएको छ ।

यस पुस्तकका सन्दर्भमा यसका लेखक सूर्यप्रसाद लाकोजूको प्रशंसा गर्नमा कन्जुस्याइँ नर्गुपर्ने म देख्तिन । यो पुस्तक पनौती क्षेत्रको सङ्क्षिप्त चिनारी गराउन सफल रहेको छ । पनौती नगरपालिकाजस्तो स्वायत्त स्थानीय निकायले विद्धतवृत्ति दिएर पनौतीकै विद्धानलाई लेख्न लगाउनु पर्ने र धेरै प्रति प्रकाशन गरेर नि:शुल्क वितरण गराउनु पर्ने अनि प्रमुख प्रसङ्गहरू वेभसाइटमा राखेर विश्वव्यापी रूपमा प्रचारप्रसार गर्नुपर्नेमा लेखकको एक्लो प्रयासबाट यतिसम्मको पुस्तक लेखी प्रकाशन गर्नु ज्यादै ठूलो कुरो हो । यो उहाँको माटो र विगतप्रतिको अनुपम निष्ठा हो, जन्मभूमिप्रतिको कर्तव्यबाट प्रेरित हार्दिक बन्दना हो ।

विश्वसम्पदासूचिमा परेर संरक्षणक्षेत्र स्वीकार गरिसकिएको पनौतीका विषयमा यस्ता पुस्तकहरू धेरै पहिलेदेखि नै धेरै -धेरै निस्किसकेका हुनुपर्थ्यो । जिल्लाका विषयमा र अन्य विषयमा पुस्तकहरू लेखिँदा पनौतीलाई छोइयो मात्रै, अन्वेषणात्मक रूपबाट लेखिएन । सरकारी स्तरबाट त यसतर्फ सोचिएन नै भने पनि हुन्छ । जेजति लेखिए, पनौतीप्रतिको संबेदना बढेकाले मात्रै लेखिए । सरकारले लेखाउने योजना नै बनाएन । "मेचीदेखि महाकाली " पुस्तकमा विभिन्न स्थानको सांस्कृतिक महत्त्वका विषयमा केही न केही लेख्ने क्रममा पनौतीका विषयमा पनि अलिअलि लेखियो, पूर्णरूपमा लेखिएन । पुरातत्व विभाग र गुठी संस्थानका मुखपत्रहरू "प्राचीन नेपाल" र "धर्म दर्शन" ले पनि पनौतीलाई महत्त्व दिएको देखिएन । ती पत्रिकाहरू ले स्थानीयतालाई अलिअलि भए पनि स्थान दिएका चाहिँ हुन । 'रोलम्ब' र 'खोपृङ' पत्रिकाहरू ले अनुसन्धानका क्षेत्रमा राम्रै ख्याति आर्जन गरे पनि तिनीहरूबाट पनि पनौती ओझेलमै पऱ्यो । बरू २०६३ सालमा प्रकाशित 'सेवा नेपाल' को 'जातजाति संस्कृति विशेषाङ्क ' ले पनौती क्षेत्रमा बस्ने पहरीजातिका विषयमा अन्वेषणात्मक सामाग्री प्रस्तुत गरेर भए पनि पनौतीलाई सम्झियो । यस्तो अवस्थामा यो पुस्तकको प्रकाशन हुनु कति स्वागतयोग्य, कति प्रशंसनीय र कति अनुकरणीय हो, हामी बुझ्न सक्छौं।

For Library Purpose

यो पुस्तकको भाषाशैली कस्तो छ, तथ्यहरू कहाँ बिग्रेका छन्, यसमा कस्ताकस्ता कुराहरू समावेश गरिनुपर्थ्यो या के-के कुराहरू समाविष्ट छैनन्, के-के कमजोरी र के-के सबल पक्षहरू देखिए, त्यतातिर म जान चाहन्न । किनभने त्यसरी खोतलखातल पार्ने बेला यो होइन । केही नभएको ठाउँमा केही भयो, त्यो नै महत्त्वपूर्ण कुरो हो । यस्तो भएन भनेर आलोचना गर्न हिम्मत गर्ने व्यक्तिले त्यो भन्दा राम्रो गरेर देखाइसकेको हुनुपर्छ । यसर्थ आलोचना गर्ने हिम्मत मसँग छैन । मलाई त के लाग्छ भने पनौतीको पुरानो स्वरूपलाई नक्साङ्कन गरेर सबैले देख्ने ठाउँमा पहिल्यै राखिदिएको भए पुरानो पनौतीका विषयमा अध्ययन गर्न कसैलाई कठिनाई पर्दैनथ्यो । स्नातक र स्नाकोत्तर उपाधिप्राप्त थुप्रै व्यक्तिहरू जन्माइसकेको पनौतीले आफ्नो परिचयपुस्तक हेर्न सूर्यप्रसाद लाकोजूलाई नै पर्खिनु पनि पर्दैनथ्यो । एकजना स्नातकले पनौती सम्बन्धि कुनै एउटा विषयमा एउटा लेख मात्रै लेखेर प्रकाशन गरिदिएको भए आज हजारौं लेखहरू जम्मा भइसक्ने थिए र वाङ्मयिक क्षेत्रमा पनौती निकै समृद्ध भइसकेको हुने थियो । अनि अनुसन्धानकार्य सजिलै अघि बढ्ने थियो । पनौतीको प्रचारप्रसार राष्ट्रिय र विश्वव्यापी रूपमै राम्ररी हुने थियो । तर त्यस्तो भएन । त्यसैले पनौतीको चिनारी गराउने पुस्तक बल्लतल्ल प्राप्त भएको यो सुखद अवसरमा पुस्तकको समालोचना गर्ने निहुँमा पुस्तक र लेखक दुवैलाई विचारको सिस्नुपानी लगाउनु ठीक हुन्छ जस्तो मलाई लाग्दैन ।

अब हाम्रो सोचलाई नकारात्मकतातिर लाग्न दिनुहुँदैन । हामीले आफ्नै अवमूल्यन गर्नुहुँदैन । हामीले आफ्नो वैभवशाली सम्पदालाई नष्ट हुन दिनुहुँदैन । हामीले हार्नु पनि हुँदैन । अब हामीले पनौतीलाई पुण्यवती र पन्नावती बनाउनुपर्छ, जसबाट पुण्यरूपी स्वर्ग र पन्नारूपी धन आर्जन गर्न सकियोस् । यो पुस्तक त्यही दिशातर्फ सबैलाई केन्द्रित गराउने सबल माध्यम हुन सकोस्, हृदयत: मेरो हार्दिक कामना छ ।

For Library Purpose

-हरि मञ्जुश्री

अक्षरधाम, बनेपा

होलीपूर्णिमा, ८ चैत्र २०६४

पनौती भित्रको पनौती

अनुसन्धानात्मक कार्य आफैंमा गाह्रो काम हो । सानो तत्परता, सङ्कल्प अथवा सक्रियताले यस्तो कार्य सम्भव पनि हुँदैन । तर यो चुनौतीपूर्ण कार्यलाई पनौतीका उत्साही युवा साहित्यकार एवं पत्रकार सूर्यप्रसाद लाकोजूले आत्मसात गर्दै पनौतीका बारेमा परिचयात्मक पुस्तक तयार पारेका छन् । 'पनौती' नाम दिइएको उक्त पुस्तकमा पनौती धार्मिकता, ऐतिहासिकता र सांस्कृतिक एवं धार्मिक महत्त्वका विषयहरू समेटेर लाकोजूले एउटा दायित्वलाई समेत पूरा गरेका छन् । लाकोजूको यो पुस्तक चौथो कृतिका रूपमा आएको छ । उनले यसभन्दा अगाडि मुक्तक, कविता र विविध विषयमा तीनवटा पुस्तक दिइसकेका छन् । तर उनको यो पुस्तक भने अघिल्ला कृतिभन्दा बेग्लै विशेषता र महत्त्वलाई बारेकर आएको छ । यो पुस्तकमा लाकोजूको लेखन, सिर्जनात्मकभन्दा बढि अनुसन्धानमुखी देखिएको छ ।

यस पुस्तकका लेखकले पनौतीको सबै पक्षको सामान्य चर्चा गरेका छन् । पुस्तकमा पनौतीको भौगोलिक स्थिति, प्राकृतिक अवस्था, सामाजिक, सांस्कृतिक र धार्मिक जनजीवन, ऐतिहासिक पक्ष, पनौतीमा अवस्थित मन्दिर र यहाँको शैक्षिक एवं साहित्यिक अवस्थाको बारेमा उल्लेख गरिएको छ । त्यसैले पनि पुस्तक अनुसन्धानात्मक ग्रन्थभन्दा पनि बढी स्थान परिचय जस्तो देखिएको छ, लेखकले पुस्तकको विधा उल्लेख गर्दा यही कुरालाई सकारेको देखिन्छ । तर यो पुस्तक स्थान परिचय मात्रैभन्दा लेखकलाई अन्याय ठहर्दछ । किनभने पुस्तकमा लेखकले पनौतीमा प्रचलित जात्रा, सांस्कृतिक एवं धार्मिक पर्वहरू र तिनको पौराणिक एवं ऐतिहासिक पक्षलाई सकेसम्म गहिराईमा गएर पर्गेल्ने प्रयत्न गरेका छन् । वास्तबमा पनौती सांस्कृतिक महत्त्वको नगरी हो । यहाँका जात्रा वा पर्व अनि धार्मिक विश्वासहरूसँग जोडिएका मिथकहरू निकै रोचक र यस नगरको ऐतिहासिकतालाई सिद्ध गर्ने किसिमका पनि छन् । नमोबुद्ध, ब्रह्मायणी, इन्द्र, मकरमेला आदिसँग जोडिएका मिथकहरू चर्चित पनि छन् । जसलाई यस पुस्तकमा लेखकले प्रशस्तै ठाउँ दिएका छन् । त्यस्तै गरेर महाभारतसँग जोडिएका प्रसङ्गहरू किँरातकालिन, लिच्छविकालिन एवं मल्लकालिन इतिहासका केही पाटाहरूलाई पुस्तकमा उल्लेख गरिएको छ । 'पनौती' को ऐतिहासिकतालाई पुष्टि गर्न 'पनौती' नामकरणका आधारहरू पनि लेखकले खोजिरहेका छन् ।

For Library Purpose

विजय सापकोटा
खबर चौतारी
वर्ष ५, अंक ४०, २०६५ श्रावण ५

यस कृतिमा लेखकले आफ्नो अध्ययन र अनुसन्धानको पाटोलाई सार्थक रूपमा उपयोग गरेका छन् । पनौतीको समग्र परिचय यसमा पढ्न पाइन्छ ।

ज्ञानेन्द्र विवश
गरिमा साहित्यक मासिक असार २०६६

युवा साहित्यकार एवं शिक्षाप्रेमी मित्र सूर्यप्रसाद लाकोजू पनौती क्षेत्रका एक उत्साही र सिर्जनशिल ब्यक्तित्व हुनुहुन्छ । विश्वसम्पदा सुचीमा सुचिकृत 'पनौती' आफैंमा पवित्र सहर हो । यहाँको धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक र शैक्षिक महत्त्व अद्यापि कायम छ । यहाँ रहेका सम्पदाहरूले राष्ट्रिय र अन्तराष्ट्रिय महत्त्व पाएको छ । पनौती नगर स्वयं धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक र शैक्षिक धरोहरको सहर हो । यहाँ धेरै देवदेवीहरूका मन्दिरहरू पुरातात्विक महत्त्वका दरबार, पाटी पौवाहरू, ढुङ्गेधाराहरू, सत्तल कलात्मक ढाँचाका मूर्तिहरू, वास्तुकलाका अनुपम नमूनाहरू यहाँ उपलब्ध छन् । यहाँ मनाइने मेलापर्व, जात्रा, उत्सब, नाचगान बाजाहरूका बारेमा गहिरो अध्ययन गरी पनौती र पनौतीबारे जिज्ञासुहरूका लागि यहाँको वस्तुस्थितबारे जानकारी दिने उद्देश्यले परिश्रमपूर्वक अनुसन्धान गरी आफ्नो जन्मभूमि एवं कर्मभूमि पनौतीको विविध गतिविधीहरू संलग्न गरी पनौती नामक परिचयात्मक पुस्तक प्रकाशित गर्नुभएको छ ।

- रामहरि शर्मा दाहाल
हाम्रो इन्द्रावती साप्ताहिक
१६ मंसिर २०६५

सूर्य चम्कन्छ र हामीलाई न्यानो उज्यालोले स्वागत गर्दछ । त्यो न्यानो उज्यालोको अङ्गालोभित्र इन्द्रेणीको भङ्गालो लुकेको हुन्छ । इन्द्रेणीका ती सात रङ्गहरू एक आपसमा मिलेर सेतो घाम बन्न पुग्दछ । पनौतीका सूर्यले पनि आफूले पाएका ज्ञानहरूलाई विभिन्न माध्यमबाट समाजमा परावर्तन गरिरहेको छ । पत्रकार, लेखक, संगठक, स्तम्भकार, प्रिन्सिपल, प्रकाशक र साहित्य समाजका अध्यक्ष गरी सूर्यका सातरंगहरू समाजमा छरपष्ट छन् । यहाँ चर्चा गर्न खोजिएको सूर्यप्रसाद लाकोजूद्वारा लिखित 'पनौती'को हो ।

पुस्तक मूलत: पनौती नगरपालिका भित्रका विषयवस्तुहरूमाथि केन्द्रित छ । पुस्तक तयार गर्न लेखकले निकै मिहेनत र समय खर्चेका छन् । पनौती नाम रहनाको इतिहासदेखि नमोबुद्धको पौराणिक कथा समेत हाल्न भ्याएका छन् लेखकले । पनौतीका प्रसिद्ध मन्दिरहरूलाई रेखाचित्रमा देखाउन पुस्तक सफल रहेको छ ।

– रामसुन्दर देउजा
सु-सन्देश साप्ताहिक
वर्ष ६, अंक १३, २०६५ मंसिर १२

नेपालमा उत्तरप्रयाग तथा शचीतीर्थका रूपमा परिचित प्राचीन नगर पनौती र नगरक्षेत्रले चर्चेको भूगोललाई आधारबिन्दु बनाई पुस्तक पनौतीले यसको ऐतिहासिक एवं सांस्कृतिक महत्त्वलाई उर्जा थप्ने काम त गरेकै छ, त्यसमा पनि एक पुस्तकभित्र अनेक विषयवस्तु अटाउनुले लेखकको लेखकीय क्षमता प्रष्ट हुन्छ । त्यसैले पनौतीलाई माया गरी नजिकैबाट चियाउन चाहने पाठक, अनुसन्धानकर्ता, शिक्षक लगायतका लागि एक गहनतम् सन्दर्भ सामाग्री हुने देखिन्छ । पनौतीका बारेमा लेखिएका यस अघिका कृतिहरूलाई यस रचनाले निश्चित रूपमा उछिनेको छ भन्नमा पक्कै कन्जुस्याँई गर्नु नपर्ला । यस पुस्तकले पनौतीप्रतिको जिज्ञासाको प्यासलाई सहजै मेटाउन सक्छ ।

महेशप्रसाद कोइराला
सञ्जिवनी पत्र
वर्ष ५, अंक ७५, २०६५ कार्तिक ६

For Library Purpose

लाकोजूको कर्मबाट म प्रभावित छु

दुनियाँमा मुखले बोल्ने कति हुन्छन् कति तर गरेर देखाउने धेरै कम हुन्छन् । कर्मशीलताका हिसावले मानिस प्राय: तीन किसिमका हुन्छन् । पहिलो मुखले आकाशपाताल जोडेर बोल्ने सुन्दा त संसारै हाँक्ला जस्तो देखिने तर कामले केही पनि नगर्ने खालका हुन्छन् । दोस्रो चाहि जे गर्न आँटेको हो त्यो पहिले मुखले बुइँबुइँ गर्ने अनि बोलेको जति नगरे पनि गर्न चाहिँ अवश्य गर्ने खालका हुन्छन् । तेस्रो मुखले नबोल्ने तर देश र समाजका लागि उल्लेखनीय योगदान पुऱ्याउने हुन्छन् । ती तीनमध्ये सूर्यप्रसाद लाकोजू तेस्रो कोटिमा पर्दछन् । उनी पनि आफूले गर्न आँटेको सामाजिक कामको ढवाङ् कहिल्यै फुक्दैनन् । उनी मुखले बोल्दैनन् तर जे गर्ने हो गरेरै देखाउँछन् । यस्ता व्यक्ति “बहुजन हिताय, बहुजन सुखाय” को भावनाले अगाडि बढेका

हुन्छन् । यदि त्यसो नहुदो हो त लाकोजूले पनौती जस्तो चुनौतीपूर्ण खोजकार्यमा हातै हाल्दैनथे । यस कामले उनी पनौतीका मानिसको मात्र नभई उनले गरेको यस काम बारे पढ्ने, देख्ने, सुन्ने सबैका लागि प्रेरणाका स्रोत हुन भन्दा अतिशयोक्ति पक्कै नहोला । लाकोजूले आफ्नो माटो, धर्म, संस्कृति र जातिको गरिमा उच्च बनाउन बोकेको यस कठिन भारप्रति अत्यन्त प्रभावित छु ।

सूर्यप्रसाद लाकोजूले 'पनौती' शीर्षक खोजमूलक पुस्तकमा पनौतीको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक झलकहरू देखाउन् खोजेका छन् । यहाँका कलात्मक प्राचीन वास्तुकला, धातु र ढुङ्गाका प्राचीन मूर्तिकला, पुरातात्विक महत्त्व समेटेका विभिन्न ऐतिहासिक वस्तुहरू यहाँको प्राकृतिक स्वरूप, बाह्रै महिना कुनै न कुनै खेती लागिरहने फाँट तथा तरेली परेका गराहरू , दायाँबायाँ अविरल रूपमा बग्ने मनोरम नदीहरू , आकर्षक हरिया डाँडापाखाहरू , आ-आफ्नो कर्तव्यपथमा निरन्तर जुटिरहने मानवीय पौरखी हातहरू , परिवर्तनका लागि निरन्तर अगाडि बढिरहने गतिसँगै हिँडाउने बाटाघाटाहरू आदि सबै पनौतीको खुल्ला परिचय हो । त्यसैगरी यहाँका धार्मिक तथा सांस्कृतिक महत्त्व, कला, मानवीय विचार, भावना, स्रोत आदिले यहाँको आन्तरिक परिचय पनि दिइरहेकै हुन्छ । यसबाट लाकोजूकै भनाइमा पनि "इतिहासमा प्राचीनता, कलामा सम्पन्नता, धर्ममा सहिष्णुता, संस्कृतिमा विविधता र प्राकृतिक सौन्दर्यमा प्रचुरता पनौतीको विशेषता हो ।" काठमाडौं उपत्यकाबाट ३२ कि.मी. पूर्व-दक्षिणमा रहेको पनौती काभ्रे जिल्लाको एउटा धार्मिक, ऐतिहासिक एवम् संस्कृतिको सङ्गमस्थल हो । यहाँको प्राकृतिक सम्पदा र सांस्कृतिक सम्पदा दुवै अद्वितीय छन् ।

भीमप्रसाद काफ्ले
काठमाण्डौ

For Library Purpose

मेरो भन्नु

पनौती पवित्र तीर्थस्थल हो । यो नगर परम्परागत संस्कृति र प्रकृतिले सजिएको छ । धार्मिक र सांस्कृतिक मात्र होइन एतिहासिक दृष्टिले समेत यसको महत्त्व ठूलो रहेको देखिन्छ । पनौतीको महत्त्वलाई शब्दमा मात्र वर्णन गर्न कठिन छ । यो पुस्तक आफ्नो जन्मभूमिको परिचय सबैले पाओस् भन्ने सदिच्छाका साथ तयार पारिएको हो । किराँतकालमै विकसित भएको मानिएको महत्त्वपूर्ण नगर पनौती शचीतीर्थ, उत्तरप्रयाग जस्ता धार्मिक उपनाम पाएको पनौती आफैमा सांस्कृतिक सुन्दरताले सजिएको छ । दुनियाँमा संस्कृति पनि झाङ्गिएको र प्रकृतिको पनि अनुपम स्नेह पाएका थोरै स्थानहरू हुन्छन । यसअर्थमा पनौती ज्यादै भाग्यमानी छ किन भने पनौती संस्कृति र प्रकृतिको सङ्गमस्थल हो । यहाँ रहेका वास्तुकला, काष्ठकला अद्धितिय मानिन्छन् । पनौती नगरको संस्कृति, प्रकृति, धार्मिक महत्त्व, ऐतिहासिकता आदिको उपयोग गरेर भाविपुस्तालाई पुर्खाले आर्जेको सम्पदामा गर्व गर्न सक्ने वातावरण निर्माण गर्नुपर्दछ । यो पुस्तक प्रकाशन यही उद्देश्यको सेरोफोरोमा घुमेको छ ।

विविध क्षेत्रमा आ-आफ्नै विशेषता रहेको पनौती महत्त्वपूर्ण स्थान भए तापनि यसको वारेमा पूर्णजानकारी अहिलेसम्म पनि प्राप्त भैसकेको छैन । यो पुस्तक पनि पूर्ण होइन, यो प्रारम्भ मात्र हो । पनौती नगरपालिकाको विषयमा आफूले जानेका, बुझेका कुरा लेखेर मैले पुस्तकको आकार दिने प्रयास गरेको हुँ । भविष्यमा योभन्दा जानकारीमूलक, परिष्कृत पनौती सम्बन्धि पुस्तकहरू प्रकाशन हुने छन् भन्ने कुरामा म विश्वस्त छु । थोरै मात्र भए पनि यस पुस्तकले पनौतीको इतिहास, धार्मिक महत्त्व ,संस्कृति, कलाकौशल, जात्रा तथा पर्वहरू, सम्पदाहरूको वारेमा जानकारी दिने छ । यो पुस्तक पनौतीका वारेमा जान्न खोज्नेहरूका लागि उपयोगी हुनसक्दछ । भावीपुस्ता जो आफ्नो जन्मथलोको वारेमा जान्न र बुझ्न खोज्दछन तिनीहरूका लागि पनि उपयोगी सिद्ध हुन सक्ने विश्वास मैले लिएको छु ।

प्रस्तुत पनौती पुस्तकको मूल्याङ्कन लेखक स्वयमले गर्ने होइन । यसको मूल्याङ्कन पाठकवर्गले गर्ने हो, तर पनि यो पुस्तकले पनौतीको वारेमा केही ज्ञान अवश्य दिने छ । मध्यकालीन ऐतिहासिक सेरोफेरोको पृष्ठभूमिमा घुमेको भनिएको पनौतीको एतिहासिक पृष्ठभूमिलाई अन्त्य गर्दै किराँतकालिन एतिहासिक पृष्ठभूमि रहेको पनौतीको महत्त्वलाई झल्काउने प्रयास यो पुस्तकवाट भएको छ ।

For Library Purpose

पनौती पुस्तक तयार पार्दा मैले धेरैवाट थुप्रै सहयोग पाएको छु । यो पुस्तक जुन आकारमा तयार भएको छ त्यसमा ठूलो सहयोग मैले काभ्रेका संस्कृतिविद तथा साहित्यकार ज्ञानकाजी मानन्धरवाट पाएको छु । वहाँले पुस्तक तयार पार्नका लागि आवश्यक सन्दर्भ पुस्तकहरू समेत उपलब्ध गराई पुस्तक तयार पार्न ठूलो सहयोग गर्नुभएको छ । कभर डिजाइन गर्नुहुने मेरा मित्र पूर्णराम तुलाधर पनि धन्यवादका पात्र हुनुहुन्छ । यस पुस्तकको प्राय: तस्विरहरू आफैले खिचेको छु भने एउटा तस्विर सुरेश सैजूबाट प्राप्त भएको छ । त्यस्तै केही तस्विरहरू पूर्णराम तुलाधर र निवास श्रेष्ठबाट उपलब्ध भएका छन् । वहाँहरूको अमूल्य सहयोगका लागि हार्दिक धन्यवाद छ । कलाकार मञ्जु स्याउलाबाट प्राप्त भएको चित्रकला (स्केच) का लागि वहाँलाई शब्दबाट मात्र धन्यवाद दिन सकिँदैन । बहिनी मञ्जु स्याउलावाट सौजन्यमा प्राप्त भएको चित्रकलावाट पनौती पुस्तकको शोभा बढेको छ ।

सबैभन्दा महत्त्वपूर्ण काम पुस्तक प्रकाशनको जिम्मा लिने काम हो । यो काम मेरी धर्मपत्नी सविताकुमारी श्रेष्ठले लिएकी छिन् । यसका लागि उनीप्रति पनि आभार व्यक्त गर्दछु । अन्तमा पनौती पुस्तकको तेस्रो संस्करण प्रकाशन गर्न पाउँदा प्रसन्न व्यक्त गर्दै यस पुस्तकका लागि सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति म आभारी छु र हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद !

लेखक

सूर्यप्रसाद लाकोजू

पनौती-७,काभ्रे

For Library Purpose

विषय सूची

क्र.स.	शीर्षक	पृष्ठ सङ्ख्या
१.	प्रारम्भ	१९
२.	भौगोलिक स्थिति	२१
३.	हावापानी	२२
४.	प्राकृतिक श्रोत	२२
५.	जनजीवन	२३
६.	संस्कृति	२६
७.	कला कौशल	२७
८.	रीतिरिवाज	२८
९.	धर्म	३०
१०.	पनौतीका विभिन्न नाम र शब्दको उत्पत्ति	३१
११.	पनौतीको ऐतिहासिक पृष्ठभूमि	३४
१२.	धार्मिक महत्त्व	४१
१३.	चाडपर्ब र पूजा	४५
१४.	केही प्रसिद्ध चाडपर्वहरू	४९
	-पनौतीको बाह्वर्षे मकरमेला	४९
	-देवीनाच	५८
	-योमरि पूर्णे	५९
१५.	जात्रा	६३
१६.	केही प्रसिद्ध जात्राहरू	६५
	-नमोबुद्ध जात्रा	६५
	-पनौती जात्रा	७०
	-चौकोट जात्रा	७६
१७.	हाल प्रचलनमा नरहेका जात्रा/पर्वहरू	७७
१८.	पनौतीका प्रचलित बाजाहरू	७८
१९.	नौवाजा	७८
२०.	सांस्कृतिक सम्पदा	८०
२१.	पनौतीमा अबस्थित केही प्रसिद्ध मन्दिरहरू	८७
	- इन्द्रेश्वर महादेव	८७
	-उन्मत्त भैरव	९२
	-वंशगोपाल	९४

For Library Purpose

-ब्रह्मायणी मन्दिर	९६
-जलेश्र महादेव	९८
-तोलानारायण मन्दिर	९९
-बद्रनिारायण मन्दिर	१००
- भद्रकाली मन्दिर	१०१
-धनेश्वर महादेव	१०२
-पशुपतिको मन्दिर	१०४
-राम मन्दिर	१०५
-केदारनाथ मन्दिर	१०५
-मुक्तेश्वर महादेवको मन्दिर	१०६
-मानेश्वरीको मन्दिर	१०६
-गोरखनाथको मन्दिर	१०६
-माधवनारायणको मन्दिर	१०८
-सङ्कष्ट नारायणको मन्दिर	१०८
-शितला माई	१०८
-वत्सला माई	१०८
-मत्स्यनारायणको मन्दिर	१०९
-वासुकी नागराज	१०९
-पंचमुखी महादेव	१०९
-भगवतीको मन्दिर	११०
-काठँगणेश	११०
-धर्मधातु महाँविहार	११०
२२. अन्य केही सांस्कृतिक सम्पदाहरू	१११
-पनौतीका सात डवलीहरू	१११
-पनौतीका सात टोलहरू	११३
-त्रिवेणी सत्तल	११३
-पनौती सङ्ग्रहालय	११४
२३.त्रिवेणीघाट	११६
२४. त्रिवेणीका तीन नदीहरू	१२१
२५..पनौती र पत्रपत्रिकाहरू	१२३
२६.पनौतीको शैक्षिक अवस्था	१२५
२७.साहित्य	१३१

For Library Purpose

१.प्रारम्भ

पनौती काठमाडौँ उपत्यका नजिक रहेको प्राकृतिक सौन्दर्यले सजिएको प्राचीन नगर हो । उपत्यकाबाट ३२ कि.मि. टाढा दक्षिण-पूर्वमा रहेको यस नगरको विशेष महत्त्व रहेको छ । धार्मिक, ऐतिहासिक एवं सांस्कृतिक रूपमा यो नगर धनी छ । प्राकृतिक सम्पदामा समेत यो नगर सम्पन्न देखिन्छ । प्रकृतिको अनुपम स्नेह पाएको यो नगर कुनै महान् कालिगढले निर्माण गरेको वास्तुकलाको उत्कृष्ट नमुनाजस्तो लाग्छ । यहाँ अनेक जातजातिरूपी फूलहरू



फुलेका छन् । यहाँको सांस्कृतिक परिवेशमा लाखौं पर्यटकहरू भुलेका छन् । कलापूर्ण मूर्तिहरू र मन्दिरहरूले सजिएको यो नगर कलात्मक छ । काभ्रे जिल्लामा रहेका तीन नगरहरू (बनेपा, धुलिखेल, पनौती) मध्ये विकासका दृष्टिले यो नगर कान्छो देखिए तापनि प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिक स्वरूपका आधारमा यो नगर निकै सम्पन्न र परिपक्व देखिन्छ । शचीतीर्थ, उत्तरप्रयाग आदि उपनाम पाएको यो नगर धार्मिक आस्थाको केन्द्रविन्दु हो । यो नगर प्रकृति र संस्कृतिको बेजोड मेलबाट बनेको छ ।

प्राचीन समयमा अश्मनगर, पलाँती, अश्मपुर, पाञ्चाल, पुण्यमतीजस्ता नाम पाएको पनौती नगरवरपरका अन्य पाँचवटा गा.वि.स.हरू समेटिएर हाल नगरपालिका बनेको छ । अनेकौं रोमाञ्चक एवं उपदेशप्रद किंवदन्तीहरू बोकेको यो पनौती इतिहासपुरुषदेखि देवताहरूसम्मको प्यारो तीर्थस्थल हो, तपोभूमि हो । प्राचीन समयमा इन्द्र, महादेव, विष्णु, अहल्या, शची, पार्वती, गोरखनाथ, पाण्डव आदि देवीदेवता र महापुरूषहरू पनौतीलाई तपोभूमि मानेर यहाँ आउने गर्दथे भन्ने जनश्रुति रहेको छ । त्यस्तै, जगद्गुरु शङ्कराचार्य,

For Library Purpose

बन्धुदत्त, राजा मानदेव, हरिसिंहदेव, नरेन्द्रदेव, पृथ्वीनारायण शाह, बेलायती युवराज्ञी डायनाजस्ता व्यक्तित्वहरू पनौती आउँदा पनौतीको प्रशंसा मुक्तकण्ठले गरेको इतिहास छ ।

मध्यकालीन नेपालको राजनीतिमा महत्त्वपूर्ण भूमिका खेलेको रामवर्द्धन परिवारको मूल घरका रूपमा रहेको पनौतीको निर्माण गर्दा तान्त्रिक विधिद्वारा नगरको रक्षार्थ नगरका चार दिशा र चार कोणमा अष्टमातृकाका पीठहरू (काठंकुमारी, महालक्ष्मी, इन्द्रायणी, मानेश्वरी, भद्रकाली, ब्रह्मायणी, महेश्वरी र सङ्टा) स्थापना गरेको पाइन्छ । अष्टमातृकाहरूका बीचमा अर्थात् 'देश' (पनौती नगर) को मध्य भागमा त्रिपुरासुन्दरी (भद्रकाली) को स्थापना गरिएको छ । त्यस्तै, गोरखनाथडाँडाको तल नगरको पूर्वतिर पुण्यमाता खोलापारि ब्रह्मायणीको पीठ अवस्थित छ । इन्द्रेश्वरहाताभित्र इन्द्रेश्वर महादेवलगायत विश्वेश्वरको पीठ रहेको छ । पनौती नगरमा मध्यकालीन समयमा प्रचलनमा रहेका सबै धर्मका मूर्ति तथा मन्दिरहरू रहेका छन् । त्यसैले पनि यस नगरको धार्मिक महत्त्व निकै ठूलो रहेको छ । ऐतिहासिक दृष्टिले पनि यो नगर लिच्छविकालमै विकसित भइसकेको पुष्टि अंशुवर्मा तथा शिवदेवका समयको अभिलेख पनौतीको खोपासीमा भेटिएबाट हुन्छ ।



For Library Purpose

एउटै शिला (ढुङ्गा) मा अवस्थित पनौती (पाञ्चाल देश)मा ढिकी चलाउन र पानीघट्ट राख्न नहुने जनविश्वास रहेको छ । त्यस्तै, पनौतीलाई कहिल्यै भूकम्प नजाने (भूकम्पले असर नगर्ने) सहर पनि भन्ने गरिन्छ ।

सङ्क्षेपमा भन्नुपर्दा इतिहासमा प्राचीनता, कलामा सम्पन्नता, धर्ममा सहिष्णुता, संस्कृतिमा विविधता र प्राकृतिक सौन्दर्यमा प्रचुरता पनौतीको विशेषता हो ।

२) भौगोलिक स्थिति

पनौती नगरपालिका महाभारत पर्वतको काखमा अवस्थित रमणीय स्थल हो । यसको क्षेत्रफल ३३.८७ वर्ग कि.मि.छ । यो नगर पृथ्वीको ८५.३२ डिग्री पूर्वी देशान्तर र ८७.३७ डिग्री उत्तरी अक्षांशभित्र रहेको छ । यो समुद्री सतहबाट १४०२ मिटरको उचाइमा रहेको छ । २०५३ सालभन्दा अगाडि गा.वि.स.का रूपमा रहेको शङ्ख आकारको रोसी र पुण्यमाता खोलाको बीचमा रहेको यो पनौती नगर २०५३ साल माघ ११ गते तत्कालीन श्री ५ को सरकारको घोषणाले नगरपालिकामा परिणत भएको थियो । आसपासका ६ वटा गा.वि.स.हरू पनौती, खोपासी, मल्पी, सुन्थान, सुब्बागाउँ र टौखाल मिलेर बनेको यो नगरपालिका पनौतीकै नामबाट नामकरण भई 'पनौती नगरपालिका' बनेको छ । पनौती न.पा.को पूर्वमा शारदा बतासे, शङ्खुपाटीचौर गा.वि.स.र धुलिखेल न.पा.रहेका छन् भने पश्चिममा कुशादेवी गा.वि.स., महेन्द्रज्योति गा.वि.स.र कलाँती भूमिडाँडा गा.वि.स.रहेका छन् । त्यस्तै, उत्तरको सिमानामा बनेपा न.पा.र उग्रतारा जनागाल गा.वि.स.छन् । दक्षिणतिर बल्थली र चलाल गणेशस्थान गा.वि.स.अवस्थित छन् । यस नगरभित्र ५८८७ फिट उचाइमा रहेको देवीस्थानडाँडा र पश्चिमतर्फ रहेको ५००० फिट अग्लो चामखर्कडाँडालगायतका अन्य साना-ठूला हरिया मनमोहक डाँडाहरूले पर्यटन-व्यवसायको सम्भावना बोकेका छन् । भौगोलिक दृष्टिकोणले यो नगरले विस्तृत रूप लिएको छ । यति भए तापनि धार्मिक एवं सांस्कृतिक रूपले पनौती नगर (पाञ्चाल देश) केन्द्रविन्दु बनेको छ । हाल यसलाई 'स्मारकक्षेत्र' नाम दिइएको छ ।



नक्शा सहयोग : शहरी तथा वातावरणीय सुधार परियोजना, पनौती न.पा.

For Library Purpose

३) हावापानी

बङ्गालको खाडीबाट बग्ने पूर्वी मनसुनको बाटो पर्ने भएकाले यहाँ मनसुनी प्रकारको हावापानी पाइने गर्दछ । पनौती नगरपालिकाभित्रको हावापानी मौसमी प्रकारको छ । यहाँ धेरै जाडो पनि नहुने र धेरै गर्मी पनि नहुने गर्दछ । वर्षैभरि यहाँको हावापानी शीतल र स्वस्थकर रहन्छ । सङ्क्षेपमा भन्नुपर्दा यहाँको हावापानी समशीतोष्ण प्रकारको छ । यहाँ आषाढ-श्रावणतिर निकै वर्षा हुन्छ । यहाँ वार्षिक औषत वर्षा १२०० मि.मि.सम्म हुन्छ । ज्यादै गर्मी बढ्ने महिना वैशाख-जेठ मानिन्छ । ती महिनाहरूमा यहाँको तापक्रम ३२° सेल्सियससम्म पुग्ने गर्दछ । त्यस्तै, जाडो महिनामा ०° सेल्सियसभन्दा तल झरेको हुन्छ । अन्य महिनाहरूमा सामान्यतया स्वस्थकर हावापानी रहेको पाइन्छ ।

४) प्राकृतिक स्रोत

पनौती प्रकृतिको अपार स्नेह पाएको प्राकृतिक नगरी पनि हो । प्रकृतिको सुन्दरताले सजिएको यस नगरको प्राकृतिक स्रोतहरूमा माटो, पानी, वनजङ्गल, ढुङ्गाखानी आदि पर्दछन् । नगरपालिका भित्र कृषि योग्य जमीन १४० हेक्टर रहेको छ । समथर ठाउँमा मलिलो माटो पाइन्छ भने यहाँ उब्जनी पनि धेरै हुने गर्दछ । पाखो वारीहरूमा जमिन भिरालो हुन्छ । भिरालो जमिनमा मकै, कोदो फापर आदिको खेती हुन्छ । पनौतीको अर्को प्राकृतिक स्रोत भनेको पानी हो । पनौतीको प्राचीन स्मारक क्षेत्र दुई नदीहरू रोसी र पुण्यमाता खोलाको वीचमा अवस्थित छ । यस क्षेत्रका लागि धार्मिक दृष्टिकोणबाट मात्र नभई प्राकृतिक दृष्टिकोणबाट समेत महत्त्वपूर्ण मानिएको छ । उत्तर तर्फबाट वहने पुण्यमाता खोला र दक्षिण तर्फ रहेको रोसी खोलाले पनौतीको फाँटलाई सिंचाइको सुविधा उपलब्ध गराएको छ । यस्को अलावा रोशीखोलाको पानीबाट पनौती जलविद्युत आयोजना संचालित छ । तत्कालिन सोभियत संघको सहयोगमा रोशीखोलाको पानी विद्युतिय शक्तिमा रुपान्तरित भैरहेको छ । वि.सं.२०२१ सालदेखि प्रारम्भ भएको यो जलविद्युत आयोजनाको क्षमता २४०० किलोवाट रहेको छ । पानीको मुख्य स्रोत नदिनालाहरू नै हुन । पनौतीका अन्य नदिनालाहरूमा सैरेन्द्री नदि, बाँसडोल खोला आदि पर्दछन् । पानीका अन्य स्रोतहरूमा कुवा, इनार आदि पर्दछन् । पनौती वरपर पहाडले घेरिएको स्थान भएकोले यहाँ थुप्रै स्थानहरूमा पानीको मुहान हुन सक्ने अनुमान गरिएको छ । पनौतीको अर्को महत्त्वपूर्ण प्राकृतिक स्रोत ढुङ्गा हो । यहाँका नदिहरूमा कडा खालका ढुङ्गाहरू पाइन्छन । त्यस्तै नगरपालिका भित्र थुप्रै स्थानहरूमा ढुङ्गाखानीहरू रहेका छन् । यहाँ पाइने ढुङ्गाहरू घर बनाउने , रोडा कुट्ने आदि कार्यमा प्रयोग भैरहेका छन् ।

For Library Purpose

वनजङ्गल पनौतीको हर्को महत्त्वपूर्ण प्राकृतिक सम्पदा हो । पनौती नगरपालिकामा १०५ हेक्टर जमिन वनजङ्गलले ओगटेको छ । हाल वनजङ्गलको सुरक्षाका लागि जनस्तरबाट विभिन्न नाममा उपभोक्ता समितिहरू बनाइएका छन् ।

५) जनजीवन

क) जनसङ्ख्या

भौगोलिक दृष्टिकोणले पनौती नगरपालिका ठूलो भएकाले क्षेत्रफलका हिसाबले पनि यस न.पा.को जनसङ्ख्या अन्य न.पा.को तुलनामा बढी हुनु स्वाभाविक नै हो । राष्ट्रिय जनगणना २०६८ अनुसार पनौती न.पा.को कूल जनसङ्ख्या २७३५८ छ । त्यसमध्ये पुरुष १३०९१ र महिला १४२६७ छन् । यसरी यस न.पा.मा पुरूषको भन्दा महिलाको जनसङ्ख्या बढी देखिन्छ । यहाँको जनसङ्ख्या वृद्धिदर २.०७% रहेको छ । नगरपालिकाको कूल घरसङ्ख्या ५,९४३ रहेको छ । यहाँ समथर बजारक्षेत्रमा बस्ती बाक्लो छ भने ग्रामीण क्षेत्रमा बस्ती पातलो छ ।

For Library Purpose

वडा नं.	महिला	पुरुष	जम्मा
१	१,०४८	९७९	२,०२७
२	१,३५०	१३०७	२,६५७
३	१,३२७	१,३६८	२,६९५
४	१,२७८	१,१७४	२,४५२
५	१,२६४	१,२१९	२,४८३
६	६९३	६७९	१,३७२
७	५४०	४९३	१,०३३
८	१,०१७	९३०	१,९४७
९	७८७	६०२	१,३८९
१०	१,६०५	१,२८८	२,८९३
११	१,२५९	१,२०७	२,४६६
१२	१,२९८	१,१३४	२,४३२
१३	८०१	७११	१,५१२
कूल	१४,२६७	१३,०९१	२७,३५८

Source: National Population census 2011

ख) बसोबास

बसोबासका दृष्टिले समथर उपत्यकाजस्तै देखिने बजारक्षेत्रमा बाक्लो बस्ती रहेको छ । त्यहाँ घरहरू एक-आपसमा जोडिएका छन् । घरहरू प्राय: आधुनिक किसिमले बनेका छन् । स्मारकक्षेत्रमा भने पुरानै शैलीका घरहरू छन् र निर्माण गर्दा पनि पुरानै शैलीमा निर्माण गर्नुपर्ने नियम रहेको छ । बजारक्षेत्रमा नेवारहरूको बाहुल्य देखिन्छ भने ग्रामीण क्षेत्रमा अन्य जातिहरूको बसोबास रहेको छ ।

पनौती न.पा.ग्रामीण नगरपालिका हो । यसले धेरै ग्रामीण क्षेत्र ओगटेको छ । ग्रामीण क्षेत्रमा बस्ती पातलो छ । केही स्थानमा आधुनिक घरहरू निर्माण भए तापनि प्राय: घरहरू सामान्य गाउँघरकै जस्ता देखिन्छन् । ग्रामीण क्षेत्रका घरहरू झिँगटी, टायल, जस्ता वा परालले छाएका हुन्छन् । गाउँघरका घरहरू रातो माटो, कमेरो आदिले रङ्गाउने चलन छ । न.पा.को कूल जनसङ्ख्याको बहुसङ्ख्यक जनता ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् ।

विभिन्न जाति र जनजातिका मानिसहरू यस न.पा.मा बसोबास गर्दै आएका छन् । यस नगरमा क्षेत्री, नेवार, ब्राह्मण आदिको बाहुल्यता रहेको देखिन्छ । त्यस्तै यस नगरपालिकाभित्र तामाङ्ग, पहरी, ठकुरी, राई, सन्यासी मगर लगायतको बसोबास रहेको छ ।

ग) आर्थिक जनजीवन

काभ्रे जिल्लाका तीनवटा नगरपालिकाहरूमध्ये पनौती नगरपालिका आर्थिक दृष्टिकोणले पिछडिएको नगरपालिका हो । यहाँको आर्थिक जीवनस्तर निम्न कोटिको छ । यहाँको कूल जनसङ्ख्यामध्ये ९३ प्रतिशत जनता कृषिमै आश्रित छन् । यस न.पा.को कूल क्षेत्रफलको ४७.५२ प्रतिशत जमिन कृषियोग्य छ । त्यस्तै ४१.५८ प्रतिशत जङ्गल र ८.५४ प्रतिशत आवास क्षेत्र रहेको छ । कृषिमा पनि आधुनिकीकरण नभएका कारण कृषि-उत्पादन निकै कम हुन्छ । यहाँबाट उत्पादन हुने खाद्यान्नबाट जनतालाई वर्षभरि पेट पाल्न गाह्रो पर्ने अवस्था छ । यहाँका कृषकहरूको मूख्य पेसा कृषि हो । यहाँको मूख्य अन्नबाली धान, गहुँ र मकै हो । कोदो, जौ, फापरको पनि उत्पादन यहाँ हुने गर्दछ । यहाँको मूख्य नगदेबाली आलु हो । आलुखेतीबाट यहाँका कृषकहरू बढी लाभान्वित भएका देखिन्छन् । पनौती न.पा.का कृषकहरू हाल आएर तरकारीखेतीतर्फ पनि आकर्षित भएका छन् । यहाँ उत्पादन हुने विभिन्न तरकारीहरू नेपालको राजधानी काठमाडौँसम्म पुग्ने गर्दछन् । यसको अलावा नासपाती, सुन्तला, कागतीजस्ता फलफूलखेतीबाट पनि किसानहरूको आर्थिक जीवनस्तर उकासिँदै गएको छ ।

For Library Purpose

पनौती न.पा.भित्र विभिन्न किसिमका साना ठूला उद्योगहरू स्थापना भएका छन् । यहाँ साना-ठूला गरी करिब ११३ वटा उद्योगहरू स्थापित छन् । तर ती सबै उद्योगहरूले फस्टाउने मौका पाएका छैनन् । यहाँको कूल जनसङ्ख्यामध्ये ५% जनता उद्योग-व्यापारमा संलग्न रहेका छन् । त्यस्तै २% जनसङ्ख्या जागिरे छन् । केही नगरवासीले भेडापालन, बङ्गुरपालन र कुखुरापालनलाई आफ्नो आयआर्जनको माध्यम बनाइरहेका छन् भने कोही पारम्परिक सुकुलबुनाइ, गुन्द्रीबुनाइ आदिका साथै काष्ठकला, मूर्तिकला, भाडाकुँडा बनाउने आदि कार्यमा लागेका छन् ।

पेशा	प्रतिशत
कृषी	९३%
व्यापार	५%
नोकरी	२ %

स्रोतः- पनौती नगरपालिकाको स्मारिका २०५८

For Library Purpose

६) संस्कृति

कुनै पनि समाजमा संस्कृति-निर्माणका लागि लामो समय लाग्दछ । आजको हाम्रो समाजको संस्कृति-निर्माणमा पनि लामो समय लागेको छ । संस्कृतिको निर्माणमा समाजको आवश्यकता, परिस्थिति आदिको महत्त्वपूर्ण भूमिका रहने गर्दछ । संस्कृति मानिसले आफ्नो जीवननिर्वाह गर्नका लागि बनाएका सम्पूर्ण उपायहरू हुन् । मानिसले व्यवस्थित रूपमा आफ्नो जीवन व्यतीत गर्नका लागि समय-समयमा अपनाएका उपाय, पद्धति, आविष्कार, प्रणाली आदि सबै संस्कृति हुन् । सङ्क्षेपमा भन्नुपर्दा संस्कृति मानिसको जीवननिर्वाह गर्ने पद्धति हो । मानिसले बनाएका सबै चीजहरू संस्कृतिभित्र पर्दछन् । प्रत्येक समाजका मानिसहरूको जीवनशैलीमा समाजकै संस्कृति जीवन्त रूपमा रहेको हुन्छ । नेपालको महत्त्वपूर्ण नगर पनौती नगरपालिकामा पनि यहाँका जनताको जीवनशैली यहींको संस्कृतिबाट प्रभावित छ । यहाँको संस्कृतिमा आध्यात्मिक संस्कृतिले ठूलो स्थान ओगटेको छ । यहाँका मानिसहरू ईश्वरप्रति आस्थावान् छन्, कलाप्रेमी छन्, अतिथिलाई देवता मान्छन्, अरूको उपकारमा आफूलाई भुल्छन्, समाजसेवालाई परम कर्तव्य सम्झन्छन् । पनौतीको संस्कृतिलाई जीवन्तता प्रदान गर्ने रमाइला पक्षहरू चाडपर्वहरू हुन् । यस क्षेत्रमा वर्षभरिमा विभिन्न चाडपर्वहरू मनाइने गर्दछन् । साना-ठूला गरी प्रत्येक महिनाजस्तो चाडपर्व मनाउने यो नगरलाई चाडपर्वका दृष्टिले सम्पन्न मान्न सकिन्छ । जेठपूर्णिमाको जात्रा, बुद्धको जात्रा, ब्रह्मायणीजात्रा, गणेशजात्रा, मानेश्वरीजात्रा, नारायणजात्रा, कृष्णजात्रा, भीमसेनजात्रा, योमह्रीपूर्णे, सकिमनापूर्णे, गठेमङ्गल, जनैपूर्णे, बाह्रवर्षे मकरमेला, नमोबुद्धजात्रा, चोठा आदि चाडपर्वहरूले यो नगरलाई पर्वमय बनाएका छन् । त्यस्तै तीज, गाईजात्रा, दसैँ र तिहारमा यहाँका जनता रमाउने गर्दछन् ।

यहाँका अधिकांश जनता हिन्दूमार्गी भए तापनि बौद्धधर्मप्रति पनि उनीहरूको अगाध आस्था रहेको छ । जेठपूर्णिमाको पनौतीजात्रा धुमधामसँग मनाउने पनौतीवासीहरू नमोबुद्धको जात्रामा र बुद्धपूर्णिमाको जात्रामा पनि पूरा आस्था, श्रद्धा र भक्तिपूर्वक आफूलाई सरिक गराउँछन् । यसरी यहाँका वासिन्दाहरूमा धार्मिक सहिष्णुता देखिएको छ । शदियौँदेखि चल्दै आएको यो संस्कृतिलाई भविष्यमा पनि भावी सन्ततिले निरन्तरता दिने आशा गर्न सकिन्छ । त्यस्तै, अतिथिलाई देवतासरह मानेर स्वागत गर्ने, पुज्ने यहाँको चलन ज्यादै पुरानो छ । बघिनीलाई आफ्नो शरीरको मासु ख्वाउने राजकुमार महासत्व, सुचन्द्र महाजनको भिखारी-स्वागत आदिजस्ता किंवदन्तीले अतिथिको स्वागतमा पनौतीवासीको श्रद्धापूर्ण संस्कृति रहेको प्रष्ट्याउँछ । भारतका राजा

For Library Purpose

गयासुद्दिनद्वारा खेदिएका राजा हरिसिंहदेवलाई समेत पनौतीवासीले उच्च सम्मान दिएको इतिहास छ ।

७) कलाकौशल

पनौती प्रकृतिले सजिएको रमणीय स्थल मात्र होइन । यो नगर प्राकृतिक रूपमा जसरी सम्पन्न छ, त्यसरी नै कलाकौशलमा पनि यसले सम्पन्नता प्राप्त गरेको छ । पनौतीका लागि कलाकौशल गौरव बनेको छ । पनौतीमा रहेको प्राचीन लायकु , विभिन्न ठूला-साना मन्दिरहरू र प्राचीन धरोहरमा पोखिएका कलाहरूबाट पनौतीको कलाकौशलको सम्पन्नता पुष्टि हुन्छ । यहाँ निर्मित प्यागोडाशैलीको इन्द्रेश्वरमहादेव, कृष्णमन्दिर, ब्रह्मायणी मन्दिर, विश्वेश्वरमन्दिर आदि वास्तुकलाका उत्कृष्ट नमुना हुन् । यसका साथै एउटै ठूलो ढुङ्गाबाट निर्मित तोलानारायणको मूर्ति, राम, सीता र हनुमानका मूर्ति, केदारनाथ तथा बद्रीनारायणका मूर्ति, कुञ्जगिरीपर्वत(गोरखनाथडाँडा) मा रहेको गोरखनाथको मूर्ति आदिले पनौती नगर मूर्तिकलामा निकै सम्पन्न रहेको पुष्टि गर्छ । यसका अलावा सयौं यस्ता मूर्तिहरू पनौतीमा छन् जसमा त्यस बेलाका कलाकारहरूले आफ्ना कला पोखेका थिए । पनौतीमा प्राचीन चित्रकलाका नमूनाहरू पनि देखिन्छन् । त्रिवेणीघाटको भजनपाटीमा रहेका नारायणका विभिन्न अवतारहरूको चित्र, ब्रह्मायणीमन्दिरको छानाको भित्रपट्टि माथि रहेका चित्र आदि केही उदाहरणहरू हुन् । यी चित्रहरू विशेष पद्धतिद्वारा बनाइएका हुनाले हालसम्म पनि फिका भएर जाने, रङ्ग उड्ने वा अस्पष्ट भएर जाने समस्या देखिएको छैन ।

पनौतीभित्र रहेका मन्दिरहरूमा रहेका बुट्टेदार ढोकाहरू, टुँडालहरू र कलापूर्ण आँखीझ्यालहरू निकै आकर्षक देखिन्छन् । इन्द्रेश्वरमन्दिरमा रहेका तोरणहरू मध्यकालीन नेपाली कालिगढका सुन्दर नमुना हुन् । इन्द्रेश्वरमन्दिरमा छरिएको कलाबाट कुनै पनि कलाप्रिय मानिस अचम्मित हुन्छ । मन्दिरको टुँडालमा कुँदिएको काष्ठकलाको सौन्दर्यले सबैको मन मोहित गर्दछ । यो मन्दिर धार्मिक आस्थाको केन्द्रविन्दु मात्र नभई कलाकौशलले सजिएको सुन्दर मन्दिर पनि हो । यसमा पोखिएको शिल्प अनुपम छ । यसको अलावा त्रिवेणीघाटमा रहेका असङ्ख्य मन्दिरहरू र पनौतीभित्र रहेका अन्य विविध मन्दिर तथा चैत्य, गुम्बा एवं विहारहरूले पनौतीको कलाकौशलको सम्पन्नता जाहेर गर्दछन् । अझ त्यसमाथि कतै नभेटिने द्रौपदाको मन्दिर पनौतीमा स्थापना हुनुले पनौतीको धार्मिक आस्था र कलाप्रेम कति रहेछ भन्ने कुरा प्रष्ट हुन्छ । सङ्क्षेपमा पनौती कलाकौशलमा धनी देखिन्छ ।

For Library Purpose

८) रीतिरिवाज

यहाँका अधिकांश जनताहरू हिन्दु धर्मप्रति आस्थावान छन् । त्यसैले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार यहाँको रीतिरिवाज चल्दै आएको छ । बच्चा जन्मेको छ दिनभित्र र एघारौं दिनमा आ-आफ्नो धर्म र परम्परा अनुसार न्वारान गरिन्छ । त्यसैगरी पारम्पारिक रूपमै छोराको छ महिनामा र छोरीको पाँच वा सात महिनामा पास्नी गरिन्छ । छोरा भए केही हुर्के पछि ब्रतबन्ध गरिन्छ । ब्रतबन्धलाई चुँडाकर्म पनि भनिन्छ । यसरी चुडाकर्म गर्न विजोर उमेर पार्नुपर्दछ भन्ने हिन्दु मान्यता रहेको छ । पनौतीको इन्द्रेश्वर मन्दिर प्राङ्गणमा प्रत्येक वर्ष सामुहिक ब्रतबन्धको आयोजना गरिन्छ । हिन्दु धर्म मान्ने जो कोही पनि उक्त सामुहिक ब्रतबन्ध कार्यक्रममा सरिक हुन सक्दछ । यसरी ब्रतबन्ध गर्दा नाईले कपाल खौरने र फुपूले खौरेको कपाल थालमा थाप्ने प्रचलन छ । त्यसपछि बच्चालाई पहेंलो धोती, धनुष सहित नजिकैको शक्तिपिठमा लगी पूजा आराधना गर्ने प्रचलन रहेको छ ।

छोराहरूको ब्रतबन्ध गरे जस्तै छोरीहरूको बेल बिवाह तथा गुफा राख्ने काम हुन्छ । यी दुवै प्रचलन नेवार समुदायमा पाइन्छ । नेवार समुदायका छोरीहरू ६-७ वर्ष पुगेपछि बेल बिवाह गर्ने चलन छ । हिन्दुहरूको महान पर्व अक्षय तृतियाका दिन आफ्ना कन्याहरूको बिवाह बेलसँग गरिदिने यो परम्परा पुरानो हो । यसै दिन कन्याहरू आफूलाई मनपर्ने साथीहरूसँग मित लगाउने पनि चलन छ । यो बेल बिवाहको आयोजना पनौतीको त्रिवेणी घाटमा प्रत्येक वर्ष अक्षय तृतिया गुठीले गर्दछ । यो गुठीको संचालन पनौतीका कर्माचार्य परिवारले गर्दै आएको छ । बेलसँगको बिवाह पछि हुर्केका छोरीहरूलाई गुफा राख्ने प्रचलन छ । रजस्वला हुनु पूर्व नै गुफा राख्ने यहाँको चलन छ । यदि रजस्वला भैहाले सोही दिनदेखि गुफा राख्ने चलन छ । यसरी गुफा राख्दा एघार दिनसम्म अँध्यारो कोठामा राखिन्छ । गुफा राखेको बेलामा पुरूषहरूले देख्न नहुने, घामले स्पर्श गर्न नहुने, घरको धुरि हेर्न नहुने भन्ने भनाई छ । त्यसैले गुफा राख्ने कोठा अँध्यारो हुन्छ । गुफा राखेका दिनहरूमा आफ्ना नातेदार, छरछिमेका मानिसहरू अन्न, फलफूल खुवाउन आउने गर्दछन् ।

आफ्ना नजिकका नातेदारहरू भने विभिन्न परिकार बनाई गुफा बसेकी छोरीलाई भोज खुवाउन आउने गर्दछन् । सोही दिनहरूमा टोलका अन्य केटीहरू गुफा बसेको ठाउँमा गएर विभिन्न खेलहरू खेल्ने, नाचगान गर्ने आदि गर्दछन् । बाह्रौ दिनमा राम्रो लुगागहनाका साथ गुफा निकालिन्छ । यस विधिलाई सूर्यदर्शन पनि भनिन्छ । नेवारी परम्परा अनुसार गुफा राखेपछि मात्र केटी धार्मिक रुपले बिवाह गर्न योग्य हुन्छिन् भन्ने मान्यता रहेको छ ।

पनौतीमा उमेर पुगेपछि केटा र केटी वीच हिन्दु परम्परा अनुसार विवाह सम्पन्न हुन्छ । पनौतीमा मागी विवाहको प्रचलन धेरै रहेतापनि हाल मन पराएर प्रेम विवाह गर्नेहरू पनि प्रसस्त छन् । विवाह पक्का गर्नका लागि कुनै कुनै समाजमा औंठी लगाई दिने प्रचलन छ । क्षेत्री, ब्राहमणहरूको टीका लगाई दिएर विवाह पक्का गर्ने प्रचलन छ भने नेवार समुदायमा सुपारी लिएर बिवाहलाई सुनिस्वितता प्रदान गर्ने गरिन्छ । पछि उपयुक्त साइत हेरेर हिन्दु धर्म अनुसार स्वयम्वर गरी जन्त सहित दुलहीको घरमा दुलही लिन जाने परम्परा रहेको छ । यहाँका अधिकांश जनता हिन्दु भएकाले हिन्दु धर्मकै अनुसार मृत्यु संस्कार सम्पन्न हुन्छ । मानिसको मृत्यु भएपछि पवित्र तीर्थस्थल मानिएको त्रिवेणी घाटमा ल्याई अन्तिम दाहसंस्कार गरिन्छ । उत्तरप्रयागको रूपमा प्रख्यात त्रिवेणी घाटमा टाढा टाढाबाट मृत देहको अन्तिम संस्कार सम्पन्न गर्न ल्याउने गर्दछ । यहाँ ल्याई लास जलाउँदा मृत आत्माले चीरशान्ति प्राप्त गर्ने र स्वर्गीय बास हुने धार्मिक मान्यता रहेको छ । आफ्नो माता वा पिताको देहान्त भएपछि एक वर्षसम्म छोराहरू सेतो लुगामा वरखी वस्ने, खानेकुरा वार्ने, वाहिर नखाने गर्दछन् । यदि श्रीमानको देहान्त भए श्रीमतीले पनि एक बर्षसम्म वरखी वार्ने परम्परा छ । पनौतीमा बसोवास गर्ने अधिकांश मानिसहरूको मृत्यु भएपछि लास जलाउने गरे पनि जङ्गम जातिका मानिसहरूको भने मृत्यु भएपछि लास गाड्ने प्रचलन छ ।

यसरी कुनै पनि मानिस जन्मेदेखि नमरून्जेल आ-आफ्नो धर्म, रीतिरिवाज, परम्परा अनुसार विविध कर्महरू गर्दछन् ।

For Library Purpose

९) धर्म

यहाँका मानिसहरू परापूर्वकालदेखि आफ्नो पुर्खाहरूले मान्दै आएको हिन्दु र बौद्ध दुवै धर्म मान्ने गर्दछन् । विशेषत नेवारी समुदायका मानिसहरू (शाक्य र मानान्धर) बौद्ध धर्म मान्ने गर्दछन् । अन्य जातका मानिसहरू भने हिन्दु धर्मावलम्वी छन् । हाल आएर यहाँ यशु धर्म मान्नेहरू पनि देखा परेका छन् । मुलत: नगरपालिका भित्र दुईवटा हिन्दु र बौद्ध धर्मावलम्वीहरूकै बाहुल्यता देखिन्छ । यहाँका जनताहरू धर्मप्रति पूर्णत: आस्थावान छन् । जुनसुकै धर्म मान्ने भएतापनि धार्मिक सहिष्णुता कायम हुनु यहाँको बिशेषता हो ।

For Library Purpose

१०) पनौतीका विभिन्न नाम र शब्दको उत्पत्ति:

प्राचीन कालदेखि हालसम्म पनौतीका थुप्रै नामहरू रहेको देखिन्छ । ने.सं.७८४ को पनौतीको वंशगोपालमन्दिरमा रहेको अभिलेखमा पनौतीको नाम 'पुण्यावती पुरी' भनी उल्लेख गरिएको पाइन्छ भने सम्वत ८३६ को ब्रह्मायणीमन्दिरको अभिलेखमा 'पुण्यवती' उल्लेख छ । त्यस्तै, इन्द्रेश्वरको सुवर्णपत्रमा पनौतीको नाम 'अश्मपुर' र भाषावंशावलीमा 'पनौतीग्राम' भनी उल्लेख छ । कुनै-कुनै वंशावलीमा 'पाञ्चाल' उल्लेख गरेको पाइएको छ । १९०० को ब्रह्मायणीको देवघरको एउटा ताम्रपत्रमा 'पनाती' र १९०४ को अर्को ताम्रपत्रमा 'पलाँती' भनी पनौतीको नाम उल्लेख छ ।[१] पनौतीको नरसिंहनारायणको सम्वत् ७८८ को शिलालेखमा यसको नाम 'पनति' उल्लेख छ । यसको अलावा पनौतीलाई प्राचीन समयमा 'पानवती', 'अश्मनगर', 'पूर्णवती' आदिका नामले पनि पुकारिन्थ्यो । पनौती शब्दको उत्पत्तिबारे प्रामाणिक तथ्यको अभाव भए तापनि यो शब्दसँग सम्बन्धित थुप्रै प्राचीन कथा र किंवदन्तीहरू छन् । केहीलाई निम्नानुसार प्रस्तुत गरिएको छ –

१. देवराज इन्द्र आफ्नो पापबाट मुक्ति पाउनका लागि गुरु वृहस्पतिको आदेश र सल्लाहअनुसार यहाँ आई तपस्या गरेर पापबाट मुक्त भए । आफू सम्पूर्ण पापबाट मुक्त भएको यो पावन भूमिमा इन्द्रले विधिवत रूपमा इन्द्रेश्वरमहादेवको स्थापना गरी बस्ती बसाल्ने विचार गरे । त्यसपछि उनले पद्मावती, लीलावती र गुप्त रूपमा बहने रुद्रावती तीनै नदीलाई आफ्नो स्थान छोडी केही पर हटिदिन र बस्ती बसाल्नका लागि सहयोग गरिदिन अनुरोध गरे । देवराज इन्द्रको अनुरोधबमोजिम तीनैवटा नदीहरू आ-आफ्ना ठाउँबाट केही पर हटेर बस्ती बसाल्ने जमिन छोडिदिए । त्यस बेला अहिलेको जस्तो बस्ती बसाल्ने जमिन थिएन, खोलो ठूलो थियो । यति भएपछि इन्द्र खुसी भएर ती तीन नदीहरूमध्येबाट त्यो बस्तीको नामकरण गर्ने प्रस्ताव अघि सारे । नामकरणको प्रस्ताव अघि सार्नेबित्तिकै तीनवटै नदीहरूले आ-आफ्ना नामबाट उक्त बस्तीको नामकरण हुनुपर्ने जिद्धी गरे । त्यसपछि देवराज इन्द्रले एउटा जुक्ति निकालेर तीनैवटा नदीहरूको एउटा-एउटा अक्षर निकालेर स्थापित बस्तीको नामकरण गरे । त्यसअनुसार पद्मावतीको पहिलो अक्षर 'प', लीलावतीको दोस्रो अक्षर 'ला' र रुद्रावतीको अन्तिम अक्षर 'ती' निकालेर 'पलाती' नाम राखियो ।

[१] केदारनाथ प्रधान, पनौतीको ब्रह्मायणीजात्रा, केदारनाथ प्रधान स्मृति तथा प्रकाशन समिति, २०६०, पृ.६

For Library Purpose

पद्मावती – प
लीलावती – ला } = *पलाती*
रुद्रावती – ती

'पलाती' नेपाल भाषाको शब्द हो । यो शब्दको अर्थ 'पाइला टेक्नु' भन्ने हुन्छ । देवताका राजा इन्द्रले समेत मुक्ति पाएको यो पवित्र धार्मिक स्थल भएको हुनाले यसको नाम पलाती राखिएको हो भन्ने किंवदन्ती छ । यही 'पलाती' शब्द अपभ्रंश भई 'पलाँती' हुँदै 'पनौती' भएको अनुमान गर्न सकिन्छ । नेवार समुदायमा अहिले पनि पनौतीलाई 'पलाँती' नै भन्ने गरिन्छ । ब्रह्मायणीमन्दिरको १९०४ को ताम्रपत्रमा पनि पनौतीको नाम 'पलाँती' नै उल्लेख छ ।

२. पुण्यमती पवित्र नदीको नाम हो । यही पवित्र नदीको नामबाट यो बस्तीको नाम 'पुण्यमती' राखिएको अनुमान गर्न सकिन्छ । सम्वत ८३६ को ब्रह्मायणीमन्दिरमा पाइएको अभिलेख अनुसार पनि यो नगरको नाम 'पुण्यमती' हो । यही 'पुण्यमती' शब्द अपभ्रंश भई 'पण्याती', 'पनाती' हुँदै 'पनौती' भएको कथन छ ।

३. इन्द्रेश्वरमन्दिर भित्रको सुवर्णपत्रमा 'अस्मिन् पुरखे रम्य ....' भनी उल्लेख भएकोमा योगी नरहरिनाथले 'पुरखे रम्य अश्मपुर' भनी अनुवाद गरी उल्लेख गरेका छन् ।[२] अश्मपुर' को अर्थ 'राम्रो र असल सहर' हो । पनौतीको धार्मिक, प्राकृतिक र साँस्कृतिक सुन्दरतालाई दृष्टिगत गरी 'अश्मपुर' नाम राखिएको अनुमान गर्न सकिन्छ ।

४. परापूर्वकालमा एकजना राजकुमारले अज्ञानतावश आफ्ना पिता महाराजको हत्या गरेपछि गुरुको सल्लाह बमोजिम सुकेको बाँस टेक्तै हिँडे । यसरी सुकेको बाँस टेक्तै यात्रारत रहेका बेला पनौतीमा आइपुगेपछि सुकेको बाँसमा प्राण आई बाँस हराभरा भई उक्त बाँस पलाएको थियो भन्ने

[२] ऐ.ऐ.पृ.४६

For Library Purpose

किंवदन्ती छ । सुकेको बाँस पलाएको पवित्र स्थल भएकोले त्यस बेला पनौतीलाई 'पँचुली' भन्न थालियो । यहा 'पँ' भनेको नेपाल भाषामा बाँस हो भने चुली भनेको पलाउनु हो । सुकेको बाँस पलाएकोले पँचुली भनिएको हुन सक्ने अनुमान गर्न सकिन्छ । यही 'पँचुली' शब्द पछि अपभ्रंश भएर 'पँचाल' भएको अड्कल काट्न सकिन्छ । कसैकसैले यसलाई 'पाञ्चाल' पनि भन्ने गर्दथे ।

५. यहाँ सुकेको बाँस पलाएको छ । यो नगर एउटै शिलामा (ढुङ्गा) अवस्थित छ । पनौती पवित्र तीर्थस्थल पनि हो । बाँसलाई नेपाल भाषामा 'पँ', शिलालाई 'ल्वँ' र तीर्थस्थललाई 'ती' भन्ने गरिन्छ । यी तीन महत्त्वपूर्ण विषयलाई समेटी यसको नाम 'पल्वँती' राखियो भन्ने भनाइ छ । यही 'पल्वँती' शब्द पछि गएर 'पलाँती' हुँदै 'पनौती' नाम रहन गएको भनाइ पनि छ ।

६. अश्मनगर: अश्मको अर्थ ढुङ्गा हो । पनौती शहर एउटै विशाल ढुङ्गामा रहेको छ । प्राचीन पनौतीमा रहेको यही विशाल ढुङ्गाका कारण यहाँ भुकम्प जाँदैन भन्ने गरिन्छ । अहिले पनि पनौतीमा घर बनाउँदा देश ढुङ्गा नभेटिए सम्म जग खन्ने चलन छ । यस्तो विशाल ढुङ्गामा अवस्थित नगर भएकोले यसको नाम अश्मनगर रहन गएको हो भन्ने कथन पनि जनजिब्रोमा प्रचलित छ ।

For Library Purpose

११. ऐतिहासिक पृष्ठभूमि :-

पनौती नेपालको राजधानी सहर काठमाडौं उपत्यका नजिक रहेको एक ऐतिहासिक स्थल हो । यहाँ विभिन्न प्रकारका जनश्रुति, किंवदन्ती, प्राचीन कथाहरू प्रचलित छन् । ती प्रचलित जनश्रुति, किंवदन्ती, प्राचीन कथाहरूको अध्ययन गर्दा पनौती आदिभूमि हो भन्ने कुराको अनुमान सहजै लगाउन सकिन्छ । यहाँ परम्परादेखि चल्दै आएका विभिन्न प्रकारका संस्कृति, रितिरिवाज, जात्रा तथा पर्वहरूको सुक्ष्म विश्लेषणबाट पनौतीको प्राचीनताका विषयमा अनुमान लगाउन सकिन्छ ।

यहाँ प्रचलित वासुकी नागराजसम्बन्धी जनश्रुति, देवराज इन्द्रसँग सम्बन्धित जनश्रुति र ब्रह्मायणीजात्रासँग सम्बन्धित जनश्रुतिहरू पनौती प्राचीन सहर हो भन्ने अनुमान गर्न सकिने आधारहरू हुन् । प्राचीन समयमा राजा महारथले राज्य गरेको कुरा पनि सुनिएको छ । महाभारतकालीन विराट राजाको राजधानी तथा राज्यका गोठहरू पनौती भेगमा रहेको भनाइले पनि पनौतीमा चर्चा पाएको देखिन्छ । त्यस्तै, पनौती, खोपासी र बल्थलीमा ढुङ्गेयुगका हातहतियारहरू पाइएकाले यहाँ धेरै पहिले मानव-सभ्यताको विकास भएको मान्नुपर्दछ भनी केदारनाथ प्रधानले 'पनौतीको ब्रह्मायणीजात्रा' नामक पुस्तकमा उल्लेख गर्नुभएको छ ।

स्थानीय वासिन्दाको भनाइअनुसार पनौतीको प्राचीन थलो हालको पनौती नगरपालिकाको वडा नं.४ मा अवस्थित जेंलादें भन्ने स्थान हो । त्यहाँ एक समयमा उडुसहरूले उत्पात मच्चाएपछि पुरानो थलो छोडी हालको स्थानमा बस्ती विस्तार भएको थियो । हालको पनौती स्मारक क्षेत्र त्यसबेला तीर्थस्थलको रूपमा थियो । मानिसहरूको बसोबास धेरै पहिलेदेखि थियो । हालको जेलाँपाटी भन्ने स्थानलाई प्राचीन समयमा द्योलाँ:दे भनिन्छ । यहाँ द्यो भनेको देवता र लाँ भनेको बाटो भन्ने बुझिन्छ । नेपाल भाषाबाट बनेको यो द्योलाँ भन्ने शब्दको शाब्दिक अर्थ देवताको बाटो भन्ने हुन्छ । यही बाटो भएर परापूर्वकालमा देवताहरू पनौती आउने जाने गर्दथ्ये भन्ने स्थानीयवासीहरूको भनाई रहेको छ । अहिलेसम्म पनि भक्तपुरबाट नवदुर्गा र माधव नारायण पनौतीमा ल्याउँदा यही बाटो भएर आउने जाने गर्दछन् । यही द्योलाँ:देबाट अपभ्रंश भई पछि क्रमश: जेलाँदे , जेलाँपाटी हुदैं गएको मान्न सकिन्छ । यही जेलाँदेमा रहेको एउटा खेतमा खेतखन्दा पुरानो काठको डुङ्गा भेटिएको कुरा स्थानीय बुढापाकाहरू बताउँदछन् । पनौतीको प्राचीन थलो जेलाँदे र भगवान्डाँडाको उत्खनन गर्दा प्राचीन अवशेष, मूर्ति तथा मुद्राहरू पाइएका थिए । हालको टौखालमा रहेको

For Library Purpose

भगवान्डाँडालाई त्यसबेला भगवान्को घर वा डाँडा भन्ने गरिन्थ्यो । त्यहाँ भगवान्को मूर्ति स्थापित थियो । त्यसैले सो डाँडाको नाम भगवान्डाँडा रहन गएको जनश्रुति छ । त्यही भगवान्डाँडाको उत्खनन गर्दा माटाका मुद्राहरू र बहुमूल्य मूर्तिहरू पाइएको बताइन्छ । यसबाट प्राचीन समयमै पनौतीमा मानव-सभ्यताको विकास भइसकेको अनुमान गर्न सकिन्छ ।

पनौतीको 'कैलाश' भनेर चिनिने हालको दलिनचोकमा तीनतले दरबार भएको र दरबारबाहिर 'दलानचोक' बनाइएकोले 'दलानचोक' शब्द अपभ्रंश भई 'दलिनचोक' भएको हो भनिन्छ ।[३] नमोबुद्धलाई गौतम बुद्धको पूर्वजन्म मानिएको छ । पनौती नमोबुद्धको जन्मथलो हो । नमोबुद्धको जन्म पाञ्चालदेशमा आजभन्दा करिब ४१३८ वर्षपहिले राजकुमार महासत्वका रूपमा भएको थियो ।[४] यो दृष्टिकोणबाट हेर्दा पनौतीको ऐतिहासिक पृष्ठभूमि धेरै पुरानो रहेको प्रष्ट हुन्छ । यसरी पौराणिक कथाका आधारमा पनौतीको प्राचीनतालाई चिनाउन सकिने यथेष्ट आधारहरू छन् । तर प्रमाणिक रूपमा भने लिच्छविकालमै प्रवेश गर्नुपर्ने देखिन्छ ।

हुन त पनौतीलगायत आसपासका स्थानहरू नाला, बनेपा, खोपासी र पलाञ्चोकलाई क्रमश: नालँग, भुजङ्ग, कुर्पासी, पिराखचो जस्ता किराँतकालीन नामहरू प्रयोग भएबाट पनौती किराँतकालीन सहर हो भन्न पनि सकिन्छ, तर त्यसबेलाको कुनै अभिलेख भने प्राप्त छैन । लिच्छविकालमा आएर पनौती मानव-सभ्यताले विकसित नगर हो भन्ने यथेष्ट प्रमाणहरू छन् । पनौतीमा रहेका ढुङ्गाका मूर्तिहरूको बनोट एवं कलाकृतिको अध्ययन गर्दा ती मूर्तिहरू लिच्छविकालीन भएको देखिन्छ । यसबाट पनौतीको विकास लिच्छविकालमा भइसकेको पुष्टि हुन्छ ।[५] त्यस्तै, लिच्छविकालीन राजा शिवदेव प्रथम र अंशुवर्माका समयको अभिलेख तथा मुद्रा पनौतीको वडा नं.१२ मा अवस्थित खोपासीमा पाइएको छ । वि.सं.२०४२ सालमा पनौती-खोपासी सडक खन्दा अंशुवर्माका समयको मुद्रा पाइएको हो ।

त्यस्तै, शिवदेव प्रथमले सम्वत् ५२० मा खोपासीमा एउटा शिलापत्र स्थापित गराएका थिए । संवत् ५२० लेखिएको उक्त शिलापत्रमा द्वारोद्घाटन गर्दा र कैलाशकुट यात्रा चलाउँदा यहाँका जनताले करका रूपमा सेतो माटो (कमेरो) बुझाउनु पर्ने उल्लेख छ । साथै उक्त शिलालेखमा लिच्छविकालीन दुई

---

[३] कृष्णप्रसाद पराजुली, पूर्व १ नम्बर, प्रकाशन समिति, पृ.६०

[४] सत्यनारायण मानन्धर, नमोबुद्धको इतिहास, पृ.१५

[५] ऋद्धि प्रधान, पनौतीको सांस्कृतिक सम्पदाको एक अध्ययन, (बनेपा सातगाउँ, २०५३), बनेपा नगरपालिका, पृ.२४४

चर्चित शासक शिवदेव प्रथम र अंशुवर्माको चर्चा गरिएको छ । उक्त शिलापत्रमा त्यसबेलाका महासामन्त अंशुवर्माको गुणगान गरिनुका साथै राजा शिवदेव प्रथमले खोपासीमा बस्ने मुखिया लगायत गृहस्थीहरूलाई कुशलमङ्गल सोधेर आज्ञा भएको छ भनी उल्लेख गरिएको छ ।[६] धनबज्र बज्राचार्यको लिच्छविकालका अभिलेख नामक पुस्तकबाट साभार गरिएको शिवदेव प्रथमको समयको उक्त शिलापत्रको नेपाली अनुवाद यस प्रकार रहेको छ-

कल्याण होस् । मानगृह (दरबार) बाट अनगिन्ती गुणहरू भएका, लिच्छविकुललाई आनन्द दिने, गाथमा आराम रहेका, भट्टारक महाराज श्री शिवदेवबाट कुर्प्पासी गाउँमा बस्ने मुखियाहरू लगायत गृहस्थीहरूलाई कुशलमङ्गल सोधेर आज्ञा भएको छ ।

आफ्ना गुणरूपी मणिका किरणको उज्यालोले अज्ञानरूपी अन्धकार हटाएका, भगवान् पशुपतिनाथका चरणकमललाई प्रणाम गर्न तत्पर रहेका हुनाले पछिका हित कल्याण गरेका, आफ्ना दुई बाहुका बलले सारा शत्रुको जरो खनेका, यी श्रीमहासामन्त अंशुवर्माले हाम्रा हजुरमा बिन्ती चढाएर हाम्रो अनुमति लिई (तिमीहरूको ग्राममा) सारा अधिकरण (अड्डा अदालत) हरूले पस्न नपाउने गरी तिमीहरूलाई निगाह गरिएको छ । यो कुरा तिमीहरूलाई थाहा होस् । विचार पुऱ्याउनु पर्ने मुद्दामामिलाहरू आइपरेमा आफ्ना तलस्वामीहरूद्वारा नै तिनीहरूको हेरविचार हुने छ । तिमीहरूका लागि एउटै मात्र द्वार (ढोका = तलस्वामीको ढोका) हुनेछ ।

द्वारोद्घाटन र कैलास-- यात्रामा तिमीहरूले जनैपिच्छे पचासवटा सेता जातका माटा (कमेरो) बुझाउनु । यो निगाह धेरै काल कायम रहोस् भन्नका लागि यस निगाहको शिलापत्र गरी निगाह गरिदिएको छ ।

तसर्थ यस कुरालाई बुझेर हाम्रो निगाहबाट जीविका चलाउनेहरूले र अरू कसैले पनि यो निगाहलाई अन्यथा नगर्नू । जसले यो आज्ञालाई नटेरेर अन्यथा गर्ला वा गराउला, स्थिति बन्देज नाघ्ने त्यसलाई हामी बिलकुल सहने छैनौं । पछि हुने राजाहरूले पनि धर्मलाई ठूलो सम्झी अघिका राजाले गरेको निगाहको ख्याल राखेर यस आज्ञाको राम्रोसँग पालना गर्नुपर्छ भन्ने अनुरोध छ ।

यहाँ दूतक देशवर्मा गोमी (संवत् ५२०) चैत्रकृष्ण पञ्चमी

[६] धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०३७

यसबाट पनौतीको विकास लिच्छविकालमा भइसकेको सिद्ध हुन्छ ।

लिच्छविकालीन राजा शिवदेव प्रथम नेपालको इतिहासका महत्त्वपूर्ण शासक थिए । शिवदेवलाई राज्यशासनको कार्यमा उनका भानिज अंशुवर्माले सहयोग गर्दै आएका थिए । शिवदेव नेपालका राजा भएको समयमा नेपालमा गुप्तहरू निकै सक्रिय थिए । लिच्छविराजाहरूका नाममा उनीहरू देशको राज्य चलाउँथे । यो कुरा शिवदेवलाई मन परेको थिएन । त्यसैले शिवदेव प्रथमले अंशुवर्माको सहयोगमा गुप्तहरूलाई शासन-व्यवस्थाबाट अलग गरे । अंशुवर्माले शिवदेवलाई सहयोग गरेकै कारण शिवदेवको समयका शिलालेखहरूमा अंशुवर्माको शक्ति, चातुर्य आदिको गुणगान गाएको पाइन्छ ।[७]

गोपाल राजवंशावलीमा मानदेवले मानेश्वरीदेवीको प्रतिष्ठा गरे भन्ने उल्लेख छ । मानेश्वरीदेवी पनौती नगरपालिकाको वडा नं. ५ मा अवस्थित पनौती बसपार्कनजिकै प्रतिष्ठापित छिन् । वंशावलीमा मानेश्वरीमाईको प्रतिष्ठा गरेको उल्लेख भएतापनि प्रतिष्ठापित गरेको ठाउँ उल्लेख नभएका कारण मानदेवले स्थापना गरेकी मानेश्वरीमाई पनौतीकै हुन् भनेर किटान गर्न नसकिए तापनि नेपालका अन्य ठाउँमा मानेश्वरीदेवीको प्रतिमा रहेको थाहा हुन सकेको छैन ।



त्यस्तै वि.स. २०६६ साल चैत्र २७ गते पनौतीको लायकु डवलीमा भएको उत्खनन्मा उत्तर लिच्छविकालीन मुद्रा भेटिएको छ । करिव २ से.मी. ब्यास भएको गोलाकार तामाको उक्त सिक्कामा एकातिर पशुपति लेखिएको र अर्कोतर्फ साँढे अङ्कित रहेको कुरा काभ्रेबाट २०६७ बैशाख ५ गते प्रकाशित खवरचौतारी साप्ताहिकको वर्ष ७ अङ्क २९ मा उल्लेख छ ।

लिच्छविकालपछि नेपालमा मल्लकालको उदय भयो । मल्लवंशीय राजा आनन्द मल्लले आफू भक्तपुरका राजा भएको समय कलिगत सम्वत् ४१९७ (वि.सं.११५३) मा आफ्नो राज्य विस्तार गर्ने क्रममा सात-सात सय घरसहित सात गाउँ पनौती, बनेपा, नाला, साँगा, धुलिखेल, श्रीखण्डपुर र चौकोट बनाएको उल्लेख भाषावंशावलीमा गरिएको छ । तर यी उल्लिखित सात गाउँको आनन्द मल्लबाट एकीकरण मात्र भएको विचार यस लेखकको रहेको छ, किनभने

[७] डा.पेशल दाहाल, नेपालको इतिहास, एम.के.पब्लिसर्स, २०४६, पृ.४७

पनौतीको स्थापना आनन्द मल्लले गरेको भनिए तापनि त्यसभन्दा धेरै अगाडि पनौती विकसित भइसकेको पुष्टि माथि उल्लेखित चर्चाबाट प्रष्ट हुन्छ । तर पनौतीले अझ फल्ने, फुल्ने र विकसित हुने मौका भने मल्लकालमा आएर पायो । चौधौँ शताब्दीतिर पनौतीमा रामवर्द्धन परिवारको बोलवाला भएको इतिहास पाइन्छ । ज्योतिरामका छोरा महाथ अनेकरामले यहाँ वि.सं.१३८९ देखि १४१२ सम्म राज्य गरे । यिनले मनिगलको राज्य हात पारे । मलेखू, कीर्तिपुर, बलम्बू, ख्वप पनि कब्जा गरे भनी वंशावलीमा उल्लेख छ । यसबाट उपत्यकामा पनि पनौतीको प्रभाव देखिन्छ । ने.सं.४७६ (वि.सं.१४१३) द्वितीयाका दिन महाथ (महामन्त्री) अनेकरामको मृत्युपछि उनका छोरा जयसिंहरामले स्वतन्त्र तथा शक्तिशाली प्रमुखका रूपमा पनौतीमा राज्य गरे । यिनले आफू स्वतन्त्र शासक बनेर चीनसँग दौत्य सम्बन्ध गाँसेका थिए । जयार्जुनदेवका समयमा महामन्त्राधिराज भई पनौतीमा वि.सं.१४१३ देखि १४५२ सम्म शासन गरेका जयसिंहराम निकै धर्मात्मा एवं शक्तिशाली थिए । मूल घर पनौती भएका वैश्य ठकुरी परिवारका जयसिंहरामले तुलानारायणको विशाल शिलामूर्ति बनाएका थिए ।[८] यिनै जयसिंहरामले सूर्यग्रहणका समयमा आफ्नो शरीरको तौलबराबर सुन दान गरेका थिए । इन्द्रेश्वर महादेवको अभिलेखअनुसार यिनले सुनको घोडा, सुनको रथ, सुनको हात्ती र सुनकै कल्पवृक्ष बनाई ब्राह्मणलाई दान दिएका थिए । यिनले नै देवपत्तनमा पशुपतिनाथको पुनर्स्थापना गरेका थिए । रामवर्द्धन परिवारमा शक्तिशाली व्यक्ति जयसिंहराम नै थिए । काठमाडौँ उपत्यकाको इतिहासमा यिनको ठूलो प्रभाव देखिन्छ । मुस्लिमहरूले काठमाडौँ उपत्यकामा सन् १३४९ अर्थात वि.सं.१४०६ मा आक्रमण गर्दा धेरै धनजनको नाश भयो । असङ्ख्य हिन्दूमन्दिरहरू नष्ट गरिए । यही क्रममा काठमाडौँको पशुपतिनाथको पुरानो (पहिलो) शिवलिङ्ग पनि नष्ट भयो । शिवलिङ्ग नष्ट भएको एघार वर्षपछि जयसिंहरामले अर्को शिवलिङ्ग प्रतिष्ठापित गरेका थिए । पशुपतिमा नयाँ शिवलिङ्गको स्थापना गर्दा पनौती निवासी कुलगुरु राजपुरोहित रयणपतिका छोरा रमणपतिराज शर्माले कर्मकाण्ड गरेका थिए ।[९] जयस्थिति मल्ल राजा हुँदा जयसिंहरामसँग मेलमिलाप गर्न नसकुन्जेल उनले शान्तिको सास फेर्न नसकेको कुरा इतिहासमा उल्लेख छ । यिनै जयसिंहरामले जयार्जुनदेव र जयस्थिति मल्लको पुष्पाभिषेक र पट्टाभिषेक गराएको कुरा इन्द्रेश्वरमन्दिरमा रहेको सुवर्णपत्रमा उल्लेख छ । जयसिंहरामले आफू स्वतन्त्र शासक बनेर पनौती

---

८ केदारनाथ प्रधान, , पनौतीको ब्रह्मायणीजात्रा, केदारनाथ प्रधान स्मृति तथा प्रकाशन समिति, २०६०, पृ.६

९ ज्ञानमणी नेपाल,नेपालको पूर्वमध्यकालको इतिहास, नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०५४ पृ १९.

लगायत त्यसबेलाको सात गाउँ र त्यसको वरपर रहेको क्षेत्रमा शासन गरेको देखिन्छ । जयसिंहरामको निधन भएको केही महिनापछि भोन्तराजकुलका गुरु राजपतिले पनौतीमा अवस्थित श्री इन्द्रेश्वर प्राङ्गणमा बसेर उतारेको (सारेको) दशकर्मशास्त्रको पुष्पिकामा महाथ जयसिंहरामवर्द्धनलाई 'महाराजाधिराज' भनी राजकीय सम्मान दर्शाइएको छ ।[१०] कूटनीतिक रूपमा जयसिंहरामसँग जयस्थिति मल्लको सम्बन्ध विकास भएतापनि पनौतीलगायत आसपासका सात गाउँमा जयस्थिति मल्लको नियन्त्रण देखिँदैन । गोपालराजवंशावलीमा उनले इन्द्रेश्वरमन्दिरको जीर्णोद्धार गरी चुल्का प्रदान गरेको उल्लेख छ । उनको परिवारले जयसिंहरामको कीर्तिसुहाउँदो इन्द्रेश्वरलाई ने.सं.५०३ मा चतुर्मुखी सुनौलो कोष (सुनको मोलम्बा लगाएको चतुर्मुखी शिवलिङ्गको खोल) चढाएको उल्लेख छ । ने.सं.५२१ मा जयसिंहरामको मृत्युपछि उनका भाइका छोरा मदनराम महाथ भए । उनले यहाँ कहिले स्वतन्त्र रूपमा त कहिले महाथ भई शासन गरेको देखिन्छ । यस परिवारका शक्तिसिंहरामपछि रामवर्द्धन परिवारको वर्चस्व घटेर गएको देखिन्छ । तर यस परिवारले करिब १००.वर्षसम्म नेपालको इतिहासमा महत्त्वपूर्ण भूमिका निभाएको देखिन्छ ।[११]

नेपालको इतिहासमा १५ औँ शताब्दीपछि यक्ष मल्लका छोराहरूले छुट्टाछुट्टै राज्यको स्थापना गरी देशलाई विखण्डित पारे । उपत्यका विभाजन भएपछि पनौती गाउँ भक्तपुर राज्यमा गाभियो । यसरी जयसिंहरामको पालादेखि स्वतन्त्र रहेको पनौती भक्तपुरअन्तर्गत रहन पुग्यो । त्यसपछि पनौतीमा थुप्रै मन्दिर, पाटी, पौवा, देवलहरूको निर्माण भएको थियो । ब्रह्मायणीमन्दिरभित्र रणजीत मल्लको समयको अभिलेखमा पूजापाठका लागि भूमिव्यवस्थापनको उल्लेख भएको छ । ब्रह्मायणीको देवघरको दलानको भित्रको ढोकाको बायाँतर्फ ब्रह्मायणीको मूर्ति छ । त्यसको पादमा राजा भूपतीन्द्र मल्ल र उनकी पत्नी विश्वलक्ष्मीको आकृति कुँदिएको छ । विश्व मल्लकी पत्नी रानी गङ्गादेवीले पनौती आई अनेक पाटी, सत्तल तथा घाटहरू निर्माण गरेकी थिइन् । त्यस्तै, रणजीत मल्लका समयमा रानी विश्वलक्ष्मीले ने.सं.८३६ मा ब्रह्मायणीमन्दिर बनाउन लगाएको उल्लेख छ ।[१२] मल्लकालमा पनौती भक्तपुरअन्तर्गत रहेपछि यहाँ विभिन्न मल्लराजाहरूले राज्य गरे । त्यसबेला पनौतीलाई भक्तपुरको ढुकु राज्य बनाइएको थियो भन्ने जनश्रुति अहिले पनि पाइन्छ । भूपतीन्द्र मल्ल सानै

[१०] ज्ञानमणी नेपाल,नेपालको पूर्वमध्यकालको इतिहास, नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०५४ पृ २३३

[११] ऐ.ऐ.सङ्ख्या २, पृ.४

[१२] ऐ.ऐ.सङ्ख्या २, पृ.११

छुँदा उनकी कान्छी आमा र त्यस बेलाका शक्तिशाली भारदार भाजुकस मिलेर भूपतीन्द्र मल्ललाई मार्ने षडयन्त्र रच्न थाले । उनलाई मार्न मानिसहरू खटाइयो । ती मानिसहरूले पनौतीको जङ्गलमा पुगेपछि बालक राजकुमारप्रति मनमा प्रेमभाव पलाएपछि भूपतीन्द्र मल्लको हत्या गर्न सकेनन् र जङ्गलमा छाडेर गए । जङ्गलमा दाउरा-स्याउला लिन गएका पनौतीका मानिसहरूले उनलाई भेट्टाएर पनौतीका महाथ (सामन्त) लाई खबर गरी पनौतीको राजगद्दीमा बसाले । केही वर्षपछि भक्तपुरका असन्तुष्ट भारदार र पनौतीका जनता मिलेर भक्तपुर आफ्नो अधिनमा पारे ।[१३]

भूपतीन्द्र मल्लको पनौतीप्रति ठूलो स्नेह देखिन्छ । यिनले ब्रह्मायणीमन्दिरको पीठ र सोह्रखुट्टेपाटीनजिक रहेको ब्रह्मायणी देवघरको शिलामूर्ति पनि बनाए । यिनकी पत्नीले ब्रह्मायणीमन्दिरको पूजाआजा चलाउन गुठीजग्गाको बन्दोबस्त मिलाइदिइन् । पनौतीजात्राका क्रममा ब्रह्मायणीको मन्दिरमा कालरात्रिपूजा गर्न लगिने सामग्रीमा भूपतीन्द्र मल्लको नाम कुँदिएको उल्लेख भएबाट पनौतीको जात्रा तथा चाडपर्वमा उनको विशेष स्थान देखिन्छ ।

वि.सं.१७७९ मा राजा भूपतीन्द्र मल्लको मृत्युपछि उनका छोरा रणजीत मल्ल भक्तपुरका राजा बने । उनको समयमा उपत्यकाका तीन राज्यहरू भक्तपुर, कान्तिपुर र ललितपुरका बीचमा राम्रो सम्बन्ध थिएन । यी राज्यहरू एक-आपसमा लडिरहन्थे । उता गोरखाका राजा पृथ्वीनारायण शाह नेपालको एकीकरण-अभियानमा लागिसकेका थिए । उनले उपत्यकामा आक्रमण गर्नुभन्दा पहिले उपत्यकावरपरका राज्यहरूमाथि विजय हात पार्ने रणनीति बनाएका थिए । त्यसैको फलस्वरूप उनले वि.सं.१८०३ को भाद्र महिनामा काभ्रेको नालदुम र महादेवपोखरीलाई आफ्नो राज्यमा मिलाए । यसै क्रममा सिन्धुली, झाँगाझोली र दुम्जा पनि एकीकरणमा मिलिसकेका थिए । वरपरका स-साना राज्यहरू पनि गोरखाली फौजले जितिसकेका थिए । तर पनौतीका जनतालाई भने पृथ्वीनारायण शाहले आफ्नो विश्वासमा पार्न सकेनन् । उनीहरूले पछिसम्म पनि पृथ्वीनारायण शाहको विरोध गरिरहे ।[१४] वि.सं.१८२०कात्तिक १०.गते धुलिखेललाई आफ्नो कब्जामा पारेपछि त्यसको भोलिपल्ट अर्थात् वि.सं.१८२० कात्तिक ११ गते पृथ्वीनारायण शाहले पनौतीमा आक्रमण गरेर विजय पाएपछि पनौती पनि आधुनिक विशाल नेपालमा मिल्न पुग्यो ।

---

[१३] ऐ.ऐ.सङ्ख्या ३, पृ.६

[१४] ऐ.ऐ.सङ्ख्या ५, पृ.६८

१२) धार्मिक महत्त्व

धार्मिक दृष्टिकोणबाट पनौती ज्यादै महत्त्वपूर्ण छ । यो इन्द्रको तपोभूमि, शचीको प्यारो भूमि र अहल्याको मुक्तिभूमि हो । सत्ययुगमा देवराज इन्द्रले ऋषि गौतमकी पत्नी अहल्यासँग छल गरेर अनुचित यौनसम्बन्ध कायम गरेपछि गौतम ऋषिको श्रापबाट मुक्त हुन पनौतीमा आएर तपस्या गरेका थिए र उनी पापबाट मुक्त भएका थिए । त्यस्तै 'पटन' भन्ने थ्यासफु (पुस्तक) का अनुसार आमासँग कुरा नमिलेपछि घरबाट बाहिरिएका विरूपाक्षको खोजीमा निस्कँदा रातको समयमा आमाछोराको भेट भएपछि दुवैको राजीखुसीमा अन्जानमा यौनकर्म भयो, तर पछि आमाछोरा भन्ने कुरा थाहा भएपछि विरूपाक्षलाई पश्चात्ताप भयो । आफ्नी आमासँगको पापकर्मबाट मुक्ति पाउन विरूपाक्षलाई 'ने मुनि' ले पनौतीमा स्नान गर्न जानु भन्ने सल्लाह दिएबमोजिम स्नान गरेर विरूपाक्ष पनि पापबाट मोक्ष प्राप्त गर्न सफल भए । त्यसैले यो स्थानको ठूलो धार्मिक महत्त्व छ ।

जेष्ठमासे पौर्णमास्यां स्नानं कृत्वा तु सङ्गमे
इन्द्रेश्वरं च द्रक्ष्यन्ति तेक्षं स्वर्गो न संशयः

- नेपाल महात्म्य

शचीतीर्थ, उत्तरप्रयाग, पावनधाम जस्ता उपनाम पाएको यो नगर सबैको धार्मिक आस्थाको केन्द्रविन्दु हो । सत्ययुगमै दक्षप्रजापतिले कोटिहोम गर्दा सतीदेवीका पति महादेवलाई नबोलाएको र सबैका अगाडि महादेवलाई अपमान गरेको सहन नसकी यज्ञकुण्डमै हामफालेर देहत्याग गर्दा शोकाकुल बनेका महादेवले पत्नी सतीदेवीको शवलाई बोकी हिँड्ने क्रममा पनौतीको धनेश्वर पुग्दा दायाँ कान र भालेश्वर पुग्दा बायाँ कान खसेर शक्तिपीठ उत्पन्न भएको दृष्टान्त स्वस्थानीकथामा उल्लेख भएको पाइएकोले पनि यो नगरको महत्त्व धार्मिक रूपमा कति रहेछ भन्ने कुरा प्रष्ट हुन्छ । नमोबुद्धको जन्मथलो भएको कारण बौद्धधर्मका दृष्टिले समेत यसलाई अति पवित्र धार्मिक स्थल मान्न सकिन्छ ।

पनौतीलाई पवित्र तीर्थस्थल मानेर विभिन्न मेलापर्वको बहानामा मानिसहरू आफूले गरेका पापहरूबाट मुक्त हुन र धर्म कमाउन यहाँ आउने गर्दछन् । यो भूमि पवित्र भएकै कारण प्रत्येक वर्ष भक्तपुरको प्रसिद्ध नवदुर्गा तथा साँखु र भक्तपुरबाट वर्षेनी माधवनारायणको आगमन हुने र जात्रा चलाउने चलन हालसम्म यथावत छ । कान्तिपुरका राजा प्रताप मल्लले आफ्ना कान्छो छोराको सम्झनामा वि.सं.१७२७ मा रानीपोखरी निर्माण गरिसकेपछि सबै पवित्र तीर्थस्थलहरूबाट जल ल्याई भर्ने क्रममा पनौतीलाई पनि पवित्र तीर्थस्थल मानेर

यहाँबाट रानीपोखरीमा जल लगेर मिलाएका थिए ।[१५] यसबाट पनौतीको धार्मिक गरिमा उच्च रहेको प्रष्ट हुन्छ । पनौतीको त्रिवेणीघाटमा रहेका असङ्ख्य मन्दिरहरू, इन्द्रेश्वरहाताभित्र रहेका अनगन्ती मन्दिर तथा मूर्तिहरू देखेर यो स्थान ठूलो धार्मिक स्थल हो भन्ने सहजै अनुमान लगाउन सकिन्छ । पनौती पवित्र धार्मिक स्थल भएकै कारण दिवङ्गत आत्माले शान्ति पाओस्, स्वर्गमा बास होस् भन्ने चाहनाले शवलाई टाढाटाढाबाट यहाँ ल्याई विधिपूर्वक दाहसंस्कार गर्ने प्रचलन छ । यसका अलावा मानिसहरू यहाँ आई स्नान गरी आफ्नो चित्त शुद्ध पार्ने पनि गर्दछन् ।

यति मात्र होइन, हाम्रा चाडपर्वहरू धर्मलाई आधार मानेर बनाइएका हुन्छन् । यी चाडपर्वहरूबाट पनि पनौतीको धार्मिक महत्त्व उच्च रहेको पुष्टि हुन्छ । नेपाल खाल्डो र त्यसको वरपर सबैभन्दा पहिले यहाँबाट जात्रा प्रारम्भ हुन्छ । यहाँ मनाइने तर हाल लोप भइसकेको भैरवको प्रतिक क्वं द्य: (घ्याम्पोदेउता) को जात्रा समापन भएपछि त्यसको प्रसाद लगी घोडेजात्रा प्रारम्भ गर्ने चलन रहेको यहाँको बूढापाकाहरू बताउँछन् । कान्तिपुरको घोडेजात्राका लागि यहाँबाट क्वं द्य:जात्राको प्रसाद लानुपरेबाट यहाँको धार्मिक महत्त्व स्पष्ट हुन्छ । त्यस्तै, यहाँको जेष्ठपूर्णिमामा पर्ने मूल जात्रा पनौतीजात्रा सकिएपछि नेपाल खाल्डोलगायत आसपासका सम्पूर्ण क्षेत्रमा जात्रा समाप्त हुन्छ अर्थात् यो नै अन्तिम जात्रा हो भन्ने भनाइ पनि रहेको छ । यहाँका बूढापाकाहरूको भनाइअनुसार नेपाल खाल्डोलगायत आसपासका क्षेत्रमध्ये सुरू र अन्तिमको जात्रा यहाँ हुने गर्दछ ।

पनौतीलाई स्थानीय नेपाल भाषामा 'पलाती' भनिन्छ । यहाँ 'पलाती'को अर्थ 'पाइला राख' भन्ने बुझिन्छ । यसबाट पनि यसको धार्मिक महत्त्व थाहा हुन्छ । धार्मिक मान्यता अनुसार पनौती एउटा पवित्र तीर्थस्थल भएकाले यो स्थानमा एकपल्ट सबैले पाइला राख्नुपर्दछ भन्ने धार्मिक मान्यता रहेको छ । यहाँ पाइला राखेमा अर्थात् पनौतीको तीर्थाटन गरेमा मोक्ष प्राप्त हुने, मानिसको इहलिला समाप्त भएपछि पनि स्वर्गमा वास पाइने धार्मिक मान्यता रहेको छ । यस पवित्र तीर्थस्थलमा आई स्वयम् महादेवले समेत स्नान गरेको किंवदन्ती छ ।

त्रिवेणीघाट नागहरूका राजा वासुकी नागको वासस्थान पनि हो । यही त्रिवेणी सङ्गमस्थलमा बासुकी नागराजको वासस्थान छ । पनौतीको रक्षा गरी बसेका बासुकी नागको कीर्ति टाढा टाढासम्म फैलिएको थियो । बासुकी नाग बसेको ठाउँमा सुख ऐश्वर्यले बास गर्ने जनविश्वास थियो । एक दिन पाटनका तान्त्रिक गुभाजू बन्धुदत्तले यो कुरा थाहा पाए । त्यसैले उनले बासुकी नागलाई

[१५] विजयराम कर्माचार्य, पनौतीको बाह्रवर्षे मकरमेला.., २०५४ पृ ६

आफ्नो ठाउँ पाटनमा लैजाने विचार गरे । बन्धुदत्तले आफ्नो तन्त्र विद्याको माध्यमबाट धनन्जय बासुकी नागको आराधना गर्न थाले । उनको आराधनाबाट खुसी भएर बासुकी नागराजले गुभाजुलाई प्रत्यक्ष दर्शन दिएर र आराधना गर्नुको उद्देश्य सोधे । बन्धुदत्तले भने -"हजुर सर्वज्ञ हुनुहुन्छ । हजुरको शक्ति र यश बारे सबैलाई थाहा छ । मलाई हजुरको विशाल स्वरूपको दर्शन गर्न इच्छा छ, भगवान ।" उनको आग्रह सुनेपछि बासुकी नागले आफ्नो विशाल स्वरूपको दर्शन दिने क्रममा गोरखनाथ डाँडालाई तीन फन्को बेरी ब्रम्हायणी मन्दिरको गजुरमा टाउको राखे । त्यसपछि बन्धुदत्तले पून भने -"हे भगवान ! तपाई धन्य हुनुहुन्छ । अब मलाई तपाईको विशाल स्वरूपको दर्शन गरेपछि सबभन्दा सानो रूपको पनि दर्शन गर्ने मनोकाँक्षा भयो । कृपया ममाथि दया गर्नुहोस् । हजुर सानोमा कतिसम्म सानो बन्न सक्नुहुन्छ ।" बन्धुदत्तको जिज्ञासा सुनेपछि बासुकी नागराजले भने -"बन्धुदत्त ! म तिमीले ल्याएको कमण्डलुको टुटीबाट भित्र छिरेर त्यहीबाट बाहिर निस्कन सक्छु ।" यति भनी बासुकी नागराज कमण्डलुको टुटीबाट भित्र पसे । त्यसैबेला तान्त्रिक गुभाजूले आफ्नो तन्त्र विद्याको प्रयोग गरेर कमण्डलुको टुटीको मुख बन्द गरिदिए । बासुकी नागले बाहिर निस्कने अनेक प्रयास गरे, तर सकेनन् । त्यसपछि बन्धुदत्तले पुण्यमाता खोला हुँदै बासुकी नागलाई पाटन लैजान थाले । रातको समय थियो । पनौतीका मानिसहरू सबै मस्त निन्द्रामा थिए । त्यसैबेला ठूलो हुरी बतास चल्यो, आकास गड्गडायो । पनौतीका जनतालाई अनेक किसिमले हार-गुहार मागे । तर कसैले पनि चाल पाएनन् । आफूलाई लैजाने निश्चित भएपछि बासुकी नाग निकै गह्रुगो भैदिए । पुण्यमाता खोलाबाट उनलाई लैजाँदा नागराजको प्रभावले ढुङ्गाहरू समेत माथितिर फर्किए । कुनै पनि नदीका ढुङ्गाहरू तलतिर फर्कने गर्दछ । तर पनौतीमा त्रिवेणी घाटदेखि बाँसडोल खोला (चस खुसी) सम्मका पुण्यमाता खोलाका ढुङ्गाहरू माथितिर फर्किएका छन् । यो हुनुको कारण बासुकी नागको प्रभाव हो भन्ने जनविश्वास छ । यसरी बासुकी नाग ज्यादै गह्रुंगो भैदिएपछि तान्त्रिकले चसखुसी (बाँसडोल खोला) पुण्यमातासँग मिल्ने ठाउँमा पुगेपछि एउटा ढुङ्गामा विसाए । अफ्न पनि त्यस स्थानमा नागलाई सम्फी पूजा गर्ने चलन छ ।

यसरी तन्त्रविद्याको माध्यमबाट पनौतीका बासुकी नाग पाटनमा पुऱ्याएर रातो मच्छिन्द्रनाथको मन्दिरमा लगी राखेको कुरा चारैतिर फैलियो । पनौतीबासीमा हाहाकार मच्चियो । पनौतीबासीले बासुकी नागको आराधाना गरे, क्षमा मागे र पुन: पनौतीमा आएर बस्न आग्रह गरे । पनौतीबासीको स्तुतिको फलस्वरूप विशेष जात्रा, पर्वहरूमा चारदिन अगाडि आउने र जात्रा पर्व सकिएको चारदिन पछि फर्केर जाने वचन दिए । अहिले पनि विशेष गरी पनौती

जात्राको चार दिन अगाडि ठूलो हावाहुरीका साथ पानी पर्दछ । पानी पर्दा बासुकीनाग पनौतीमा फर्केको जनआस्था रहेको छ । त्यस्तै रातो मच्छिन्द्रनाथको मन्दिरमा पनौतीका जो कोही पनि गएर बासुकी नागको दर्शन गर्न सक्ने व्यवस्था अहिले पनि छ ।

पनौती सम्पूर्ण बौद्धमार्गीहरूका लागि पनि धार्मिक रूपले महत्त्वपूर्ण स्थल हो । नमोबुद्ध गौतम बुद्धको पूर्वजन्म हो भन्ने भनाइ छ । गौतम बुद्ध त्याग र समर्पणका प्रतीक हुन् । आफ्नो जीवन अरूका लागि अर्पण गरेका नमोबुद्धरूपी महासत्वको जन्म यही पाञ्चाल देश (पनौती) मा भएको थियो । हाल नमोबुद्धको चैत्य शंखुमा रहेको छ । शंखुको गन्धमादन पर्वतमा राजकुमार महासत्वले निर्वाण प्राप्त गरेका थिए । त्यसैले यहाँ नमोबुद्धको चैत्य स्थापित भएको हो । पनौतीमा जन्मिएका नमोबुद्धको जात्रा प्रत्येक वर्ष भाद्रकृष्ण त्रयोदशीका दिन पनौतीमा हुने गर्दछ । यस दृष्टिकोणबाट हेर्दा पनौतीको धार्मिक गरिमा अझ फराकिलो रहेको प्रष्ट हुन्छ ।

उत्तरप्रयाग, शचीतीर्थ, पावनधामजस्ता नाम पाएको पनौती ठूलो तीर्थस्थलका रूपमा रहेको छ । एकपल्ट महादेवले भष्मासुरलाई वरदान दिएपछि आफूले पाएको वरदानबाट स्वयम् महादेवलाई नै भष्म गर्न लाग्दा महादेव भागेर जाने क्रममा धर्ती फाटेर गुफा बन्यो । उक्त गुफा हुँदै उनी पनौतीको त्रिवेणीघाटमा आइपुगे । त्रिवेणीघाट पुगेपछि गुफाको बाटो हुँदै आउँदा आफ्नो शरीरमा लागेको फोहोर महादेवले त्रिवेणीकै जलले पखालेका थिए भन्ने जनश्रुति रहेको छ ।

महाभारतका प्रमुख पात्रहरू पाँचपाण्डवकी पत्नी द्रौपदीको मन्दिर सायद नेपालमा कतै पनि पाइँदैन । तर द्रौपदाको मन्दिर पनौतीको खोपासीमा रहेको छ । त्यहाँ श्रद्धालु भक्तहरू श्रद्धापूर्वक पूजा गर्ने गर्दछन् । महाभारतकालमा पाँचपाण्डवहरूले बाह्रवर्षको वनवास र एकवर्षको गुप्तवास बिताएका थिए । सो समयमा एकवर्षसम्म हालको पनौती – १२ मा अवस्थित विराट राजाको दरबारमा गुप्त रूपमा बसेका थिए भन्ने किंवदन्ती रहेको छ । द्रौपदीको अर्को नाम सैरेन्द्रि हो । यही सैरेन्द्रिकै नामबाट खोपासीको एउटा नदीको नाम पनि रहेको छ । यसरी पनौती धार्मिक दृष्टिकोणले निकै महत्त्वपूर्ण देखिएको छ । पनौतीको यो धार्मिक छविलाई जोगाइराख्न सबैले आ-आफ्नो जिम्मेवारी इमानदारीपूर्वक बहन गर्नुपर्ने देखिन्छ ।

१३) चाडपर्व र पूजा

मानिसहरू आफ्नो परम्परा अनुसार चाडपर्व मनाउने गर्दछन् । कुनै पनि स्थानको चाडपर्वले त्यस स्थानको इतिहास, संस्कृति र परम्परालाई बोकेको हुन्छ । पनौतीमा पनि असङ्ख्य चाडपर्वहरू छन् । तिनले पनौतीको इतिहास, संस्कृति र परम्परालाई निरन्तरता प्रदान गर्दै आएका छन् ।

पनौती नगर हरेक दृष्टिकोणले महत्त्वपूर्ण छ । अझ चाडपर्व र पूजाआजाका दृष्टिले त यो नगर निकै सम्पन्न देखिन्छ । यहाँ प्रत्येक साता कुनै न कुनै पर्व वा पूजा चलेकै हुन्छ । यहाँ चलेका चाडपर्वले यहाँका वासिन्दालाई धर्मप्रति आस्थावान् बनाइराख्न प्रेरित मात्र नगरी प्राचीन परम्परागत संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्नसमेत सिकाउँछ । यहाँ प्रचलित चाडपर्व तथा पूजाआजाको विशेष महत्त्व छ ।



यहाँको ब्रह्मायणीमन्दिरमा प्रत्येक शनिबार हाँसको बलि दिएर पूजा गर्ने चलन छ । वैशाख महिनाको अक्षयतृतीयाका दिन त्रिवेणीघाटमा बद्रीनारायणको मन्दिरअगाडि बेलसँग विवाह गर्ने पर्व पर्दछ । यो पर्व दुई दिनसम्म चल्दछ । जेठ महिनाको शुक्लपक्ष षष्ठीका दिन यहाँ सिठी नखः पर्व पर्दछ । यो दिन चटामरी (चामलको पीठोको रोटी), बारालगायत विभिन्न परिकारहरू बनाई भोज खाने गरिन्छ । यही दिन देवाली पनि गरिन्छ । असार महिनामा पनौतीमा देशपूजा गर्ने प्रचलन छ । देशपूजा गर्दा ब्रह्मायणीमन्दिरमा राँगा र बोका काट्ने प्रचलन छ । श्रावण महिनामा मनाइने गठेमङ्गलपर्व पनि कम रोमाञ्चक छैन । छ्वालीको गठेमङ्गल बनाई आगो बालेर मनाइने यस पर्वको आफ्नै महत्त्व छ । घण्टाकर्णको नामले पनि परिचित यो पर्व सकिएपछि लामखुट्टेले दुःख दिँदैन भन्ने जनविश्वास रहेको छ । पनौती नगरमा यो पर्व राक्षसी प्रवृत्तिको अन्त्यको प्रतीक स्वरूप मनाइने गरिन्छ । छ्वालीबाट बनाइएको घण्टाकर्णको प्रतीकलाई खोलामा लगी विसर्जन गरिन्छ । श्रावण महिनामा नै ढाल्चा भजन र पूजा गर्ने प्रचलन पनि अद्यावधि छँदैछ । यो पर्व एक महिनासम्म चल्दछ । श्रावण महिनामै गुँला बाजा परिक्रमापर्व पर्दछ । यो पर्व श्रावणको प्रतिपदादेखि एक महिनासम्म चल्दछ । त्यस्तै श्रावण सङ्क्रान्तिका

दिन न.पा.को वडा नं.९ स्थित विविकादेवीलाई पाठो बलि दिने प्रचलन छ । सोही दिन संसारीदेवीलाई पनि पाठो बलि दिई पूजाआजा गर्ने प्रचलन छ । भाद्र महिना पर्वैपर्वको महिना हो । गाईजात्राको दिन मृतात्माको शान्तिको कामनासहित ताहा सा:, ढाकाचा, गाई आदि बनाई नगर परिक्रमा गराउने चलन छ । कसैकसैले रथ बनाई मृतकको तस्विरसहित हरेराम भजन गरी नगर परिक्रमा गराउने चलन पनि रहेको छ । यसको अघिल्लो दिन जनैपूर्णिमा पर्व पर्दछ । उक्त दिन नेवार समुदायमा क्वाँटी खाने चलन छ । तीजपर्व सम्पूर्ण हिन्दूनारीहरूको महान् पर्व हो । यो पर्वका दिन इन्द्रेश्वरमन्दिरमा व्रतालु महिलाहरूको ठूलो भीड लाग्ने गर्दछ । व्रतालु महिलाहरू नाचगान गरी रमाइलो गर्दछन् । यसका साथै देवीनाच पर्व, भीमसेनस्थान (चौकोट) मा बलिसहित गरिने पूजा, कृष्णजन्माष्टमीका दिन महादेवस्थानमा बत्ती बाली लगाइने मेला पनि छन् । असोज महिनामा मनाइने यनियाँपूर्णेका दिन पनौतीमा कर्कलाको अचार, काँक्रो, नास्पाती आदि बाँडेर पर्व मनाउने पारम्परिक प्रचलन छ । दसैंको फूलपातीको दिन फूलपाती-उत्सव हुन्छ । सोही दिन र टीकाको भोलिपल्ट देवीनाच पनि देखाइन्छ ।

नेपालका अन्य जनताले जस्तै यहाँका जनताले पनि राष्ट्रिय चाड दसैं धुमधामसँग मनाउने गर्दछन् । दसैंको घटस्थापनादेखि दशमीसम्म स्वाँतकी (पुष्पार्पणपूजा) पर्व मनाइन्छ । यी दिनहरूमा प्रत्येक दिन भजन गाउँदै अष्टमातृकामा फूल चढाई पूजा गर्ने र आरती दिने प्रचलन रहेको छ । त्यस्तै, रामनवमीको दिन शारदादेवीको मन्दिरमा बत्ती बाल्ने गरिन्छ भने सोही दिन त्यहाँ मेला लाग्ने गर्दछ ।

हिन्दूहरूको महान् दोस्रो चाड तिहार हो । तिहारलाई पनि बडो धुमधामसँग पनौतीका बासिन्दाहरूले मनाउने गर्दछन् । कात्तिक महिनाभरि इन्द्रेश्वरमा दाफा भजन चल्दछ । तिहारको लक्ष्मीपूजाका दिन महालक्ष्मीलाई राँगाको बलि दिई पूजा गर्ने प्रचलन छ । मङ्सिरमा धान्यपूर्णिमाको दिन धनेश्वरमहादेवमा ठूलो मेला लाग्दछ । यो मेलामा मानिसहरूको ठूलो भीड

लाग्दछ । सोही दिनलाई योमरिपूर्णे पनि भन्ने गरिन्छ र घरघरमा योमरि पकाई खाने प्रचलन छ । पूर्णेकै दिन फड्केश्वर महादेवस्थानमा रातभरि जाग्राम बसी



बत्ती बालेर बिहान खोलामा लगी सेलाउने चलन छ । पूर्णेकै दिन सल्लेमा सल्लेदेवीको पूजाआजा हुन्छ । सकिमन्हापुन्हीका दिन मन्दिरअगाडि भुटेको अन्नका विभिन्न परिकारहरूबाट विभिन्न आकृतिका भगवान्का मूर्ति तथा मन्दिरहरू बनाई भजन एवं पूजा गरेर प्रसाद बाँड्ने प्राचीन परम्परा कायमै रहेको छ । यो दिन पिँडालु र सखरखण्ड उसिनेर खाने चलन छ । सोही दिन नमोबुद्धमा ठूलो मेला लाग्दछ । माघ महिनाको सुरुको दिन यहाँ माघेसङ्क्रान्तिपर्व चल्दछ । उक्त दिन घ्यू, चाकु, तिलको लड्डु, तरुल आदि परिकारहरू बनाई पूजाआजा गरेर भोज खाने चलन छ । सोही महिनामा भक्तपुर र साँखुबाट माधवनारायणको आगमन हुन्छ । त्यस बेला पनौतीवासीहरू पूरा श्रद्धा एवं भक्तिपूर्वक माधवनारायणको पूजाआजा गर्दछन् । यहाँका जनता व्रतालुहरूका लागि आवश्यक सहयोग गर्दछन् । पनौतीमा माघेसङ्क्रान्तिका दिन जलेश्वरमहादेवको पूजाआजा गरी रुद्री पाठ गर्ने परम्परा रहँदै आएको छ । यहाँ प्रत्येक १२ वर्षमा एकपल्ट माघ महिनाभरि बाह्रवर्षे मकरमेला लाग्दछ । यो मेला भर्न टाढाटाढाबाट लाखौँ भक्तजन आउने गर्दछन् । बाह्रवर्षे मकरमेलामा आएपछि सम्पूर्ण पापबाट मुक्त हुने, सुख-ऐश्वर्य पाइने जनविश्वास छ । यो पर्व नेपालभरि प्रसिद्ध छ । त्यस्तै, फागुन महिनाको शिवरात्रिका दिन टोलटोलमा साँझपख आगो

बाली शिवरात्रिपर्व मनाउने गर्दछन् । शिवरात्रिपर्वमा शिवको आराधना गर्ने, कथाश्रवण गर्ने, व्रत बस्ने र मकै-भटमास, हलुवा आदिलाई प्रसादका रूपमा ग्रहण गर्ने र बाँड्ने चलन छ ।

पर्वको नाम	मनाइने समय	मनाइने स्थान
हाँसको बलिका साथ ब्रह्मायणीपूजा	प्रत्येक शनिबार	स्मारकक्षेत्र
बेलविवाह	अक्षयतृतीया	त्रिवेणीघाट
सिठी नख:	जेठ	स्मारकक्षेत्र
देशपूजा	असार	स्मारकक्षेत्र
गठेमङ्गल	श्रावण	स्मारकक्षेत्र
ढल्चाभजन	श्रावण	स्मारकक्षेत्र
विविकादेवीको पूजा	श्रावण	वडा नं.९
संसारीदेवीलाई पाठो बलि	श्रावण	वडा नं.९
गुँलाबाजा परिक्रमापर्व	श्रावण	स्मारकक्षेत्र
गाईजात्रा	भाद्र	स्मारकक्षेत्र
क्वाँटी खाने पर्व (जनैपूर्णिमापर्व)	भाद्र	स्मारकक्षेत्र
तीजपर्व	भाद्र	स्मारकक्षेत्र
चोथापर्व	भाद्र	स्मारकक्षेत्र
देवीनाच	भाद्र	स्मारकक्षेत्र
फूलपाती-उत्सव	दसैँ	स्मारकक्षेत्र
शारदादेवीको मन्दिरमा मेला	रामनवमी	देवीस्थान
देवीनाच	असोज	स्मारकक्षेत्र
स्वाँतकीपर्व	घटस्थापना–दशमीसम्म	स्मारकक्षेत्र
दाफा भजन	कात्तिक	स्मारकक्षेत्र
ब्रह्मायणी र काठगणेशको पूजा	कात्तिक	स्मारकक्षेत्र
महालक्ष्मीपूजा	कात्तिक	स्मारकक्षेत्र
सकिमनापूर्णेपर्व	कात्तिक	स्मारकक्षेत्र
धनेश्वरमेला	मङ्सिर	वडा नं.२
धान्यपूर्णे (योमरिपर्व)	मङ्सिर	स्मारकक्षेत्र
सल्लेदेवीको पूजा	मङ्सिर	सल्ले
माघेसङ्क्रान्ति	माघ	पनौती न.पा०
जलेश्वरमहादेवको पूजापर्व	माघ	वडा नं.१२
माधवनारायणको पूजापर्व	माघ	स्मारकक्षेत्र
बाह्रवर्षे मेला	माघ	स्मारकक्षेत्र
शिवरात्रि	फागुन	स्मारकक्षेत्र

केही प्रसिद्ध चाडपर्वहरू

पनौती नगरभित्र मनाइने विभिन्न प्रकारका चाडपर्वहरूका बारेमा माथि नै सङ्क्षेपमा चर्चा गरिएको छ । पनौतीभित्र प्रचलनमा रहेका पर्वहरूको उत्तिकै महत्त्व छ । यी सबै साना-ठूला पर्वहरूका आ-आफ्नै विशेषताहरू छन् । यहाँ भएका सम्पूर्ण चाडपर्वहरूका बारेमा विस्तृत चर्चा गर्न सकिने अवस्था नभएका कारण पनौतीका केही प्रमुख पर्वहरूका बारेमा मात्रै यहाँ चर्चा गर्ने प्रयास गरिएको छ ।

१३.१ पनौतीको बाह्रवर्षे मकरमेला

माघ महिना विस्तारै जाडो कम हुँदै गर्मी चढ्ने महिना हो । माघ महिना लाग्ने बित्तिकै सूर्य धनु राशीलाई छोडेर मकर राशीमा प्रवेश गर्दछ । यसरी सूर्य मकर राशीमा प्रवेश गरेको माघ महिनाको पहिलो दिनदेखि अन्तिम दिनसम्म बाह्रवर्षको एकपल्ट पनौतीमा मकरमेला लाग्ने गर्दछ । यो मेलालाई बाह्रवर्षे मकरमेला भनिन्छ ।

मकर शब्दको अर्थ माघ महिना पनि हो । माघ महिनाभर लाग्ने मेला भएकाले पनि पनौतीको त्रिवेणीघाटमा बाह्रवर्षको एकपटक मनाइने मेलालाई मकरमेला भनिएको हुनसक्दछ । माघ सुरू भएको दिनदेखि महिनाको अन्तिम दिनसम्म पनौतीको पवित्र तीर्थस्थल त्रिवेणीघाटमा बाह्रवर्षको एकपल्ट मनाइने हिन्दूहरूको ठूलो पर्वका रूपमा पनौतीको बाह्रबर्षे मकरमेला रहेको छ ।

मकरमेला लाग्ने माघ महिनाको महिमा पनि ठूलो छ । माघको पहिलो दिनदेखि नै पृथ्वीको गोलार्द्धमा सूर्य उत्तरतर्फ ढल्कने गर्दछ । सूर्य उत्तरायण भएपछि न्यानोपनमा बृद्धिभई पुषको कठ्याङग्रिदो जाडो क्रमश: कम हुदै जान्छ । यसै महिनादेखि दिनहरू पनि लामो हुँदै जाने गर्दछन् । यो महिना स्वास्थ्यका दृष्टिले उपयुक्त महिनाको रूपमा मानिन्छ ।

धार्मिक दृष्टिले यसको ठूलो महत्त्व रहेको छ ।

पनौतीको त्रिवेणीमा मनाइने यो बाह्रवर्षे मकरमेला सम्पूर्ण हिन्दुहरूका लागि महत्त्वपूर्ण मेला हो । यस्तै बाह्रवर्षको एकपल्ट ललितपुरको गोदावरीमा पनि मेला लाग्दछ । पनौतीमा मनाइने बाह्रवर्षे मकरमेलाप्रति हिन्दु धर्मावलम्बीहरूको ठूलो धार्मिक आस्था र विश्वास रहेको हुन्छ । त्यही धार्मिक आस्थाका कारण हरेक बाह्रवर्षको एकपल्ट मकरमेला लाग्दा लाखौंको संख्यामा यहाँ मेला भर्न भक्तजनहरू ओइरिन्छन् । पनौतीको त्रिवेणीलाई उत्तरप्रयाग, शचीतीर्थ, पावनधाम भनी मानिसहरू श्रद्धा गर्दछन् । यस स्थलमा पाईला मात्र टेक्दा पनि मोक्ष पाइने



जनविश्वास अझै घटेको छैन् । मकरमेला लाग्दा देशका कुनाकाप्चाबाट मानिसहरू ठूलो सङ्ख्यामा यहाँ आई मेला भर्दछन् । मकरमेला लागेको समयमा यहाँ आई त्रिवेणी सङ्गमस्थल (पद्मावती, लीलावती र रुद्रावती) मा नुहाई देवीदेवताको पूजा गरेमा सम्पूर्ण पापबाट मुक्ति मिल्दछ भन्ने धार्मिक विश्वास रहेको छ । यही विश्वासका कारण त्रिवेणी

सङ्गमस्थलमा मकरमेला अवधिभर स्नान गर्ने भक्तजनहरूको ठूलो घुँइँचो लाग्ने गर्दछ । असङ्ख्य देवीदेवताका मन्दिहरूले भरिएको त्रिवेणी क्षेत्र वास्तवमै एउटा महत्त्वपूर्ण तीर्थस्थल हो । देवताका राजा इन्द्र, शची, विरुपाक्ष जस्ता देवताहरूले समेत यस त्रिवेणी सङ्गमस्थलमा आई मोक्ष प्राप्त गरेका थिए भन्ने जनश्रुति रहेको छ। पनौतीमा बाह्रवर्षको एकपल्ट मकरमेला लाग्दा मेला भर्न आएका श्रद्धालुहरू त्रिवेणी सङ्गमस्थलमा श्रद्धापूर्वक स्नान गरी त्रिवेणी क्षेत्रमा रहेका देवीदेवताहरूको दर्शन गर्दछन । त्रिवेणी सङ्गमस्थलमा वास गर्ने बासुकी नागलाई जल चढाउने गरिन्छ । गोरखनाथ डाँडाको काखमा, त्रिवेणी किनारमा अवस्थित ब्रह्मायणी देवीको मन्दिरलाई काभ्रे जिल्लाका शक्तिपिठहरूमध्यको एक मानिएको छ । यस मन्दिरभित्र रहेको खाल्दोमा मकरमेला प्रारम्भ भएपछि जल आइरहन्छ । जल आउने क्रम मकरमेला अवधिभर रहन्छ । भक्तजनहरू श्रद्धापूर्वक ब्रह्मायणीको दर्शन गरी जल ग्रहण गर्दछन् । बाह्र वर्षे मकरकेलामा मात्र निस्कने यो जलको प्रतापले ठूलो पुण्य कमाइने जनविश्वास रहेको छ । पनौतीको त्रिवेणीघाटसँगै गोरखनाथको डाँडा रहेको छ । यस डाँडालाई कुञ्जगिरी पर्वत पनि भनिन्छ । त्रेता युगमा राम र रावण वीच युद्ध हुँदा रावणका छोरा इन्द्रजितले रामका भाइ लक्ष्मणलाई नागपासले मुर्छित पारेपछि हनुमानले संजिवनी बुटी सहितको ठूलो पहाड उठाएर ल्याउँदा पनौती पुगेपछि पर्वतको सानो अंश तल झर्दा यो पहाड बनेको हो भन्ने जनश्रुति छ । यस डाँडामा गोरखनाथको मन्दिर छ। त्रिवेणीघाटमा नुहाई पूजाअर्चना गरेपछि डाँडा चढ्न सक्नेहरू त्यहाँ गई गोरखनाथको दर्शन गर्दछन् । गोरखनाथको मन्दिरमा पुगेका भक्तजनहरूले उत्तरतर्फ हेर्दा हिमालका मनोरम दृश्यको स्वाद समेत लिन भ्याएका हुन्छन् । त्यस्तै त्यहाँबाट पूर्व हेर्दा नमोबुद्धको मन्दिरको दर्शन गर्न सकिन्छ । यसको पश्चिमबाट फूलचोकी देवीको मन्दिर देखिन्छ । गोरखनाथमन्दिर जाँदा कसैकसैले आफ्नो दायाँ हातको बुढी औंलाको खोपिल्टोमा त्रिवेणीघाटको जल राखेर लगी गोरखनाथ मन्दिरमा चढाउने गर्दछन् । यसो गर्दा आफूले मनले चिताएको मनोकाँक्षा वा चाहना पुरा हुन्छ भन्ने विश्वास रहेकोछ ।

गोरखनाथको दर्शनपछि भक्तजनहरू इन्द्रद्वारा स्थापना गरिएको जनविश्वास रहेको इन्द्रेश्वर महादेवको दर्शन गर्दछन् । इन्द्रेश्वर महादेवको मन्दिर पनौतीको मात्र नभई नेपालकै महत्त्वपूर्ण मन्दिरहरूमध्यको एक हो । नेपालका प्रीचन मन्दिरहरूको पंक्तिमा रहेको यो मन्दिरको महिमा ठूलो

छ । मकरमेलामा त्रिवेणीमा स्नान गरी श्री इन्द्रेश्वर महादेवको दर्शन गर्नाले मेला भरेको सिद्ध हुने जनविश्वास छ । इन्द्रेश्वर हाताभित्र इन्द्रेश्वर महादेव लगायत उन्मत्त भैरब, तोला नारायण, नौवटा ग्रह सहितको सूर्य, चार हात सहितको कृष्ण, नारायण, उमा महेश्वर, विश्वेश्वर महादेव लगायतका मन्दिरहरू रहेका छन् । धार्मिक दृष्टिले इन्द्रेश्वर हाता निकै महत्त्वपूर्ण छ ।

यसरी मकर मेला लागेको समयमा पवित्र तीर्थस्थल मानिएको त्रिवेणी सङ्गममा आई स्नान गरी यहाँका देवीदेवतारुको पूजाअर्चना गर्ने परम्परा आदिकालदेखि चल्दै आएको छ । मकरमेला लागेको समयमा विभिन्न वस्तुहरू दान गर्नाले ठूलो पुण्य कमाइने जनविश्वास रहेको छ । मकर मेलाको समयमा नुन दान गर्दा सुन दान गरेको सरह फल पाइन्छ भन्ने कुरा स्थानीय बृद्धजनहरू बताउँदछन् ।

प्रामाणिक रूपमा यो मकरमेला कहिलेदेखि प्रारम्भ भएको हो भनी यकिनका साथ भन्न नसकिए तापनि लिच्छविकालीन राजा मानदेवको समयदेखि चल्दै आएको भन्ने भनाई यहाँका बुढापाकाहहरूको रहेको छ ।

मकरमेलासँग सम्वन्धित किंवदन्तीहरू:

सृष्टिकर्ता ब्रह्माजीले संसारको सृष्टि गरिसकेपछि मानवको पनि सृष्टि गरे । मानवकै सृष्टि गर्ने क्रममा ब्रह्माजीले अहिल्या नाम गरेकी कन्याको पनि सिर्जना गरे । अहिल्या परम् सुन्दरी थिइन् । रूप र यौवनका कारण अहिल्या पूरै ब्रम्हाण्डमा चर्चित थिइन् । यो देखेर स्वयम् सृष्टिकर्ता ब्रह्माजी पनि आफ्नो सृष्टिमाथि छक्क परेका थिए । अहिल्याको सुन्दर रूप र यौवन देखेर देवताहरू समेत मोहित भएका थिए । अहिल्याको सौन्दर्यको बयान चारैतिर फैलिँदै गयो । अहिल्याको अनुपम सौन्दर्यको अवलोकन गर्न देव, दानव र मानव लालायित हुन थाले । यस्तो अवस्थाको सिर्जना भए पछि सृष्टिकर्ता ब्रह्माजीलाई आफ्नी पुत्री समानकी अहिल्यालाई पुरुषहरूको कुदृष्टिबाट बचाउनु पर्ने अवस्था आयो । अहिल्याको विवाह गौतम ऋृषिसँग भएमा उनलाई कसैले पनि कुदृष्टिले हेर्न सक्दैनन् भन्ने विचार उनले गरे । त्यसैले उनले गौतम ऋृषिलाई बोलाई अहिल्यासँग विवाह बन्धनमा बाँधिन प्रस्ताव गरे । परमपिता ब्रह्माजीको प्रस्तावलाई नकार्न सक्ने कुरै भएन, प्रस्ताव स्वीकार गरियो । गौतम ऋृषि र अहिल्या

बीच विवाह भयो । गौतम ऋषिको आश्रम प्राकृतिक रूपले अत्यन्त मनमोहक दृश्यले भरिएको थियो । त्यस स्थानको एउटा कुटीमा गौतम ऋषि र ऋषिपत्नी अहिल्या सुखपूर्वक रहन थाले । प्रकृतिले सजिएको आश्रमको वातावरणमा अहिल्या र गौतम ऋषि सुखपूर्वक जीवन बिताइरहेका थिए । ऋषि बिहान सबेरै उठ्ने, नित्यकर्म गर्ने र नजिकैको जलाशयमा गएर नित्य स्नान गर्ने गर्दथे । स्नानबाट फर्केपछि पूजा आराधना तर्फ लाग्दथे । ऋषि पत्नी अहिल्या पनि सबेरै उठेर आफ्ना पतिका लागि पूजा सामग्रीको बन्दोबस्तमा लाग्ने गर्दथिन् ।

अहिल्याको विवाह भए पनि उनको सौन्दर्य कम भएको थिएन । उनको रूप र यौवन आकर्षक नै थियो । उनको सौन्दर्यबाट स्वयम् देवताका राजा इन्द्र समेत निकै प्रभावित भएका थिए । अहिल्याको सौन्दर्यबाट उनी अनियन्त्रित बने । अहिल्याजस्ती परमसुन्दरी नारीलाई भोग गर्ने लालसाले इन्द्रको मनमा नराम्रोसँग डेरा जमाएको थियो । देवताका राजा इन्द्र जसरी भए पनि अहिल्यासँग आफ्नो कामेच्छा पूर्ति गर्न चाहन्थे । एकरात इन्द्रले चन्द्रदेवलाई सूर्यजस्तै चम्केर बस्न आग्रह गरे । चन्द्रदेव चम्किएर बस्ता बिहान भएको आभास मिल्यो । अहल्या र गौतम ऋषि झल्याँस्स बिउँझिए । 'आज छिटै रात बितेको जस्तो भयो, बिहान भइसकेछ' भन्दै गौतम ऋषि श्रीमती अहल्यासँग धोती मागेर स्नान गर्न गए । त्यही मौका छोपेर देवराज इन्द्र गौतम ऋषिको भेष बदलेर आए । त्यति बेलासम्म चन्द्रदेव यथास्थानमा गई बसिसकेका थिए । स्नान गर्न गएका आफ्ना स्वामी छिटै फर्केको देखेर अहल्याले 'स्नान नै नगरी किन छिटै फर्कनुभएको ?' भनी प्रश्न गरिन् । अहल्याको प्रश्नको उत्तर दिँदै ऋषिभेषधारी इन्द्रले 'अहिले रात छ, बाटो अँध्यारो छ, त्यसैले फर्किएँ' भने । गौतम ऋषिको भेषमा आएका इन्द्र अनेक तरहका कुरा गरी अहिल्यासँग सुते र सम्भोग गरी आफ्नो कामेच्छा पूर्ति गरे । त्यसैबेला आफूले कमण्डलु लैजान बिर्सेकाले कमण्डलु लिन भनी गौतम ऋषि आश्रममा फर्के । आश्रम फर्कदा ऋषिभेषधारी इन्द्र र पत्नी अहल्यालाई आफ्नो बिस्तरा (ओछ्यान) मा पाए । देवराज इन्द्रले छल गरी आफ्नी पत्नी अहल्यासँग अनैतिक सम्बन्ध राखेको थाहा पाएर गौतम ऋषि निकै क्रोधित बने । गौतम ऋषिको क्रोध देखेर डराएका इन्द्रले आफ्नो वास्तविक रूपमा आएर गौतम ऋषिसँग तत्कालै माफी मागे । तर गौतम ऋषिले देवराज इन्द्रलाई माफी दिएनन् । आफ्नो इज्जतमाथि छलपूर्वक दाग लगाएकोमा

क्रोधित बनेका गौतम ऋषिले देवराज इन्द्रलाई श्राप दिँदै भने – "हे पापिष्ट इन्द्र ! तैँले अर्काकी श्रीमतीसँग छलपूर्वक अनैतिक सम्बन्ध गाँसेर परस्त्रीगमन गरिस्, त्यसैले तेरो शरीरभरि हजारौँ योनि उत्पत्ति होस् ।"

त्यति भन्नेबित्तिकै इन्द्रका शरीरभरि योनिहरू उत्पत्ति भए । त्यस्तै परपुरुषसँग अनैतिक सम्बन्ध गाँसेकीले अहल्यालाई विवेकहीन शिला (ढुङ्गा) बनेस् भनी गौतम ऋषिले श्राप दिए । आफू पनि श्रापित भएपछि अहल्याले आफू छलिएको र आफ्नो दोष नभएको बताइन् । अहल्याको कुरा सुनेर गौतम ऋषिले भने – 'त्रेतायुगमा भगवान् श्रीरामको जन्म हुनेछ । त्यस



बेला श्रीरामका चरणकमलको स्पर्शबाट तिमी पापबाट मुक्त हुनेछ्यौ ।' ऋषिले त्यति भनेपछि अहल्या शिलामा परिणत भइन् । उता आफ्नो शरीरभरि योनि नै योनि पलाएका कारण देवराज इन्द्र लाजले भुतुक्क भए । उनी लुकी-लुकी गुरू वृहस्पतिकहाँ पुगे । गुरू वृहस्पतिसामु आफूले गरेका सम्पूर्ण कार्यहरूका बारे उनले बताए । त्यसपछि गुरू वृहस्पतिले देवराज इन्द्रलाई महादेवको तपस्या गर्ने सल्लाह दिए । गुरू वृहस्पतिले देवराज इन्द्रलाई पृथ्वीमा तीन नदीको सङ्गम भएको स्थानमा गई नित्य स्नान गर्नु, भक्तिपूर्वक महादेवको आराधना गर्नु र नित्य १२ सय वर्षसम्म तपस्या गर्नु भनी सल्लाह दिए । त्यसपछि देवराज इन्द्र पनौतीको त्रिवेणीघाटमा

आई नित्य स्नान गरी, महादेवको पूजा-आराधना गरी तपस्या गर्न थाले । यसरी बाह्रसय वर्षसम्म महादेवको तपस्या गरेपछि महादेव प्रसन्न भएर देवराज इन्द्रलाई प्रत्यक्ष दर्शन दिए । महादेवले आफ्नो आराधना गरेको कारण सोधे र वरदान माग्न भने । त्यसपछि विनयपूर्वक महादेवसँग देवराजले आफूलाई पापबाट मुक्त गराइदिन आग्रह गरे । महादेवले पनि पद्मावती, लीलावती र रूद्रावतीको सङ्गमस्थल त्रिवेणीको प्रतापले तिमी पापबाट मुक्त भयौ भने । इन्द्रका शरीरबाट सम्पूर्ण योनिहरू बिलाए । आफू पापबाट मुक्त भएपछि देवराज इन्द्रले महादेवको शिवलिङ्ग स्थापित गरे । शिवलिङ्ग स्थापना पश्चात नित्य पूजा र आराधनाका लागि यहाँ मानवबस्ती बसाल्ने योजना देवराज इन्द्रले बनाए । देवराज इन्द्रको इच्छा र आग्रह बमोजिम त्रिवेणीका रूपमा रहेका तीनवटा नदिहरू पद्मावती, लिलावती र रुद्रावतीले आ-आफ्नो स्थान छोडी बस्तीका लागि अनुकुल वातावरण सिर्जना गरिदिए । उनै इन्द्रद्धारा स्थापित शिवलिङ्ग इन्द्रेश्वर महादेवका नामले प्रख्यात भयो । इन्द्र पापमुक्त भएको यो ठाउँको कीर्ति टाढा टाढासम्म फैलियो । मानिसहरूले पनौतीको त्रिवेणीघाटलाई ठूलो र पवित्र तीर्थस्थलका रूपमा लिन थाले । फलस्वरूप यहाँ बाह्रवर्षको एकपटक माघ महिनाभरि मकरमेला लाग्ने प्रचलन चल्यो ।

मकरमेलासँग सम्बन्धित अर्को पनि किंवदन्ती यहाँ प्रचलित छ । किंवदन्ती अनुसार उहिले उहिले पाञ्चाल देश (पनौती) मा दीर्घरथ नाम गरेका राजा राज्य गर्दथे । उनी धर्मात्मा थिए, आफ्ना प्रजाहरूका समस्यालाई उनी आफ्नै समस्या सम्झेर समाधानको मार्ग खोज्नतिर लाग्दथे । पाञ्चाल नगरमा कृषियोग्य जमिन भएता पनि सिंचाइको सुविधा नभएपछि जनताहरू चिन्तित थिए । पानीको सुविधा नभएपछि उब्जनी भएन । जनताहरू भोकभोकै मर्न थाले । त्यसैले राजा दीर्घरथले फूलचोकी डाँडामा गई फूलचोकी माईको तपस्या गर्ने निर्णय गरे । राजाले आफ्ना राजपुरोहितसँग परामर्श गरी साइत जुराई तपस्याका लागि फूलचोकी डाँडातर्फ प्रस्थान गरे । फूलचोकी डाँडामा पुगेपछि राजपुरोहितले भने बमोजिम पूजा गरी तपस्या आरम्भ गरे । त्यसैबखत पाटनका राजा सत्यवर पनि आफ्नो राज्यमा पानीको अभाव भएका कारण फूलचोकी माईको तपस्या गर्न आएका थिए । यी दुवै राजा बडा प्रतापी थिए । दुवै राजाले धेरै वर्षसम्म तपस्या गरिसकेपछि उनीहरूको तपस्या देखेर फूलचोकी माता प्रसन्न भइन् । तिनीहरूको पूजा-अर्चनाबाट प्रसन्न भई

फूलचोकीमाईले प्रत्यक्ष दर्शन दिई वरदान माग भनिन् । यो कुरा सुनी दुवै राजा अति प्रसन्न भए अनि आफूकहाँ पानीको अभाव भएका कारणले सो अभावबाट मुक्त हुन एक-एकवटा नदी पाऊँ भनी प्रार्थना गरे । सो प्रार्थना सुनी माईले भनिन् – “हे राजन ! मैले दुइटा नदी एकैपटक दिन मिल्दैन । यसकारण दुईमध्ये जसले पहिले मलाई सुनको र चाँदीको फूल ल्याई चढाउँछ, त्यसैलाई म नदी वरदान दिन्छु ।” यति भनेर फूलचोकी देवी अलप भइन् ।

त्यसपछि दुवै राजा आ-आफ्नै राज्यमा फर्के । उता पाटनका राजाले आफ्ना दक्ष कालिगढहरूलाई बोलाई सुन र चाँदीका सुन्दर गहनाहरू बनाउन अह्राए । यता पाञ्चाल देशका राजा बडो सङ्कटमा परे । पाटन गरगहना बनाउने कालिगढहरू धेरै भएको राज्य थियो । पाञ्चाल देश भने कृषिप्रधान राज्य थियो । यहाँ पाटनका जस्ता दक्ष कालिगढहरू थिएनन् । त्यसैले राजा चिन्ता गर्न थाले । यदि आफूले सुन र चाँदीका फूल लगी पाटनका राजाले भन्दा पहिले चढाउन नसके आफूले नदी वरदान नपाउने पिरले राजा छट्पटाई रहेका थिए । त्यसैले राजाले सभा डाके ।

राजाको सभामा धेरै ठूला विद्वान्हरूको उपस्थिति थियो । त्यहाँ उपस्थितमध्ये एकजनाले भने- 'महाराज ! फूलचोकी देवी प्रकृतिको सुन्दर काखमा विराजमान हुनुहुन्छ । उहाँलाई प्रकृतिदेवीको काखमा रहेको सुन र चाँदीका फूलहरू भन्दा अरू प्यारो हुन सक्दैन । त्यसैले धातुरूपी सुन र चाँदीको फूलभन्दा प्राकृतिक सुन र चाँदीको सुवासिलो फूल चढाउनु बेस होला ।' ती विद्वान्को कुरा सुनेर सबै जिल्ल परे ।

भोलि बिहान सबेरै उठेर राजा दीर्घरथ फूलचोकी डाँडामा पुगी शुद्ध मनले फूलचोकी माईको आराधना गरी आफूले ल्याएको सुनरूपी तोरीको फूल र चाँदीरूपी मूलाको फूल श्रद्धापूर्वक अर्पण गरे । आफूले भने बमोजिम पाटनका राजाले भन्दा पहिले सुन र चाँदीका फूल ल्याई चढाएकाले फूलचोकी माईले पाञ्चाल देशतर्फ बहने गरी ठूलो नदी वरदान दिँदै भनिन्- 'हे राजन ! म तिम्रो भक्तिबाट प्रसन्न भएँ । मेरो वचन अनुसार तिमीले सर्वप्रथम मलाई सुन र चाँदीका फूल चढायौ । त्यसैले यो पवित्र नदी तिमीलाई वरदान भयो । यो नदी लिलावती नदीका नामले बहने छ । यो नदी पाञ्चाल पुगेपछि अन्य दुई नदीको सङ्गमस्थलमा बाह्रवर्षको एकपल्ट माघ महिनाभरि मकरमेला पनि लाग्नेछ ।' पाञ्चाल देशका राजा दीर्घरथ आफूले नदीका साथै मकरमेलाको पनि बरदान पाएकोमा निकै खुशी भए ।

यो मेलाका सम्बन्धमा जेजस्ता किंवदन्तीहरू प्रचलित भए तापनि यसको आफ्नै प्रकारको धार्मिक महत्त्व छ । यसको आफ्नै छुट्टै विशिष्टि पहिचान छ । बाह्र वर्षको एकपल्ट माघ महिनाभरि लाग्ने यो मेलाका सम्बन्धमा जेजस्ता किंवदन्तीहरू भए तापनि यो मेलाप्रति सम्पूर्ण हिन्दूहरूको ठूलो आस्था र विश्वास छ । धर्मप्रति आस्थावान् प्रत्येक हिन्दूका लागि त्रिवेणीघाट पवित्र तीर्थस्थल हो । उत्तरप्रयाग पनि भनिने यो तीर्थ सबैका लागि पुण्यभूमि हो । बाह्रवर्षे मकरमेलाको अवधिभर ब्रह्मायणीमन्दिरभित्रको खाल्डोमा जल आइरहन्छ । तीनवटा नदीहरू पद्मावती, लीलावती र रूद्रावतीमध्ये पार्वतीरूपी गुप्त नदी रूद्रावतीलाई बत्तीस लक्षणले युक्त व्यक्तिले मात्र देख्न सक्ने जनविश्वास रहेको छ । देवराज इन्द्रद्वारा प्रतिस्थापित इन्द्रेश्वरमहादेवको दर्शन गर्नाले सम्पूर्ण पापबाट मुक्त होइन्छ भन्ने जनआस्था पनि दरिलो देखिन्छ ।

१३.२ देवीनाच

पुर्खाले आर्जेका अनगिन्ती संस्कृतिहरू वर्तमान पुस्ताका अमूल्य नीधि हुन् । नाचहरू, ख्यालीहरू आदिले हाम्रो परम्परागत संस्कृतिको जगेर्ना गर्दै आएका छन् । पनौतीमा प्रचलित देवीनाच (देवी प्याखँ) पनि नेपालको संस्कृतिको एक अभिन्न अङ्ग हो । यो नाच पनौतीमा २००५ सालअगाडिसम्म प्रत्येक वर्ष दसैंको घटस्थापनादेखि देखाइने गरिन्थ्यो । २०३८ सालदेखि २०५३ सालसम्म यो नाच बन्द रह्यो । २०५४ सालमा पनौती महोत्सवको उपलक्ष्यमा यो नाच पुन: देखाइयो । २०५४ सालपछि हालसम्म यो नाचले निरन्तरता पाइरहेको छ । पनौतीको इन्द्रेश्वर पटाङ्गिनी, ब्रह्मायणीको डबली र लाम्पाटी गरी तीन स्थानमा

देखाइने यो नाचमा भैरव, महाकाली, वाराही, कुमारी, गणेश, महेश्वरी, ब्रह्मायणी, इन्द्रायणी आदि देवीदेवताहरूको आवश्यकता पर्दछ । यसको अलावा केही दानवहरू, भूतप्रेतहरू, ख्याकहरू पनि यो नाचका लागि आवश्यक छ । यो नाचका लागि चाहिने सामानहरूमा घघँला, किकँपा, सम्बन्धित देवताका मुकुटहरूका साथै अन्य गरगहनाहरू इत्यादि पनि हुन् । यसका साथै यो नाच बाजाको तालमा नाचिन्छ । यसका लागि नौबाजाअन्तर्गत पर्ने सम्पूर्ण बाजाहरूको आवश्यकता पर्दछ । बाजा बजाउनका लागि पनि १०-११ जनासम्म वाद्यवादकहरू आवश्यक पर्दछन् ।

यो नाच देखाइनु र सिकाइनु अगाडि ईश्वरको पूजा-अर्चना गरिन्छ । यो नाचको प्रथम दृश्यमा भैरव बीचमा र दुई देवीहरू दुई छेउमा रहेर नाच प्रस्तुत भएको देख्न पाइन्छ । त्यसैगरी गणका साथ नाचिने महाकालीनाच, वाराहीनाच, ब्रह्मायणीनाच र इन्द्रायणीनाच आदिलाई पनि यो देवीनाचका प्रमुख दृश्यहरू मान्न सकिन्छ । यी दृश्यहरूमध्ये पनि ख्याकहरूको नाच निकै आकर्षक देखिन्छ । यसका अतिरिक्त अन्य भूतप्रेतहरूका नाच पनि निकै आकर्षक देखिन्छन् ।

प्राचीन समयमा दुष्ट दानवहरूले सज्जनहरूमाथि निकै अत्याचार गरेका कारण विभिन्न प्रकारका देवीदेवताहरू प्रकट भई ती दानवहरूको संहार गरेका थिए । वास्तवमा यसैको प्रतीक देवीनाच हो भन्ने भनाइ हीराबहादुर प्रजापतिको रहेको छ । यसका बारेमा जेजस्ता किंवदन्तीहरू प्रचलित हरे तापनि यो हाम्रो मौलिक नाच हो । यो नाचसँग हाम्रो परम्परा अनि संस्कृति गाँसिएको छ । नेपालीहरूको पारम्परिक यो देवीनाचको आफ्नै प्रकारको विशेष महत्त्व छ ।

१३.३ योमरि पूर्णे

चाडपर्वको फाँटमा योमरि पुन्ही (धान्यपूर्णे) को नाम लिइएन भने नेपालको चाडपर्वको क्षेत्र अधुरो र अपूरो हुन्छ । योमरि पुन्हीपर्व सबैको प्यारो र रमाइलो पर्व हो । यो पर्वमा बालक, बृद्ध, युवा सबै रमाउने गर्दछन् । यो पर्व विशेषत: नेवार समुदायमा प्रख्यात छ । पनौतीबाट जन्मेको योमरि पर्व हाल विस्तार भएर नेपालका कुनाकाप्चामा पुगिसकेको छ ।[१६] अहिले यो पर्वले सबै समुदायलाई मोहित गरेको छ ।

योमरि पुन्ही पनौतीका महत्त्वपूर्ण पर्वहरूमध्ये एक हो । चाडपर्वको क्षेत्रमा यो पर्वको विशिष्ट स्थान छ । यो मङ्सिर महिनाको धान्यपूर्णेका दिन पर्दछ । यही दिन पनौतीको धनेश्वरमहादेवमा ठूलो मेला लाग्दछ । यो मेला भर्नका लागि टाढाटाढाबाट भक्तजन आउने गर्दछन् । 'योमरि' नेवारी शब्द हो । 'यो' को अर्थ मन पर्ने र 'मरि' को अर्थ रोटी हो । यसरी 'योमरि' लाई अर्थ्याउँदा यसको शाब्दिक अर्थ 'मन पर्ने रोटी' हुन्छ । यो रोटी विशेष किसिमको माटोको भाँडामा बफाएर पकाउने गरिन्छ । यस्तो माटोको भाँडोलाई नेपाल भाषामा 'पोटासी' भन्ने गरिन्छ । मङ्सिर महिनामा सबैका घरमा नयाँ बाली भित्रिएको हुन्छ । त्यसैले नयाँ धानबाट पीठो बनाई यो पर्व मनाउने

[१६] विजयराम कर्माचार्य, पनौतीको बाह्वर्षे मकरमेला.., २०५४ पृ ६

गरिन्छ । त्यो दिन बिहानै उठेर घरलाई शुद्ध बनाई रोटी बनाउन थालिन्छ । योमरि विभिन्न आकारका बनाइने चलन छ । योमरिको आकार निकै सुन्दर र आकर्षक देखिन्छ । हेर्दै खाउँखाउँ लाग्ने योमरि सबैको प्रिय छ । योमरि प्राय: चाकु र तील हालेर बनाइन्छ । योमरि बफाउनुभन्दा पहिले मुछेको पीठोबाट योमरिलाई आकार दिने काम हुन्छ । त्यसपछि चाकु र तीलको मिश्रण त्यसभित्र हालेर योमरिलाई पूर्णाकार दिएर बफाउने गरिन्छ । योमरि चाकु र तीलको मात्र बनाइँदैन । कुनै योमरि मास राखेर बनाइएका हुन्छन् भने कुनैमा खुवा राखेर पनि बनाइन्छ । कसैकसैले स्वादका लागि मासु राखेर पनि पकाएका हुन्छन् ।

योमरि बनाउने पनि एउटा कला हो । यो जसले पायो त्यसले एकैपल्टमा बनाउन कठिन पर्छ । यो दिन बालबालिकाहरू रहरले योमरि माग्न जाने गर्दछन् ।

'योमरि चुई चुई छुचुं मारी आई,
व्युसा: ल्यासे मव्युसा वुरिकुटी'

भन्दै बालबालिकाहरू योमरि माग्ने गर्दछन् । यो परम्परा शदियौँदेखि कायम रहेको छ । यो दिन धनेश्वरमा मेला लाग्नुका साथै काठँगणेशको धुमधामसँग जात्रा पनि हुन्छ । यो जात्रामा सम्पूर्ण नगरवासी सरिक हुने गर्दछन् । पूजाआजासहित खटमा राखिएको गणेशलाई नगर परिक्रमा गराई गरिने यो जात्राको पनि विशेष महत्त्व छ । बिहान योमरि पकाइसकेपछि खानुअघि योमरि राखेर नगर भित्रका देवीदेवताको पूजा गर्न जाने चलन छ । बेलुका शुद्ध गरी छुट्याइ राखेको योमरिका साथ कुमार, गणेश, कुवेर र लक्ष्मीको पूजा गरिन्छ । यसरी पूजा गरेको योमरिलाई चार दिनपछि भक्तिपूर्वक अर्चना गरी प्रसाद झिकिन्छ र योमरिलाई प्रसादका रूपमा बाँडिन्छ ।

प्राचीनकालदेखि चल्दै आएको यो साँस्कृतिक पर्वको ख्याति हाल झन् वढेको छ । यो पर्वका बारेमा एउटा रोचक किंवदन्ती छ । किंवदन्ती अनुसार धेरै वर्ष पहिले पाञ्चालनगर (हालको पनौती) मा सुचन्द्र नाम गरेका एकजना निकै धर्मात्मा महाजन थिए । उनकी पत्नी दयालु र लच्छिनकी थिइन् । तिनीहरूका सन्तान थिएनन् । दुई पतिपत्नीको सानो परिवार थियो । तिनीहरू भगवान् विष्णुका भक्त थिए । एकपल्ट मार्ग शुक्ल पूर्णिमाका दिन सुचन्द्र दम्पतीले घरलाई सफासुग्घर गरी शुद्ध पारेर योमरि बनाउन थाले । त्यसै बेला सुचन्द्र र उनकी पत्नीको परीक्षा लिने विचारले कुवेर त्यहाँ आइपुगे । भगवान् कुवेरले तिनीहरूको कीर्ति थाहा पाइसकेका थिए । त्यसैले कुवेर तिनीहरू कत्तिका धर्मात्मा र दयालु रहेछन् भनी बुझ्न गरिब ब्राह्मणको भेष बदलेर

सुचन्द्रको घरमा भिक्षा माग्न गए । यसरी धान्यपूर्णेका दिन गरिब ब्राह्मण भिक्षा माग्न आएको देखेर सुचन्द्र दम्पतीले भिक्षा मात्र नदिई ती गरिब ब्राह्मणलाई लशकुश गरी घर भित्र्याए । उनको शरीरमा झुत्रो लुगा थियो, त्यसैले कपडा फेर्न लगाए । ब्राह्मण अन्त पनि भिक्षा माग्न जान हतारिएकाले चाँडै केही खुवाएर पठाउने तिनीहरूले विचार गरे । गरिब ब्राह्मणको हृदयमा नारायणको बास हुन्छ, अतिथिको सत्कार गर्नु भनेको भगवान्को सत्कार गर्नु हो भन्ने सम्झेर गरिब ब्राह्मणलाई अतिथि मानी आफूहरूले बफाइराखेको योमरिसहित विभिन्न परिकार राखी श्रद्धापूर्वक भोजन गराए । तिनीहरूको अतिथिप्रतिको यस्तो सम्मान र भक्ति देखेर कुवेर भगवान् प्रसन्न भई आफ्नो असली स्वरूप तिनीहरूलाई देखाए । साक्षात् कुवेर भगवान्को दर्शन पाएर सुचन्द्र दम्पती खुसी भए ।

भगवान् कुवेरले 'म कुवेर हुँ' भन्दै आफ्नो परिचय दिई सुचन्द्रदम्पतीलाई योमरिपूर्णेमा योमरिपूजा गर्ने विधि बताइदिए । योमरिपुन्हीका दिन बेलुका योमरि बनाइसकेपछि धानको भकारीमा लक्ष्मी, कुमार, गणेश र कुवेरको प्रतिरूप राखी योमरिका साथ विधिपूर्वक पूजा गर्ने विधि पनि बताइदिए र यसबाट घरको सुख-ऐश्वर्यमा वृद्धि हुने कुरा पनि बताए ।



आफूसँग ल्याएको बिमिरो पनि कुवेरले सुचन्द्रदम्पतीलाई दिए । त्यसपछि भगवान् कुवेर अन्तर्ध्यान भए । सुचन्द्र महाजनले पनि कुवेरले भने बमोजिम पूजा गरेर चार दिनपछि प्रसाद झिके । प्रसादरूपी योमरि उनले बाँडिदिए । त्यसको प्रतापले उनीहरूको घरमा सुख-ऐश्वर्यले बास गर्‍यो । पूजाकै प्रभावले दुई दम्पती सुखपूर्वक रहन थाले । दिन, हप्ता, महिना, वर्ष हुँदै यो कुरा सबैतिर फैलिन थाल्यो । त्यसपछि सबैले योमरिपुन्हीको चलन चलाए र घरघरमा योमरि पकाई खान थाले ।

योमरिको महत्त्व धार्मिक तथा सांस्कृतिक क्षेत्रसम्म मात्र सीमित छैन । वैज्ञानिक दृष्टिकोणले समेत यसको ठूलो महत्त्व छ । मङ्सिर महिना जाडो यामभित्र पर्दछ । मङ्सिरमा मुटु कमाउने जाडो हुन्छ । पनौतीमै पनि तापक्रम निकै कम हुन्छ । यस्तो बेलामा शरीरको तापक्रम सन्तुलित गरिराख्नुपर्ने हुन्छ । त्यसका लागि शरीरलाई तातो बनाइराख्ने खानेकुरा खानुपर्दछ । यस्तो

बेलामा योमरिले मानिसको शरीरका लागि आवश्यक न्यानोपना दिन्छ । योमरिभित्र रहेको चाकु र तीलले शरीरको तापमानलाई सन्तुलित बनाइराख्न सहयोग पुऱ्याउँछ । स्वस्थकर, चिल्लोरहित यो परिकार सबै उमेरका मानिसहरूका लागि उपयोगी पनि छ । यस दृष्टिकोणले यो प्रचलन वैज्ञानिक पनि देखिन्छ ।

नेपाली सामाजिक जनजीवनमा पनि यो पुन्हीको ठूलो भूमिका छ । सामाजिक जनजीवनको सांस्कृतिक प्रचलनमा योमरि अनिवार्य मानिन्छ । २ देखि १२ वर्षसम्मका बालबालिकाहरूको जोर वर्ष परेको जन्मदिनमा (२, ४, ६, ८, १०, १२) बालकको वर्षअनुसारको योमरि राखी माला बनाएर जन्मदिनमा लगाइदिने चलन छ । बाह्रवर्ष नाघेपछि भने योमरिको माला लगाई जन्मदिन मनाउने चलन छैन । त्यस्तै, गर्भवती महिलालाई बच्चा जन्मनुभन्दा पहिले माइतीका तर्फबाट योमरिसहित विभिन्न परिकारको भोज खुवाउने चलन पनि हालसम्म चलेको छ । नेवार समुदायमा बूढाबूढीको जङ्को (भीमरथारोहण) गर्दा पनि योमरि चाहिन्छ । उपत्यकाको रातो मच्छेन्द्रनाथ र सेतो मच्छेन्द्रनाथको रथ तान्नुअघि योमरि छर्ने प्रचलन अद्यावधि कायम छ ।

यसप्रकार योमरिको नेपाली संस्कृति र संस्कारमा ठूलो स्थान रहेको देखिन्छ ।

१४) जात्रा

धार्मिक एवं सांस्कृतिक सहर पनौतीमा वर्षभरिमा विभिन्न जात्राहरू हुने गर्दछन् । धर्मप्रति आस्थावान् यहाँका जनता साना-ठूला सबै जात्राहरू रमाइलो गरी मनाउने गर्दछन् । वैशाख महिनामा पनौतीमा भक्तपुरबाट नवदुर्गा ल्याउने चलन छ । नवदुर्गा भगवतीप्रति आस्थावान् यहाँका जनता यो जात्रा पूजाआजा गरी धुमधामसँग मनाउने गर्दछन् । तीन दिनसम्म मनाइने यो जात्रा परम्परागत रूपमा मनाइँदै आएको छ । तर केही वर्षदेखि नवदुर्गा जात्रा नचलेको अवस्था छ । पनौतीको खोपासीमा यसै महिनामा वैष्णव भगवान् रङ्गनाथको धुमधामसँग जात्रा गरिन्छ । वैशाखपूर्णिमाका दिन गौतम बुद्धको जन्मदिन पारेर बुद्धको जात्रा गर्ने प्रचलन छ । जेठ महिनामा पनौतीजात्रा पर्दछ । जेठपूर्णिमाको दिन मनाइने यो जात्रा पनौतीको मूल जात्रा हो । यो जात्रालाई हिलेजात्रा र ज्यापुन्हि:जात्रा पनि भन्ने गरिन्छ । यो जात्रा तीन दिनसम्म चल्दछ । त्यस बेला ब्रह्मायणी, भद्रकाली, भैरव, महादेव र गणेशको धुमधामसँग जात्रा हुने गर्दछ । भाद्र कृष्णजन्माष्टमीका दिन पनौतीको त्रिवेणीघाटमा अवस्थित कृष्णमन्दिरमा व्रतालुहरू रातभर जाग्राम बस्ने गर्दछन् । त्यसको भोलिपल्ट बाजागाजासहित नगरवासीहरूको ठूलो उपस्थितिबीच कृष्णभगवान्को जात्रा हुने गर्दछ । यसै समयमा पनौतीको खोपासी तथा चौकोटमा पनि भव्य जात्रा हुने गर्दछ । खोपासीमा हुने भीमसेनजात्राले महाभारतकालीन किंवदन्ती बोकेको छ । लुभूबाट १२ वर्षको एकपल्ट भाद्र महिनामा हरिसिद्धि भगवान् ल्याई यहाँ धुमधामसँग जात्रा र पूजाआजा गर्ने चलन छ । यो चलन लोप भएको थियो । तर यहाँका स्थानीय समाजसेवी, हरिसिद्धिका स्थानीय समाजसेवी तथा सम्वन्धित पक्षको प्रयासमा लामो समयपछि यो जात्रा पून. सुचारू भएको छ । दसैँको टीकाका दिनमा तलेजुभवानीको रमाइलो जात्रा चल्दछ भने दसैँको द्वादशीका दिन शक्तिकी देवी ब्रह्मायणीको पनि जात्रा गर्ने प्रचलन हालसम्म प्रचलित छ । यसै महिनामा अघाटोलमा रहेको सिद्धिविनायक (गणेश) को पनि जात्रा हुने गर्दछ । चौकोटमा भीमसेनको जात्रा असोज महिनामा मनाइने चलन छ । कात्तिक महिनाको लक्ष्मीपूजाका दिन महालक्ष्मीको पूजाआजासहित जात्रा हुने गर्दछ । बलि नलिने र बलि दिने चलन नभएकी महालक्ष्मीको मन्दिरमा सो दिन राँगो काट्ने चलन अद्यावधि छँदैछ ।

मङ्सिर महिना सबैको घरघरमा अन्न भित्रिने समय हो । यही महिनामा काठंकुमारीको जात्रा हुने गर्दछ । मङ्सिरमै माझगाउँमा गणेशको पूजाआजासहित गणेशजात्रा हुन्छ । माघ महिनाको द्वादशीका दिन भीमसेनको जात्रा हुन्छ । यो दिन बिहानैदेखि पूजा गर्ने भक्तजनहरूको ठूलो भीड देख्न पाइन्छ । सोही दिन साँझमा मानेश्वरीमाईको भव्य जात्रा हुन्छ । जात्राको

समयमा बाजागाजासहित मानेश्वरीमाईको रथलाई नगरपरिक्रमा गराइन्छ । जात्रा सकिएपछि सार्वजनिक भोजको आयोजना हुने गर्दछ । फागुन महिनाको फागुपूर्णिमाका दिन सङ्टामाईको जात्रा चल्दछ । राँगो काटी समय्बजी बाँड्ने यो जात्रा रमाइलो गरी मनाउने गरिन्छ । चैत्रमा पनौतीको चौकोटमा धुमधामसँग बिस्केटजात्रा मनाउने प्रचलन छ । यो जात्रालाई बिस्केटजात्रा नाम दिइए तापनि यसको छुट्टै विशेषता र महत्त्व छ । यो जात्रामा चौकोटमा अवस्थित श्वेतगणेशको आराधना गरिन्छ । दुई दिनसम्म चल्ने यो जात्राको पहिलो दिन चैत्र ३० गतेलाई मूल जात्रा भन्ने गरिन्छ । यो दिन श्वेतगणेशलाई थुमा (भाले भेडा) को बलि दिने चलन छ । यसै रातमा व्रतालु महिलाहरू रातभर जाग्राम बस्ने र राति बोका बलि दिने प्रचलन छ । दोस्रो दिन वैशाख १ गते श्वेतगणेशको मूर्तिलाई रथमा राखी बाजागाजासहित बजारपरिक्रमा गराएर जात्रा मनाइन्छ । जात्रा सकिएपछि श्वेतगणेशको मूर्तिलाई लशकुश गरी भित्र्याइन्छ ।

जात्रा	मनाइने समय	मनाइने स्थान
नवदुर्गाजात्रा	वैशाख	स्मारकक्षेत्र
बुद्धजात्रा	वैशाख	स्मारकक्षेत्र
रङ्नाथ भगवान्को जात्रा	वैशाख	खोपासी
पनौतीजात्रा	जेठ	स्मारकक्षेत्र
चिलाखजात्रा	जेठ	स्मारकक्षेत्र
भीमसेनजात्रा	भाद्र	खोपासी
कृष्णजात्रा	भाद्र	स्मारकक्षेत्र
भीमसेनजात्रा	भाद्र	स्मारकक्षेत्र
नमोबुद्धजात्रा	भाद्र त्रयोदशी	स्मारकक्षेत्र
नारायणजात्रा	भाद्र	मल्पी
कृष्णजात्रा	भाद्र	स्मारकक्षेत्र
कृष्णजात्रा	भाद्र	चौकोट
तलेजुजात्रा	दसैँको टीका	स्मारकक्षेत्र
ब्रह्मायणीजात्रा	दसैँको द्वादशी	स्मारकक्षेत्र
सिद्धिविनायक (गणेश)जात्रा	असोज	स्मारकक्षेत्र
भीमसेनजात्रा	असोज	चौकोट
खड्गजात्रा	असोज	स्मारकक्षेत्र
महालक्ष्मीजात्रा	कात्तिक	स्मारकक्षेत्र
गणेशजात्रा	कात्तिक	स्मारकक्षेत्र
काठंगणेश	मङ्सिर (धान्यपूर्णे)	स्मारकक्षेत्र

गणेशजात्रा	मङ्सिर	माझगाउँ
मानेश्वरीजात्रा	माघ	स्मारकक्षेत्र
भीमसेनजात्रा	माघ	स्मारकक्षेत्र
सङ्टाजात्रा	फागुन पूर्ण	स्मारकक्षेत्र
बिस्केटजात्रा	चैत्र	चौकोट
नवदुर्गाजात्रा	चैत्र	चौकोट
हरिसिद्धिजात्रा		स्मारकक्षेत्र
जालुद्योजात्रा (लोप)		स्मारकक्षेत्र
टिप्वाँजात्रा (लोप)		स्मारकक्षेत्र
क्वंद्योजात्रा -लोप)		स्मारकक्षेत्र
लाखेनाच (लोप)		स्मारकक्षेत्र
बाँदरनाच (लोप)		स्मारकक्षेत्र
जोगीनाच (लोप)		स्मारकक्षेत्र

केही प्रसिद्ध जात्राहरू

पनौती नगरभित्र मनाइने विभिन्न प्रकारका जात्राहरूका बारेमा माथि नै सङ्क्षेपमा चर्चा गरिएको छ । पनौतीभित्र प्रचलनमा रहेका सबै जात्राहरूको उत्तिकै महत्त्व छ । यी सबै साना-ठूला जात्राहरूका आ-आफ्नै विशेषताहरू छन् । यहाँ भएका सम्पूर्ण जात्राहरूका बारेमा विस्तृत चर्चा गर्न सकिने अवस्था नभएका कारण पनौतीका केही प्रमुख जात्राहरूका बारेमा मात्रै यहाँ चर्चा गर्ने प्रयास गरिएको छ ।

१४.१ नमोबुद्ध जात्रा

पनौती जात्रा तथा पर्वहरूले भरिएको धार्मिक एवं सांस्कृतिक नगर हो । यो नगरलाई पहिले पाञ्चालदेश भन्ने गरिन्थ्यो । पाञ्चाल देशमा नमोबुद्धको जन्म भएको थियो । शान्तिका दूत गौतम बुद्धको पूर्वजन्मको कथा ओगटेको यो ठाउँको धार्मिक दृष्टिकोणले ठूलो महत्त्व छ ।

नमोबुद्धको जात्रा पनौतीको ऐतिहासिक जात्रा हो । यो जात्रा पनौतीका महत्त्वपूर्ण जात्राहरूमध्ये एक हो । हरेक वर्षको भाद्र कृष्ण त्रयोदशीका दिन यहाँ दुईवटा दीपङ्कर बुद्ध (अजाजु, अजिमा) सहित नमोबुद्धको भव्य जात्रा हुने गर्दछ । भाद्र कृष्ण द्वादशीको दिन (अघिल्लो दिन) साँझपख नमोबुद्धको प्रतिमा शङ्खु नमोबुद्धबाट पनौतीमा ल्याइन्छ । पनौतीमा ल्याएर त्रिवेणीघाटमा अवस्थित

वंशगोपाल (कृष्णमन्दिर) को मन्दिरमा पश्चिमाभिमुख गरी पछाडिपट्टि राखिन्छ । वंशगोपालमन्दिरमा रहेको नमोबुद्धको मूर्तिमा स्थानीय वासिन्दाले पूजाआजा गर्ने, दर्शन गरी फूलप्रसाद ग्रहण गर्ने कार्य गर्दछन् । बेलुकीपख नमोबुद्धको मूर्तिलाई एउटा खटमा राखेर धूपदीप बालेर विभिन्न प्रकारका बाजागाजासहित जात्रा गरी नगरमा भित्र्याइन्छ । त्यसपछि पनौती लायकु डबलीको नजिक रहेको पुलिसपाटीमा राखिन्छ ।

भोलिपल्ट त्रयोदशीको दिनलाई पञ्चदान गर्ने दिन भनिन्छ । यो दिन बिहानैदेखि नमोबुद्ध तथा दीपङ्कर बुद्ध (अजाजु अजिमा) को पूजा गर्न महिलाहरूको ठूलो भीड लाग्ने गर्दछ । पूजाआजामा ठूलो चहलपहल हुन्छ । आफ्नो जन्मथलोमा नमोबुद्धको ठूलो सत्कार हुन्छ । बालबालिका, युवा, वृद्ध, महिला सबैको हृदयमा नमोबुद्धप्रति असीम श्रद्धाको भाव उर्लेर आउँछ । साँझपख नमोबुद्धको भव्य जात्रा हुन्छ । त्यो साँझ अगाडि दुई दीपङ्कर बुद्ध र पछाडि खटमा नमोबुद्ध राखेर नगर परिक्रमा गरी जात्रा गर्ने चलन छ । यो जात्रामा नगरभित्र रहेका प्रचलित सम्पूर्ण बाजाहरू बजाइन्छन् । मानिसहरूको ठूलो भीड लाग्छ । भजनमण्डलीहरू भजन गर्दै आइरहेका हुन्छन् भने अधिकांश मानिसहरू बौद्धस्तोत्र पाठ गर्दै जात्रामा सरिक हुने गर्दछन् । यसरी नमोबुद्धको भव्य जात्रा सकिएपछि नमोबुद्धको देवघरमा नमोबुद्धको प्रतिमालाई लशकुश गरी भित्र्याइन्छ । भोलिपल्ट नमोबुद्धको मूर्तिलाई श;ङ्खुमै लगिन्छ ।

पनौती नमोबुद्धको जन्मथलो हो । त्यसैले हरेक वर्ष नमोबुद्धको जात्रा पनौतीमा हुने गर्दछ । नमोबुद्धको मूर्ति शङ्खुमा किन रहन गयो भन्ने बारेमा एउटा मार्मिक पौराणिक कथा छ ।

लुम्बिनीका राजकुमार सिद्धार्थ गौतम ज्ञान प्राप्त गरेर गौतम बुद्ध भइसकेपछि आफ्ना शिष्यहरूका साथ भ्रमणका क्रममा लुम्बिनी, स्वयम्भू, पनौती हुदै शङ्खुको गन्धमादन पर्वतमा पुगे । गन्धमादन पर्वतको सुन्दर दृश्यको अवलोकन गर्दागर्दै एक्कासि गौतम बुद्धको ध्यान भग्नावशेष चैत्य आकारको माटोको ढिस्कोमाथि पऱ्यो । ढिस्कोलाई देख्नेबित्तिकै गौतम बुद्ध सोचमग्न भएको देखियो । गौतम बुद्धले सो ढिस्कोनजिकै गएर श्रद्धापूर्वक वन्दना गरे । यसरी भगवान् गौतम बुद्धले नमस्कार गरेका हुनाले यस चैत्यको नाम नमोबुद्ध रहन गयो । गौतम बुद्धले वन्दना गरी एकोहोरो उक्त ढिस्कोमा दृष्टि लगाइरहे । यो देखेर भिक्षु आनन्दले गौतम बुद्धसँग विनयपूर्वक त्यसको कारण सोधे । गौतम बुद्धले त्यसको रहस्य बताउँदै यसो भने –

'धेरै वर्षपहिले यो गन्धमादन पर्वतभन्दा पश्चिमतिर त्रिवेणीको सङ्गम रहेको स्थानमा पाञ्चाल देस नामक राज्य थियो । उक्त राज्यका राजा महारथ

थिए । उनका महादेव, महाप्रसाद र महासत्व नाम गरेका तीनजना छोराहरू थिए । तीमध्ये राजकुमार महासत्व बत्तीस लक्षणले युक्त थिए । एक दिन राजा महारथ र उनका तीन छोराहरू महाप्रसाद, महादेव र महासत्व शङ्खुमा अवस्थित गन्धमादन पर्वत (जङ्गल) मा सिकार खेल्न गए । सिकारका क्रममा घुमफिर गर्दा थाकेकाले राजाले केही बेर आराम गर्ने विचार गरे । तीनैजना राजकुमारहरूलाई पनि आराम गर्न भने । तर राजकुमारहरूले आराम गर्न चाहेनन्, एकैछिन घुमेर आउने अनुरोध गर्दै जङ्गल घुम्न गए । राजकुमारहरू गएको धेरै बेरपछि पनि आराम गरिरहेको स्थानमा नआइपुगेकाले राजा महारथले आफ्ना सैनिकहरूलाई राजकुमारहरूको खोजी गर्न अह्राए । सैनिकहरूले सबैतिर

खोजे, तर राजकुमारहरूको पत्तो लागेन । केही सैनिकहरूलाई पहिलेकै ठाउँमा राखेर राजा आफैँ खोज्न गए । राजा स्वयंले पनि राजकुमारहरूको पत्तो लगाउन सकेनन् । जङ्गलमा राजकुमारहरू नभएकाले दरबार फर्केको सम्झेर राजा महारथ आफ्ना सैनिकहरूका साथ दरबार फर्के । राजा दरबार पुग्दा पनि राजकुमारहरू त्यहाँ पुगेका थिएनन् । पिता महाराजको मनमा चिन्ताको कालो बादल मडारियो । निराश र हतास मुहार लिएर राजा महारथ आफ्नो खोपीमा गए । राति रानी सत्यवतीलाई सम्पूर्ण कुरा बताए । आफ्ना प्राणभन्दा प्यारा छोराहरू हराएको खबरले रानी अलाप-विलाप गरी रून-कराउन थालिन् । रानीको विलाप देखेर राजाले रानीलाई भोलि बिहान सँगै गएर छोराहरू खोज्ने भनेर सम्झाई-बुझाई सुताए । राजाले मन्त्रीलाई बोलाउन पठाई भोलि फेरि गन्धमादन पर्वतमा पुगी राजकुमारहरू खोज्ने तयारी गर्न अह्राए ।

महारानीले त्यो दिन केही पनि खाइनन् । छोराहरूको सम्झनाले धेरै बेरसम्म पनि रानी निदाउन सकिनन् । मध्यरात भएपछि रानीलाई बल्ल निद्रा पर्‍यो । निद्रा पर्नेबित्तिकै रानीले चारवटा सपना देखिन् । पहिलो सपनामा उनले आफ्नो दुवै स्तन भुइँमा खसेको देखिन् । दोस्रो सपनामा आफ्नो तल्लो बङ्गाराका दाँतहरू झरेको देखिन् । तेस्रो सपनामा उनले आफ्नो शरीरमा सियोले घोचेको जस्तो पीडा भएको देखिन् । चौथो सपनामा उनले दरबारको कौसीमा बसिरहेका तीनवटा परेवाहरूमध्ये सबैभन्दा सानो परेवालाई आकाशमार्गबाट आएको चिलले टिपेर लगेको देखिन् । भोलिपल्ट बिहान सबेरै आफूले देखेको सपनाका बारेमा राजालाई सबै कुरा सुनाइन् । राजा पनि निकै चिन्तित भए र राजकुमारको खोजीका लागि रानीसहित आफ्ना सेनाहरू लिएर गन्धमादन पर्वततर्फ लागे ।

उता राजकुमारहरू वनविहारमा डुबे । वनविहारबाट प्राप्त अपार आनन्दका कारण झमक्क साँझ परेको पनि राजकुमारहरूलाई पत्तै भएन । तीनैजना राजकुमारहरू झसङ्ग भए । बाटो पहिल्याउने उनीहरूको प्रयास विफल भयो । उनीहरूले पहिले पिता महाराजसँग छुट्टिएको स्थान पनि फेला पार्न सकेनन् । विवशताका कारण उनीहरूले चौतारोजस्तो ठाउँमा रात बिताउने विचार गरे । राति तीनैजनाले पालैपालो पहरा दिई सुत्ने विचारले पहरा दिन थाले । दुवै दाजुको पहरा दिने पालो सकिएपछि राजकुमार महासत्व दुई दाजुहरूको पहरा बस्न थाले ।

भोलिपल्ट बिहान सबेरै राजकुमारहरू दरबारतर्फ जाने मार्ग खोजी गर्दै हिँड्न थाले । यात्राकै दौरान उनीहरूले अचानक केही पर होचो चउरमा सुत्केरी बघिनी र तिनका पाँचवटा डमरुहरू देखे । बघिनी र डमरुहरू भोकप्यासले छटपटाइरहेको कारुणिक दृश्य देखेर महासत्वको मन करुणाले भरिएर आयो । केही पर पुगेपछि आफूले

आमालाई भनेर टिपेको फूल बिर्सिएको र फूल लिएर फर्कने कुरा गरी राजकुमार महासत्व मरणासन्न अवस्थामा रहेकी बघिनी र डमरुहरू भएको ठाउँतर्फ गए । त्यस्तो घनघोर जङ्गलमा त्यो बघिनी र ती डमरुहरूलाई सहयोग गर्ने कोही थिएनन् । बघिनी सिकार गर्न सक्ने अवस्थामा थिइन । बघिनीसँगै डमरुहरू पनि मर्ने भए भन्ने मनमनै विचार गर्दै महासत्व त्यतातर्फ लागे । त्यहाँ पुगेपछि आफ्ना सबै लुगा फुकाले र निर्वस्त्र भई बघिनीको सामु आफूलाई अर्पण गरे । आफ्नो नजिकै सिकार भएर पनि बघिनीले आफ्नो टाउकोसमेत उठाउन सकिन । भोकले व्याकुल बनेकी बघिनीलाई आफ्नो सम्पूर्ण शरीर दान गर्ने विचारका साथ अघि बढेका राजकुमारको मन बघिनीको यस्तो अवस्था देखेर झन् करुणाले भरिएर आयो । त्यसबेला उनको दृष्टि नजिकैको बाँसको घारीमा पऱ्यो । त्यहाँबाट एउटा बाँस

ल्याएर उनले बाँसको धारिलो हतियार बनाए । त्यो बाँसको हतियारबाट राजकुमार महासत्वले आफ्नो शरीरका विभिन्न ठाउँको मासु काट्तै बघिनीलाई खुवाउन थाले । आफ्नो शरीरबाट निस्केको रगत डमरुहरूलाई पिउन दिए । यसरी केही समयपछि आफ्नो सम्पूर्ण देह नै बघिनीलाई दान दिई राजकुमार महासत्वले आफ्नो चोला त्यागे ।

यो कुरा राजा महारथ, रानी सत्यवती र राजकुमारहरू महाप्रसाद र महादेवले थाहा पाए । राजकुमार महासत्वको देहत्यागको घटनाले सबै शोकमा डुबे । शोकका कारण राजा-रानीले पाञ्चालनगर नफर्कने विचार गरे । त्यसैले राजा-रानी दुवैजना सुवर्णनदीको किनारमा बस्न थाले । हाल सुवर्णनदीको किनारमा शङ्खेश्वरीको नामले पुजिने रानी सत्यवतीको प्रतिमूर्ति छ र उनलाई त्यहाँ पूजा गर्ने गरिन्छ ।'

गौतम बुद्धले यी सबै कुरा भिक्षुहरूलाई बताइसकेपछि अन्तमा अर्को महत्त्वपूर्ण कुरा बताउँदै भने – 'त्यस बेलाको राजकुमार महासत्व म नै हुँ । यो महासत्वको अर्को जन्म हो । त्यस बेलाका राजा महारथ मेरा पिता शुद्धोदन र रानी सत्यवती माता मायादेवी हुन् । महाप्रसाद मैत्रेयी बुद्ध र महादेव मञ्जुश्री कुमार बोधिसत्व हुन् । आजउप्रान्त यो महासत्वको

अस्थि रहेको चैत्य 'नमोबुद्ध' को नामले प्रसिद्ध हुनेछ ।' गौतम बुद्धले यति भनेपछि फेरि एकपल्ट सबैले प्रणाम गरेर त्यहाँबाट फर्के ।

नमोबुद्धको जन्मथलो पनौतीमा यसरी वर्षको एकपल्ट भद्र कृष्ण द्वादशी र त्रयोदशीको दिन नमोबुद्धको धुमधामसँग बाजागाजासहित नगर परिक्रमा गराई जात्रा गरिन्छ ।

१४.२ पनौती जात्रा

पनौती जात्रा तथा चाडपर्वमा सम्पन्न देखिन्छ । यहाँ वर्षभरिमा विभिन्न प्रकारका जात्राहरू सञ्चालन हुने गर्दछन् । यी थुप्रै जात्राहरूमध्ये पनौतीजात्राको विशेष स्थान छ । यो जात्रा सम्पूर्ण नगरवासीले आ-आफ्नो आर्थिक अवस्थाअनुसार रमाइलो गरी मनाउने गर्दछन् । टाढाटाढाका आफन्तहरूलाई जात्रा हेर्न निमन्त्रणा दिने र आएका पाहुनाहरूलाई ठूलो सत्कार गर्ने गर्दछन् । जेठ महिनामा पर्ने यो जात्रालाई हिलेजात्रा पनि भन्ने गरिन्छ । नेपाल भाषामा यो जात्रालाई ज्यापुन्हीजात्रा भनिन्छ । जेठ-आषाढमा खेतमा रोपाइँको काम चलिरहेको हुन्छ । किसानका लागि बेफुर्सदिलो यो समयमा हुने अर्थात काम (ज्या) को समयमा पर्ने जात्रा भएको हुनाले यो जात्रालाई ज्यापुन्हीजात्रा भन्ने गरिएको हुन सक्छ । पनौतीको रथ जुधाउने जात्रा जेठपूर्णिमाका दिन हुने गर्दछ । यही रथ जुधाउने जात्रालाई नै पनौतीको जात्रा भन्ने गरिए तापनि पनौतीजात्राको प्रारम्भ भने जेठ शुक्लपक्ष द्वादशीदेखि नै हुन्छ । जेठ शुक्लपक्ष द्वादशीको दिनलाई द्य: क्वाहाँ विज्याइगु भनिन्छ । यो दिन ब्रह्मायणीको मूर्तिलाई भित्रको मूल कोठाबाट बाहिरको अर्को कोठामा ल्याई राखिन्छ । त्यस्तै, भद्रकालीलाई पनि मूल कोठाबाट बाहिरको कोठामा रहेको सिंहासनमा

इन्द्रेश्वर महादेबको रथ

राखिन्छ । त्यही दिनदेखि पनौतीवासीहरू जात्रा सुरु भएको मान्दछन् । यसको सूचना दिन विहान र बेलुका नायखिं बजाउने प्रचलन रहेको छ ।

द्वादशीबाट जात्रा प्रारम्भ भए तापनि पनौतीको जात्रा भने तीन दिन (त्रयोदशी, चतुर्दशी र पूर्णिमा) सम्म चल्दछ । त्रयोदशीको दिनलाई डुइँचा ङायकेगु भनिन्छ । स्थानीय समुदायमा त्रयोदशीको दिनलाई कुलक्या पनि भन्ने गरिन्छ । त्रयोदशीका दिन बिहान डुइँचाले दुइटा हरियो बाँस ल्याई ब्रह्मायणीको देवघरबाहिर राख्तछ । साँझपख मानेश्वरी बसपार्कमा द्वारेलाई हनुमानढोकाबाट ल्याएको खड्ग दिने चलन छ । जात्राको खड्ग ग्रहण गरेपछि

भद्रकालीको रथ तान्दै

खड्ग बोकेर बाजागाजासहित द्वारे नगरका विभिन्न देवीदेवताहरूको दर्शन गर्न जाने चलन छ । बेलुका ब्रह्मायणीलाई देवघरबाट बाहिर ल्याई रथमा राखिन्छ । बिहानै डुइँचाले ल्याएको बाँसमा राता र सेता कपडाहरू राखेर देउला अघि लाग्छन् । त्यसै बेला पूजाका सामान बोकेकी स्त्रीजातिकी डुइँचासहित पञ्चप्रधान, सुवाल, कर्माचार्य (अचाजू) पछि लाग्छन् । त्यसै बेला बाजागाजासहित ब्रह्मायणीको रथलाई जात्रा गरी लगिन्छ । जात्रा गरी लगिएको ब्रह्मायणीको रथ पनौती न.पा.वडा नं.७ स्थित त्रिवेणीघाटनजिकै रहेको झोलुङ्गेपुल नेर पुऱ्याएपछि डुइँचा ङायकेगु प्रक्रिया प्रारम्भ हुन्छ ।

त्रयोदशीको बेलुका ब्रह्मायणीको रथ पुलनजिकै पुऱ्याएपछि मूल पुजारी, सुवाल र डुइँ गरी तीनजना सरकारी पूजासहित झोलुङ्गेपुल तरेर खोलापारि अवस्थित ब्रह्मायणीको मन्दिरमा पुग्ने गर्छन् । मन्दिर पुग्न झोलुङ्गेपुल तर्दा यी

तीनैजना विस्तारै पाइला चाल्दै अघि बढ्दछन् । सुरूको पुलको करिब आधा भागसम्म सामान्य हिँडाइ हिँडेपछि बाँकी भागमा भने विशेष प्रकारको हिँडाइ हिँड्ने गर्दछन् । पुलमा हिँड्ने यही विशेष प्रकारको हिँडाइलाई नै डुइँचा ङायकेगु भनिन्छ । यस प्रकारको हिँडाइ करिब आधा घन्टाभन्दा बढी समयसम्म हुन्छ । यसो गर्नुको कारण के हो भने पहिले पुण्यमाता खोलामा बाढी आएका कारण खोला तर्न नसकेपछि वासुकी नागको आराधना गरियो । आराधनापछि नागराज वासुकी खोला तार्नका लागि पुलजस्तै गरी वारपार तेर्सिदिए । त्यसपछि वासुकी नागको शरीरमाथि हिँडेर ब्रह्मायणीको मन्दिरमा पुगे । नागको शरीर चिप्लो हुने भएकाले तिनीहरू विस्तारै हिँडेका थिए । त्यसैबेलाको स्मरणस्वरूप डुइँचा ङायकेगुजात्रा चल्दै आएको किंवदन्ती छ ।

भद्रकालीको मूर्ति

त्यसपछि रथबाट सिंहासनसहित ब्रह्मायणीलाई झिकेर ब्रह्मायणीमन्दिर पुऱ्याइन्छ । मन्दिरभित्र ब्रह्मायणीलाई लशकुश गरी भित्र्याइन्छ । त्रयोदशीको दिन हुने यो डुइँचा ङायकेगुजात्रा हेर्न ठूलो भीड लागेको हुन्छ ।

डुइँचा ङायकेगु प्रक्रियापछि भद्रकालीको रथमा भद्रकाली र द्वारेलाई राखी बाजागाजासहित तानेर ल्याइन्छ । रथमा स्थानीय व्यक्तिहरू खचाखच भरिने गरी बसेका हुन्छन् । भद्रकालीको रथ पनि झोलुङ्गेपुलनजिकै पुगेपछि भद्रकालीलाई रथबाट झिकेर ब्रह्मायणीमन्दिरमा लशकुश गरी भित्र्याइन्छ । भद्रकालीको मूर्तिलाई ब्रह्मायणीमन्दिरभित्रको भद्रकालीकै शिलामूर्तिसँगै राखिन्छ । त्यसपछि मन्दिरभित्र कसैलाई पनि प्रवेश दिइँदैन । मन्दिरभित्र रातभर तान्त्रिक यज्ञ चल्दछ । यज्ञ चल्नुभन्दा अगाडि ब्रह्मायणीलाई राँगो काटेर बलि दिइन्छ । यज्ञ चलिसकेपछि बोका काटेर भद्रकालीलाई बलि दिने चलन छ । सोही समयमा ब्रह्मायणीमन्दिरको ठीक पारिपट्टि रहेको वासुकी नागलाई दूध चढाउने चलन रहेको छ । भोलिपल्ट चतुर्दशीका दिन बिहानैदेखि

ब्रह्मायणीको मन्दिरमा सर्वसाधारणको भीड लाग्छ । यो दिन सर्वसाधारण आफ्नो गच्छेअनुसार श्रद्धापूर्वक ब्रह्मायणीमन्दिरमा गई पूजा गर्ने, बलि दिने गर्दछन् । यो दिनलाई मूःजात्रा (मूल जात्रा) पनि भन्ने गरिएको छ । यो दिन स्थानीय वासिन्दाहरू विभिन्न मिष्ठान्न परिकार बनाई भोज खाने गर्दछन् । यही दिन यहाँ गणेशको भव्य जात्रा सम्पन्न हुन्छ । गणेशका रूपमा गणेशको प्रतिमूर्ति राखी बाजागाजासहित नगरपरिक्रमा गराएर यो जात्रा मनाइन्छ । यसै दिन भैरवको पूजाआजा गरी इन्द्रेश्वरमन्दिरको चोक (हाता) भित्र राँगो काट्ने चलन छ । यहाँ वर्षको एक दिन चतुर्दशीको दिन मात्र राँगो काट्ने र देउलाहरूलाई प्रवेश गराउने चलन छ । यसरी काटेको राँगोको टाउको र ऐला ब्रह्मायणीमन्दिरमा लगिन्छ । भोलिपल्ट जात्रा गर्दा उन्मत्तभैरव र भद्रकालीलाई मालाजस्तै गरी लगाइदिने गरिन्छ । सोही दिन ब्रह्मायणी देवघरको पटाङ्गिनीमा तीनवटा माटाका स-साना घ्याम्पाहरू राखी बोका काटेर जोगीचक्र दिने प्रचलन छ ।

यी तीन दिनमध्ये अन्तिम दिन अर्थात् पूर्णिमाको दिन निकै रमाइलो हुन्छ । टाढा टाढाबाट जात्रा हेर्न आएका मानिसहरूको ठूलो भीड लाग्छ । यो दिन लायकु डबलीमा इन्द्रेश्वर महादेव, भद्रकाली र उन्मत्त भैरवका रथहरू एक-आपसमा जुधाई जात्रा गरिन्छ । पूर्णिमाको बिहान ब्रह्मायणीमन्दिरमा जोर बोकाको बलि दिइन्छ । बलि दिएपछि ब्रह्मायणी र भद्रकालीलाई मन्दिरबाहिर ल्याई उत्तरतर्फको पाटीमा राखिन्छ । त्यसपछि पालो पर्ने दुईजना पुजारीले आ-आफ्ना घरबाट पूजासामग्री ल्याई पूजा गरेर हाँसको बलि दिइन्छ । हाँसको बलिसहित पूजा सम्पन्न भएपछि पालो पर्ने पुजारीमध्येबाट द्वारेलाई खड्ग दिइन्छ । त्यसपछि मन्दिरको पारिपट्टि रहेको ब्रह्मायणीको रथमा राखी ब्रह्मायणीलाई बाजागाजासहित नगरपरिक्रमा गराइन्छ र लायकु (डबली) मा रहेको पुलिसपाटीमा लगी पश्चिम दिशातर्फ फर्काएर ब्रह्मायणीलाई राखिन्छ । त्यहाँबाट द्वारे, पुजारी (पञ्चपमा) र सर्वसाधारणहरू बाजागाजासहित इन्द्रेश्वरमन्दिरमा पुग्छन् । इन्द्रेश्वरमन्दिरको पूजाआजा र दर्शनपछि इन्द्रेश्वर महादेवको चतुर्मुखी सुवर्ण खोल मन्दिरका पुजारी (जङ्गम) ले बोकी मन्दिर बाहिर निकाल्ने गर्दछन् । त्यसपछि दक्षिणी ढोका हुँदै महादेवको रथमा लगी चतुर्मुखी महादेवलाई राखिन्छ । त्यसपछि इन्द्रेश्वर चोक (हाता) नजिकै रहेका तीनवटा रथहरू (महादेव, भैरव, भद्रकाली) बाजागाजासहित रोसीखोलाको किनारैकिनार लगिन्छ । सबैभन्दा पहिले महादेवको रथलाई बोकेर लगिन्छ । त्यसपछि

भद्रकालीको रथलाई तानेर लगिन्छ । इन्द्रेश्वर महादेवको रथमा पुजारी एकजना मात्र बस्ने गर्दछ भने उन्मत्तभैरव र भद्रकालीको रथमा स्थानीय बासिन्दाहरू बस्ने गर्दछन् । महादेवको रथलाई डुमाङ्ल, स्याउलाटोल, सोह्रखुट्टेपाटी हुँदै लाम्पाटीसम्म पुऱ्याइन्छ । बीच बाटोमा शिवलिङ्ग भएको ठाउँमा महादेवको पूजा गरिन्छ । महादेवका पछिपछि भद्रकाली र भद्रकालीका पछिपछि उन्मत्तभैरवको रथ पनि लाम्पाटीमै पुऱ्याइन्छ । यसरी महादेव र भैरवका रथ दुई छेउमा र भद्रकालीको रथ बीचमा राखी लाम्पाटी पुऱ्याएपछि त्यहाँबाट महादेवको रथ सबै मिली उचालेर लगी लायकु डबली अगाडि मूल सडकको छेउमा लगेर राखिन्छ । लगत्तै भद्रकालीको रथलाई तानेर ल्याई पुलिसपाटीभन्दा केही पर (तल) राखिन्छ । त्यसपछि लाम्पाटीमा रहेको भैरवको रथलाई तानेर ल्याई पुलिसपाटीनजिकै रहेको भद्रकालीको रथसँग जुधाइन्छ । रथ जुधाउने बेलामा दुवै रथमा सवार रहेका मानिसहरू एक-आपसमा अबिर छर्केर हर्ष व्यक्त

गर्दछन् । यो कार्य सकिएपछि भैरवको रथलाई फर्काएर नवदुर्गा डबलीभन्दा केही पर राखिन्छ । उन्मत्तभैरवको रथ गन्तव्यस्थानमा पुगेपछि भद्रकालीको रथ तानेर ल्याई भैरवको रथसँग पछाडिबाट जुधाइन्छ । एवं प्रकारले भैरव र भद्रकालीको रथ तीन-तीनपटक एक-आपसमा जुधाइसकेपछि इन्द्रेश्वर महादेवको रथ भद्रकालीको रथसँग अगाडिबाट तीनचोटि जुधाइन्छ । यसरी रथ जुधाउँदा अबिर एक-आपसमा छर्केर हर्ष व्यक्त गर्ने चलन छ । यो जात्रा चलिरहेको समयमा जात्रा हेर्न आएका मानिसहरूलाई छाता ओढ्न दिइँदैन । साथै, रथमा रहेका देवीदेवताहरूको प्रसाद पनि बाँड्ने चलन रहेको छैन । महादेवको रथ भद्रकालीसँग जुधाइसकेपछि रथ बोक्ने मानिसहरूले रथलाई माथिसम्म उचालेर

भुइँमा बजार्ने प्रचलन रहेको छ । स्थानीय बासिन्दाको भनाइअनुसार यसरी महादेवको रथ भुइँमा बजार्दा रथमा सवार पुजारी रथबाट तल भुइँमा झऱ्यो भने बोक्नेहरूलाई इन्द्रेश्वरमन्दिरको ढुकुटीमा रहेको धन बाँडिदिनुपर्दछ । अन्तमा ती रथहरूलाई सम्बन्धित मन्दिरनजिकै लगिन्छ र प्रसाद बाँड्ने गरिन्छ ।

केही समयअघिसम्म यो जात्रा झिसमिसे उज्यालोमै सिध्याइन्थ्यो तर हाल यो जात्रा दिउँसो गर्ने गरिएको छ । प्रत्यक्ष यौनक्रियासँग सम्बन्धित जात्रा भएकाले यो जात्रा महिला तथा बालबालिकाहरूलाई नदेखाउने विचारले राति नै सम्पन्न गर्ने गरिएको हुन सक्छ । पनौतीको यो जात्रासम्बन्धी एउटा किंवदन्ती प्रचलित छ । किंवदन्तीअनुसार परापूर्वकालमा महादेवले श्रीकृष्णको चरित्र हेर्ने विचार गरी कृष्णका थुप्रै पत्नीहरूमध्येबाट आफूलाई एउटी दिन कृष्णसँग आग्रह गरे । महादेवको आग्रहबमोजिम कृष्णले महादेवलाई आफू नभएको कोठाबाट कुनै एउटीलाई लैजान भने । कृष्णले भनेबमोजिम महादेव कोठाहरू चहार्न थाले । महादेव जुनजुन कोठामा पुगे, ती सबै कोठामा कृष्ण सँगै रहेको पाए । सो देखी महादेव त्यहाँबाट कैलाश फर्के । कैलाश पुगेर सबै कुरा पार्वतीलाई बताए । महादेवको कुरा सुनेर पार्वतीले पनि महादेवको चरित्र हेर्ने विचार गरिन् । पार्वती ६४ योगिनीको रूप धारण गरेर कामातुर भई महादेवलाई लखेट्न थालिन् । सो रूप देखी महादेव डराएर भाग्दै गई पनौतीको त्रिवेणीस्थित नदीमा गुप्त रूपमा लुकेर बसे । महादेव लुकेर बसेको थाहा पाई ६४ योगिनी पार्वतीले त्रिवेणीवरपर महादेवको प्रतीक्षा गरिरहिन् । त्यसै बेला महादेव पनि उन्मत्तभैरवको रूप धारण गरी बाहिर निस्के । भैरवको डरलाग्दो उन्मत्त रूप देखेर डराएकी ६४ योगिनीरूपी पार्वती भद्रकालीको रूप बदलेर

उन्मत्त भैरवको रथ

रोसीखोलाको किनारैकिनार भाग्न थालिन् । यसरी भाग्दाभाग्दै लायकु डबली पुगेपछि उन्मत्तभैरवले भद्रकालीलाई पछाडिबाट तीनपल्ट सम्भोग गरेपछि भद्रकाली शान्त अवस्थामा आइन् । आफू यौनक्रियाबाट तृप्त भएपछि भद्रकालीले भैरवलाई आफ्नो वास्तविक स्वरूपमा आई सम्भोग गर्ने इच्छा जाहेर गरिन् । त्यसपछि भैरव महादेवको वास्तविक स्वरूपमा आई पुन: तीनपटक अगाडिबाट सम्भोग गरे ।

दिउँसो रथ जुधाउने जात्रा सकिएपछि बेलुका ब्रह्मायणीको जात्रा गरिन्छ । ब्रह्मायणीको देवघरबाट बाजागाजासहित नगरवासीहरू हातमा चिराक बालेर पुलिसपाटीमा राखिएकी ब्रह्मायणीलाई लशकुश गर्न जान्छन् । ब्रह्मायणीलाई रथमा राखी जात्रा गरेर बजारमा परिक्रमा गराई ब्रह्मायणीदेवीको देवघरमा भित्र्याइन्छ । सोही दिनको बेलुका अघिल्लो दिन इन्द्रेश्वरप्राङ्गणमा बलि दिइएको राँगाको मासुको परिकार बनाई 'वलं भ्वय' खाइन्छ । यसरी पनौतीको तीनदिने जात्रा समाप्त हुन्छ ।

पनौतीजात्राका सम्बन्धमा जे-जस्ता प्राचीन कथा भए तापनि यो हाम्रो संस्कृतिको एक अभिन्न अङ्ग हो । पनौतीक्षेत्रभित्र रहेका संस्कृतिहरू हाम्रा अमूल्य सम्पत्ति हुन् । त्यसैले यस्ता सांस्कृतिक सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्नु हामी सबैको कर्तव्य हो ।

१४.३ चौकोट जात्रा

यो जात्रा पनौती नगरपालिकाको वडा नं. १ मा मनाइने गरिन्छ । चैत्र महिनामा मनाइने यो जात्रालाई स्थानीय मानिसहरू विस्केट जात्रा पनि भन्दछन् । चौकोटको यो जात्रा विस्केट जात्राको नामले चिनिए तापनि यसको छुट्टै महत्त्व रहेको छ । प्राचीन किल्ला रहेको यो ठाउँमा श्वेत गणेशको मन्दिर छ । यो जात्रामा श्वेत गणेशको पूजा आराधना गर्ने पुरानो परम्परा छ । दुई दिनसम्म चल्ने यो जात्राको पहिलो दिनलाई मूल जात्रा मान्दै श्वेत गणेशको मन्दिरमा थुमा भालेभेडाको बली दिने चलन छ । जात्राको रातमा महिला भक्तजनहरू रातभर जागा बस्ने प्रचलन छ । सोही रात एउटा बोको श्वेत गणेशलाई बली

दिइन्छ । जात्राको दोस्रो दिन अर्थात् बैशाख १ गते श्वेत गणेशको मूर्तिलाई रथमा राखी बजार परिक्रमा गरी बाजागाजा सहित धुमधामले जात्रा गरिन्छ ।

१५) हाल प्रचलनमा नरहेका जात्रा/पर्वहरू:

पनौती जात्रा तथा पर्वहरूमा सम्पन्न रहेको कुरा उल्लेख गरिसकिएको छ । समयको अन्तरालसँगै विभिन्न प्रकारका परिस्थिति र कारणवश पनौतीमा अस्तित्वमा रहेका थुप्रै जात्रा तथा पर्वहरू हाल अस्तित्वमा छैनन् । कुनै बेला पनौतीको गौरवका रूपमा रहेका यस्ता चाडपर्वहरू वर्तमान पुस्ताका लागि किंवदन्ती (Legend) जस्तै भएका छन् । यहाँ हाल प्रचलनमा नरहेका केही जात्रा तथा पर्वहरूका बारेमा चर्चा गर्न खोजिएको छ ।

भक्तपुरबाट प्रत्येक वर्ष वैशाख महिनामा नवदुर्गा जात्रा हुने प्रचलन थियो । केही वर्षदेखि यो जात्रा चलेको छैन । त्यस्तै, असोज महिनामा जालु द्यःको जात्रा गर्ने चलन थियो । जालुद्यो भातबाट बनाइन्थ्यो । यसरी भातबाट बनाइएको जालुचा द्यः पनौतीको पमाडीटोल, कोलाक्षेटोल र वलाक्षेटोलमा राखिने गरिन्थ्यो । एउटालाई चार दिनसम्म राखी नायूखिं बाजासहित जात्रा गराई ब्रह्मायणी जाने पुलको बीचमा लगेर नदीमा फालेर जात्राको विसर्जन गर्ने चलन थियो । यो जात्रा पनि लोप भइसकेको छ । यो जात्रा लोप भएको ४० औं वर्ष भइसकेको कुरा स्थानीय बूढापाका बताउँछन् । तर छिमेकी बनेपा नगरपालिकामा भने हालसम्म पनि यो जात्रा प्रचलनमा रहेको छ । क्वं द्यःको जात्रा पनौतीको लोकप्रिय जात्रा थियो । यहाँ मनाइने यो जात्रा पनि लोप भइसकेको छ । यो जात्रा पनौतीको महत्त्वपूर्ण जात्रामध्ये एक थियो । क्वं द्यःको जात्रा सम्पन्न भएपछि त्यसको प्रसाद काठमाडौंमा लगी काठमाडौंको घोडेजात्रा सञ्चालन गरिने परम्परा रहेको यहाँका बूढापाकाहरूको भनाइ छ । त्यस्तै, भाद्र महिनामै मनाइने टिप्वाँजात्रा पनि लोप भइसकेको अवस्था छ । पनौतीबाट जोगीनाच, बाँदरनाच र लाखेनाचजस्ता जात्राहरू पनि लोप भइसकेका छन् । पनौतीबाट अन्य थुप्रै जात्रा तथा पर्वहरू लोप भएका छन् । त्यस्ता अमूल्य सांस्कृतिक सम्पदाहरू लोप हुनुमा विभिन्न किसिमका कारणहरू रहेका छन् । हाम्रा यी संस्कृतिहरू लोप हुनुमा आर्थिक, सामाजिक कारणहरू हुन सक्तछन् । साथै, सम्बन्धित पक्षको लापर्वाही र अदूरदर्शिताका कारण पनि यस्ता जात्रापर्वहरू लोप भइरहेका छन् । हाल भइरहेका जात्रा-पर्वहरू पनि उचित संरक्षणको अभावमा लोप हुन सक्ने खतरामा परेका छन् ।

१६) पनौतीमा प्रचलित बाजाहरू

पनौती नेपालकै महत्त्वपूर्ण सांस्कृतिक स्थलहरू मध्येको एक हो । यहाँ विभिन्न किसिमका जात्रा तथा पर्वहरूमा विविध बाजाहरू बजाइने गरिन्छ । यहाँका प्रचलित बाजाहरूमा नौ बाजा, नाय्खीँ बाजा, जुगी बाजा र बाँसुरी बाजा पर्दछन् । यी बाजाहरूका आ-आफ्नै विशेषता र महत्त्व छन् । यस्ता महत्त्वपूर्ण बाजाहरूमध्ये नौ बाजा पनि एक हो । नौ बाजा विशेषत: देवी नाच देखाउन, भजन गाउन, जात्रा पर्वहरू सञ्चालन गर्न बजाइने गरिन्छ । त्यस्तै नाय्खीँ बाजाको पनि आफ्नै किसिमको महत्त्व छ । यो बाजा खड्गी समाजका सदस्यहरूले बजाउने गर्दछन् । पनौतीको जेष्ठ पूर्णिमाको जात्रा आउन चार दिन अगाडि जात्रा आउने पूर्व संकेत दिँदै यो बाजा बजाइने गरिन्छ । यसलाई स्थानीय भाषामा "नाय्खीँ च्वय्केगु" भनिन्छ । पनौतीको जेष्ठ पूर्णिमाको जात्रा तीनदिनसम्म चल्ने गर्दछ । यी तीनै दिन यो बाजा बजाइने गरिन्छ । त्यस्तै नमोबुद्धको जात्रा, घण्टाकर्ण पर्व, दशैंमा पनि यो बाजा बजाइने प्रचलन छ । पनौतीमा प्रचलित अर्को बाजा जुगी बाजा हो । पहिले पहिले यो बाजा इन्द्रेश्वर महादेवको हाताभित्र प्रत्येक दिन बजाइने प्रचलन थियो । तर हाल यो चलन हटेको छ । यो बाजा बेल विवाह, गाई जात्रा जस्ता विशेष पर्वहरूमा बजाइने गरिए तापनि हाल बाजा बजाउन जान्ने मानिसहरूको अभाव छ । बाँसुरी बाजा खड्गी र देउला समाजका मानिसहरूले बजाउँदै आएका छन् । सांस्कृतिक चेतनाका कारण यी दुई समाजका मानिसहरू बाँसुरी बाजाको जगेर्ना गर्ने उत्साहका साथ अगाडि बढीरहेका छन् ।

नौ बाजा पनौतीको प्रसिद्ध बाजा हो । यो बाजाका बारेमा केही चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

१६.१ नौ बाजा

पनौतीको साँस्कृतिक पक्षलाई झल्काउने थुप्रै बाजाहरू छन् । यी बाजाहरूले नेपालकै संस्कृतिलाई जीवन्त राखेका छन् भन्दा अनुपयुक्त नहोला । पनौतीका यस्ता बाजाहरूमध्ये नौबाजाको नाम अग्रस्थानमा आउँछ । नौबाजाअन्तर्गत लाटाखिङ, ढाँ, ढलुक, धिमाय, ,नायखिँ:, कोखि:, नगडा, पछिमा, ताताली पर्दछन् । यी बाजाहरू क्रमश: उल्लेख भएअनुसार बजाइन्छन् । प्रत्येक बाजाका आठ-आठ ताल हुन्छन् । नौ बाजालाई ताल अनुसार बजाउन करिब चार - पाँच घण्टा लाग्छ । विशेषत: यी विशेष तिथिहरूमा बजाइने गर्दछन् । नौबाजा वैशाखपूर्णिमामा बनेपाकी चण्डेश्वरीमाईको मन्दिरमा बजाइन्छ । त्यस्तै

जेठपूर्णिमाका दिन पनौतीको डबलीमा, ज्वारेनवमीका दिन इन्द्रेश्वरमन्दिरको प्राङ्गणमा र घटस्थापनादेखि विजयादशमीसम्म पनौतीकै डबलीमा बजाइन्छ । त्यस्तै, वैकुण्ठ चतुर्दशीका दिन धनेश्वरमन्दिरमा गई बाजा बजाइसकेर पुन: पनौतीमै फर्की यहाँको भद्रकालीमन्दिरको प्राङ्गणमा यो बाजा बजाइने चलन छ । सकिमनापूर्णेका दिन दिउँसो र बेलुका गरी दुईपटक यो बाजा बजाउने परम्परा हालसम्म पनि यथावत छ । यसरी यी बाजाहरू विभिन्न ऐतिहासिक स्थलहरूमा विशेष तिथिमा बजाइने गरिन्छन् । त्यसैले पनि यो बाजाको आफ्नै मौलिक पहिचान छ ।

नौबाजा नेपाली संस्कृतिको एउटा महत्त्वपूर्ण हङ्ग हो । यस्ता नौबाजाहरू हाम्रा संस्कृति हुन् । पुर्खाहरूका पालादेखि चल्दै आएको यो बाजाको छुट्टै महत्त्व छ । पुर्खाहरूका यस्ता चिह्नहरू हाम्रा अमूल्य निधि हुन् । तर यी बाजाहरूले संरक्षण पर्खिरहेका छन् । हाम्रा यी लोकबाजा हाल लोप हुने अवस्थामा पुगेका छन् । समयमै सम्बन्धित पक्षले विचार नपुऱ्याए यिनीहरू लोप हुने निश्चित छ । यदि वर्तमानमा सोचिएन भने नौबाजा नै लोप हुन असम्भव छैन । वर्तमान समयका युवायुवतीहरूमा यी बाजाहरूप्रति उति आकर्षण अथवा चासो देखिँदैन । चासो भएकाहरूमध्ये कसैकसैलाई फुर्सदको अभाव छ ।


नौ वाजा

नौबाजाको संरक्षण गर्न आफूहरू निकै प्रयत्नशील रहेको कुरा भजनमण्डलीले बताए पनि एक-दुई व्यक्तिले यसको संरक्षण गर्न गाह्रो पर्छ । नौबाजाको समस्या पनि वर्तमान पुस्ताको सामूहिक समस्या हो । यो समस्याको समाधान सामूहिक रूपमा नै गर्नुपर्दछ । नौबाजासँग हाम्रो संस्कृति गाँसिएको छ । यसको संरक्षणका लागि सबैले ठोस कदम चाल्नु आजको आवश्यकता हो, यसको संरक्षण गर्नु सबैको कर्तव्य हो ।

१७) सांस्कृतिक सम्पदा:

पनौती सांस्कृतिक सम्पदाले सम्पन्न नगर हो । पनौती नगरपालिकाको प्रस्तावित स्मारकक्षेत्र (पनौती गा.वि.स.) भेगीय दृष्टिकोणले निकै सानो छ । तर यो क्षेत्रमा मात्र करिब नब्बेवटाको हाराहारीमा विभिन्न किसिमका सांस्कृतिक सम्पदाहरू रहेका छन् । यस सम्पदाभित्र मन्दिर, पाटी, चैत्य तथा विहार, चोक, डबली, प्राचीन दरबार आदि पर्दछन् । स्मारकक्षेत्रभित्र मात्र ५५ वटाभन्दा बढी देवीदेवताका मूर्ति तथा मन्दिरहरू रहेका छन् । त्यस्तै, पाटीको सङ्ख्या २४ रहेको छ भने ६ वटा चैत्य, एक विहार, दुईवटा ढुङ्गेधारा, दुईवटा मठ र चोकहरू रहेका छन् । यसका अतिरिक्त स्मारकक्षेत्रबाहिर पनि थुप्रै सम्पदाहरू रहेका छन् । पनौतीमा सांस्कृतिक सम्पदाका रूपमा मन्दिर र पाटीहरू धेरै देखिन्छन् । त्यसैले पनौतीलाई मन्दिरैमन्दिरको सहर पनि भन्ने गरिएको छ । हिन्दूधर्मअनुसार गणेशलाई शुभ साइतका रूपमा लिइन्छ । त्यसैले पनौतीको (पुरानो) प्रत्येक वडामा गणेशका मन्दिरहरू स्थापित छन् । कुनै पनि शुभ कार्य गर्नका लागि सर्वप्रथम गणेशलाई पुजिने प्राचीन हिन्दूपरम्परा छ । यस पनौतीको (स्मारकक्षेत्र) रक्षार्थ नगरको पूर्व दिशामा ब्रह्मायणी, पश्चिम दिशामा काठंकुमारी, उत्तर दिशामा मानेश्वरी र दक्षिण दिशामा सङ्टामाईको स्थापना गरिएको छ । प्राचीन पनौतीको बीच भागमा भद्रकालीको मन्दिर रहेको छ ।

यहाँका महत्त्वपूर्ण सांस्कृतिक सम्पदाहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण इन्द्रेश्वर महादेवको मन्दिर हो । यो मन्दिर सांस्कृतिक रूपमा मात्र नभई धार्मिक एवं पौराणिक दृष्टिकोणले समेत महत्त्वपूर्ण मानिएको छ । बाह्रवर्षे मकरमेला तथा पनौतीजात्राको किंवदन्ती यसै मन्दिरसँग सम्बन्धित भएबाट यसको ठूलो धार्मिक महत्त्व रहेको स्पष्ट हुन्छ । तेलीय इँटा, माटो र लाहाले बनेको प्यागोडा शैलीको यो मन्दिर प्राचीन वास्तुकलाको अनुपम नमुना हो । तीनतले यो मन्दिरमा रहेका कलात्मक टुँडालहरू, आकर्षक ढुङ्गाका कलाहरूबाट यसको महत्त्व स्पष्ट हुन्छ । इन्द्रेश्वरको मन्दिरहाताभित्र उन्मत्तभैरवको विशाल स्वरूप भएको मन्दिर छ । यसै मन्दिरभित्र अष्टमातृकाका गण पनि राखिएका छन् ।

ब्रह्मायणीलाई काभ्रे जिल्लाकै एक शक्तिशाली देवीका रूपमा पुज्ने चलन छ । ब्रह्मायणीको मन्दिर पुण्यमाता खोलाको उत्तरतर्फ रहेको छ । यो पनि पनौतीको ठूलो प्राचीन सम्पदा हो । यो मन्दिर काष्ठकलाले सजिएको छ । दुईतले प्यागोडा शैलीमा निर्मित यो मन्दिरमा प्रत्येक शनिबार नित्यपूजा चल्दछ । अन्य मन्दिरको भन्दा यस मन्दिरको भित्री भाग कलात्मक देखिन्छ । यस मन्दिरको भित्री भागमा प्राचीन चित्रहरू चित्रण गरिएका छन् । यसका टुँडालहरूमा अष्टमातृका तथा भैरवका मूर्तिहरू कुँदिएका छन् ।

पनौतीका महत्त्वपूर्ण सांस्कृतिक सम्पदाहरूमध्ये वंशगोपाल (श्रीकृष्णमन्दिर) मन्दिरको चर्चा गरिएन भने पनौतीको ऐतिहासिक र सांस्कृतिक सम्पदाको इतिहास अपूरो र अधुरो रहन्छ । यो मन्दिर पुण्यमाता खोलाबाट दक्षिणतर्फ त्रिवेणीघाटमा अवस्थित छ । यो पनि प्राचीन मन्दिर हो । भक्तपुरको पाँचतले मन्दिरको जस्तै अग्ला चारवटा ठूला पेटीहरूमाथि निर्मित यो मन्दिर पनि कलात्मक देखिन्छ । यसको अलावा भद्रकालीको मन्दिर, ब्रह्मायणी द्यःछें पनि निकै महत्त्वपूर्ण सांस्कृतिक सम्पदाहरू हुन् ।

स्मारकक्षेत्रबाहिर पनि थुप्रै सांस्कृतिक सम्पदाहरू रहेका छन् । पचासौँवटाभन्दा बढी मन्दिर, पाटी, पौवा तथा ढुङ्गेधाराहरू स्मारकक्षेत्रबाहिर रहेका छन् । पनौती वडा नं.१२ मा रहेको द्रौपदाको मन्दिर, कृष्णमन्दिर, वडा नं.२ मा अवस्थित प्रसिद्ध धनेश्वरमहादेवको मन्दिर, भीमसेनमन्दिर तथा ठुलढुङ्गा सेतीदेवीको मन्दिर, वडा नं.१.मा अवस्थित शारदादेवीको मन्दिर आदि पनौतीका अन्य केही सम्पदालाई उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ । नगरपालिकाभित्र प्राचीन ढुङ्गेधाराहरू पुराना इनारहरू पनि रहेका छन् । नगरपालिकाभित्र तेँत्तिस वटा ढुङ्गेधारा र चौध वटा प्राचीन इनारहरू रहेका छन् । त्यस्तै नगरपालिकाभित्र थुप्रै घाटहरू रहेका छन् । स्मारक क्षेत्रभित्र मात्र करिव वीसवटा घाटहरू छन् । पनौती नगरपालिकाभित्र रहेका महत्त्वपूर्ण सांस्कृतिक सम्पदाहरूलाई निम्नानुसार तालिकामा उल्लेख गरिएको छ

स्मारकक्षेत्रभित्र रहेका सम्पदाहरू :

मन्दिर / देवीदेवताका नाम	अवस्थिति
इन्द्रेश्वरमहादेवको मन्दिर	वडा नं. ७
उन्मत्तभैरवको मन्दिर	वडा नं. ७
तुलानारायणको मन्दिर	वडा नं. ७
सत्यनारायणको मन्दिर	वडा नं. ७
लक्ष्मीनारायणको मन्दिर	वडा नं. ७
माधवनारायणको मन्दिर	वडा नं. ७
विश्वेश्वरमहादेवको मन्दिर	वडा नं. ७
राधाकृष्ण (वंशगोपाल) को मन्दिर	वडा नं. ७
उमामहेश्वरको मन्दिर	वडा नं. ७
कृष्णनारायणको मन्दिर	वडा नं. ७
सूर्यनारायणको मन्दिर	वडा नं. ७
नमोबुद्धको देवघर	वडा नं. ७
पूर्णगिरीमहादेवको मन्दिर	वडा नं. ७

न्हुवह चैत्य	वडा नं. ७
धर्मधातु महाविहार चैत्य	वडा नं. ६
पञ्चबुद्ध (चिवाद्यो): ४ वटा	वडा नं. ६
पञ्चबुद्ध एक	वडा नं. ५
पञ्चबुद्ध एक	वडा नं. ७
विश्वरूपको मन्दिर	वडा नं. ७
मत्स्यनारायणको मन्दिर	वडा नं. ७
लक्ष्मी, सरस्वती, राम र कृष्णको संयुक्त मन्दिर	वडा नं. ७
सङ्टामन्दिर	वडा नं. १०
भीमसेनस्थान	वडा नं. १०
केदारनाथको मन्दिर	वडा नं. ७
बद्रीनाथको मन्दिर	वडा नं. ७
राम, सीता र हनुमानको मन्दिर	वडा नं. ७
मुक्तेश्वरमहादेवको मन्दिर	वडा नं. ७
पञ्चमुखी महादेवको मन्दिर	वडा नं. ७
सङ्टानारायणको मन्दिर	वडा नं. ७
वासुकी नागराज	वडा नं. ७
थाम्पाभैरव	वडा नं. ७
गणेश, विश्वकर्मा र सरस्वतीको मन्दिर	वडा नं. ७
भगवतीको मन्दिर	वडा नं. ७
काठंगणेशको मन्दिर	वडा नं. ६
कार्यविनायकको मन्दिर	वडा नं. ६
हैमा द्यः	वडा नं. ५
हनुमान	वडा नं. ६
सूर्यविनायकको मन्दिर	वडा नं. ७
सिद्धिविनायकको मन्दिर	वडा नं. ५
जलविनायकको मन्दिर	वडा नं. ६
भद्रकालीको मन्दिर	वडा नं. ५
महालक्ष्मीको मन्दिर	वडा नं. ५
ब्रह्मायणी द्यःछें	वडा नं. ६
ब्रह्मायणीको मन्दिर	वडा नं. ७
नास द्यो (नृत्यनाथ)	वडा नं. ६

सरस्वती करुणामयको मन्दिर	वडा नं. ५
कपमरुगणेश द्यः	वडा नं. ७
गुप्तेश्वरमहादेव	वडा नं. ५
मानेश्वरीको मन्दिर	वडा नं. ५
शिवपार्वतीको मन्दिर	वडा नं. ७
इन्द्रायणीमन्दिर	वडा नं. ५
महेश्वरीमन्दिर	वडा नं. ७
गुहेश्वरीमन्दिर	वडा नं. ७
नरसिंहमठ	वडा नं. ७
हरिसिद्धि द्यः छें	वडा नं. ६
तलेजुभवानीको मन्दिर (लोप)	वडा नं. ७
लायकु दरबार (लोप)	वडा नं. ७
बुद्धविहार	वडा नं. ७
शीतलामाईको मन्दिर	वडा नं. ७
वत्सलादेवी	वडा नं. ७
सरस्वतीमन्दिर	वडा नं. ७
सरस्वतीमन्दिर	वडा नं. ५
सूर्य (त्रिवेणीघाट) (चोरी भएको)	वडा नं. ७
लक्ष्मी र विष्णु, गरुडको मूर्ति (चोरी भएको)	वडा नं. ७
उभिएको विष्णु (चोरी भएको)	वडा नं. ७
अहल्या	वडा नं. ७
शेषनारायण	वडा नं. ७
मत्स्यनारायण	वडा नं. ७
क्षेत्रपाल-भैरव	वडा नं. ७
शिवको मूर्ति (चोरी भएको)	वडा नं. ७
सङ्ग्रहालय (म्युजियम) भवन	वडा नं. ७
चक्रेश्वरमहादेव	वडा नं. ५
मच्छेनारायण (त्रिवेणीघाट)	वडा नं. ७
बुङ्ग करुणामय, पद्मपाणि, लोकेश्वर	वडा नं. ५
गोरखनाथमन्दिर	वडा नं. ११

स्मारकक्षेत्रभित्रका महत्त्वपूर्ण चोक तथा प्रमुख पाटीहरु :

महत्त्वपूर्ण चोकहरू	**प्रमुख पाटीहरू**
हैमा द्यः चोक	सरस्वतीपाटी (दुईवटा)
नास्ननीचोक	त्रिवेणी भजनपाटी
चम्पाचोक	वासुकीनागपाटी
खर्छेचोक	यालाक्षेगणेशपाटी
कालिकाचोक	गणेशपाटी
आगन्छेचोक	हनुमानपाटी
पसर्छेचोक	गुप्तेश्वरपाटी
घुल्पीननीचोक	कृष्णापाटी
न्हुवाइननीचोक	सोह्रखुट्टेपाटी
कोलाछेचोक	पुलीसपाटी
	लाम्पाटी
महत्त्वपूर्ण डबलीहरू	लाक्षीपाटी
	सूर्यविनायकपाटी
नास दवु	दुईमुखे ढोकापाटी
जला दवु	कार्यविनायकपाटी
नवदुर्गा दवु	अजम्बरपाटी
तलेजु दवु/लायकु	खुसीफले पाटी
महादेव दवु	मसानपाटी
ब्रह्मायणी/नास दवु	रामभ्रुपडीपाटी
कालिकाननी दवु	जलविनायकपाटी

स्मारक क्षेत्र नक्सा



सामार : PANAUTI UNE VILLEAU NEPAL

ेवि

४. थाम्पा भैरब
५. इन्द्रेश्वर महादेव
६. सँग⁄हालय
७. काठंकुमारी
८. महालक्ष्मी
९. इन्द्रायणी
१०. भद्रकाली
११. मानेश्वरी
१२. तलेजु मन्दिर
१३. लायकु डबली

स्मारक क्षेत्र बाहिरका सम्पदाहरू :

मठ-मन्दिर / देवीदेवताहरू	अवस्थिति
नारायण मन्दिर	वडा नं.१
वाणेश्वर मन्दिर	वडा नं.१
श्वेतगणेश मन्दिर	वडा नं.१
कृष्ण मन्दिर	वडा नं.१
जलेश्वरमहादेवको मन्दिर	वडा नं.१
भीमसेनस्थान	वडा नं.२
ठूलो ढुङ्गा सेतीदेवी	वडा नं.२
धनेश्वरमहादेव	वडा नं.२
सल्लेदेवी	वडा नं.३
राधाकृष्ण	वडा नं.३
बसलादेवी	वडा नं.३
विवेकादेवी	वडा नं.९
संसारीदेवी	वडा नं.९
महालक्ष्मीदेवी	वडा नं.९
शारदादेवीथान	वडा नं.१०
महादेवस्थान	वडा नं.११
मनकामना	वडा नं.११
गोठालोगणेश मन्दिर	वडा नं.११
भीमसेनस्थान	वडा नं.१२
गणेश मन्दिर	वडा नं.१२
रङ्गनाथ मन्दिर	वडा नं.१२
द्रौपदा मन्दिर	वडा नं.१२
फड्केश्वर महादेव	वडा नं.१२
ललितादेवी मन्दिर	वडा नं.१२
कमलादेवी मन्दिर	वडा नं.१२
डाङ्टेश्वर महादेव	वडा नं.१२
नरसिंहमठ (भत्किएको)	वडा नं.१२
फूलचोकीदेवी	वडा नं.१२

स्मारक क्षेत्र बाहिरका पाटीहरू :

सिफल्चापाटी ३ वटा	सुन्थान
बिचारीपाटी	सुब्बागाउँ
सोह्रखुट्टेपाटी	खोपासी
जरमफलेपाटी	खोपासी
दुसीमारीपाटी	खोपासी
भीमसेनपाटी	पनौती – १०
बाखेपाटी	सुब्बागाउ

माथि उल्लिखित सम्पदाहरूमध्ये प्रख्यात एवं महत्त्वपूर्ण केही सम्पदाहरूका बारेमा निम्नअनुसार चर्चा गरिएको छ ।

१८.पनौतीमा अवस्थित केही प्रसिद्ध मन्दिरहरू:

१८.१ इन्द्रेश्वर महादेव

इन्द्रेश्वर महादेवको मन्दिर पनौती नगरपालिका वडा नं.७ मा अवस्थित छ । यो मन्दिर राष्ट्रिय महत्त्वको सांस्कृतिक सम्पदा हो । ठूलो क्षेत्रफल ओगटेको विशाल चोकभित्र रहेको यो मन्दिरको चारैतिर पर्खालले घेरिएको छ । चोकभित्र इन्द्रेश्वरमन्दिरको पश्चिमतर्फ जयसिंहरामले स्थापना गरेको तोलानारायणको भव्य कलात्मक मन्दिर रहेको छ । इन्द्रेश्वर मन्दिरको उत्तर-पश्चिम कुनामा विश्वेश्वर मन्दिर रहेको छ भने उत्तरतर्फ उमामहेश्वरको सानो मन्दिर छ । त्यस्तै, दक्षिण दिशामा उन्मत्तभैरवको मन्दिर छ भने पूर्वतर्फ सत्यनारायण, लक्ष्मीनारायण, सूर्यनारायण र कृष्णनारायणका मन्दिरहरू रहेका छन् । इन्द्रेश्वर मन्दिरको पश्चिमतिर सत्रौं शताब्दीमा निर्मित वेणुधर कृष्ण र चौधौं शताब्दीमा निर्मित सूर्यका मूर्तिहरू रहेका छन् ।[१७] मन्दिर हाताभित्रै उत्तर-पूर्व र दक्षिण-पश्चिम दिशामा दुई-दुईवटा शिवलिङ्गहरू पनि स्थापित छन् । यस चोकको उत्तर कुनामा गौतम ऋषिकी पत्नी अहल्याको प्रतीक शिला रहेको छ । मन्दिरको पश्चिमद्वार अगाडि ढुङ्गाको बसाहा स्थापना गरिएको छ भने दक्षिण- पश्चिम दिशामा क्षेत्रपाल भैरवको मूर्ति अवस्थित छ । यही दिशामा पनौती सङ्ग्रहालय (म्युजियम) का लागि भवन बनाइएको छ । यो भवनमा हाल पनौतीी सङ्गहालयको नामले सङ्गहालय सञ्चालन भैरहेको छ । त्यस्तै, मन्दिरको उत्तरतर्फ परम्परागत शैलिमा इन्द्रेश्वर मन्दिरका पुजारी बस्नको लागि

[१७] विजयराम कर्माचार्य, पनौतीको बाह्रवर्षे मकरमेला.., २०५४ पृ ९

इन्द्रेश्वरमन्दिर



मठ बनाइएको छ । यहाँका पुजारी जंगम थरका छन् । इन्द्रेश्वर महादेवको मन्दिर ठूलो क्षेत्रफल ओगटेको विशाल चोकको मध्यभागमा प्रतिस्थापित छ । यस क्षेत्रको रक्षार्थ मन्दिरको चारैतिर ठूलो पर्खालले घेरिएको छ । इन्द्रेश्वर मन्दिरको हाताभित्र प्रवेश गर्नका लागि चारवटा द्वारहरू चार दिशामा राखिएका छन् । यी द्वारहरू मध्ये पश्चिमद्वार, पूर्वद्वार र दक्षिणद्वार बढी प्रयोगमा आउने गर्दछ भने उत्तरीद्वारको प्रयोग विशेष पर्व र जात्राहरूमा मात्र हुने गर्दछ ।

यसरी सांस्कृतिक सम्पदाले भरिएको यो इन्द्रेश्वरक्षेत्र (चोक) सांस्कृतिक सम्पदाको सङ्ग्रहालयजस्तो देखिन्छ । यो क्षेत्रको मुटु भने इन्द्रेश्वर महादेवको विशाल तीनतले मन्दिर नै हो । तेलीय ईँटा, माटो, लाहा र ढुङ्गाको प्रयोग गरेर बनाइएको यो मन्दिर प्राचीन वास्तुकलाको अनुपम नमुना हो । उपत्यकाका प्राचीन सम्पदाहरूमध्ये काष्ठमण्डपपछिको दोस्रो पुरानो सांस्कृतिक सम्पदाका



रूपमा इन्द्रेश्वरमन्दिरलाई मानिएको छ । जमिनबाट ३.५ फिट ढुङ्गाको पेटी उठाई यो मन्दिर बनाइएको छ । मन्दिर-प्रवेशका लागि चारवटा कलात्मक काठेढोकाहरू बनाइएका छन् । तर मन्दिरमा प्रवेश गर्न भने पश्चिम र दक्षिण द्वार मात्र प्रयोग गरिँदै आएको छ । मूल प्रवेशद्वार पश्चिमाभिमुख छ । प्रवेशद्वार पुग्नका लागि ढुङ्गाको सिँढी चढ्नुपर्छ । सिँढीका दायाँ-बायाँ सिंह राखिएका छन् । यस मन्दिरभित्र तीन तहका भित्ताहरू रहेका छन् । जमिनको सतहदेखि नै निर्मित भित्ताहरूको चारै दिशामा कलात्मक द्वारहरू राखिएका छन् । यस मन्दिरको दोस्रो र तेस्रो भित्ताका प्रवेशद्वारहरू सुनौला छन् । सबैभन्दा भित्री तहको बीच भागमा महादेवको आकर्षक भव्य शिवलिङ्ग स्थापना गरिएको छ । यस मन्दिरको मूल देवता पश्चिमाभिमुख रहेको छ । शिवलिङ्गलाई सुनको मोलम्बा लगाइएको चतुर्मुखी कवचले छोपिएको हुन्छ । यो

चतुर्मुखी खोल जयसिंहरामले चढाएको कुरा इतिहासमा उल्लेख छ । ठीक यसमाथि सुनको मोलम्बाकै चँदुवा तथा सुनको मोलम्बा लगाइएको गजुर छ । यस मन्दिरको पहिलो तलामा प्राचीन चित्रकलाको उत्कृष्ट नमुना देख्न पाइन्छ । पहिलो तलाको चारैतिर आकर्षक एवं कलात्मक चित्रहरू कोरिएका छन् । मन्दिरको बाहिरी भाग पनि निकै कलात्मक देखिन्छ । यस मन्दिरको पूर्वतर्फको टुँडालमा यक्ष, यक्षिणी, गोपिनीहरू, पश्चिममा राम, सीता, हनुमान, लक्ष्मण, भरत र शत्रुघ्नका आकृतिहरू कुँदिएका छन् । त्यस्तै, उत्तरतर्फको टुँडालमा चामुण्डा, महेश्वरी, भैरव र भगवतीका तथा दक्षिणतर्फ पाँच पाण्डवका आकर्षक एवम् काष्ठकलाले सजिएका मूर्तिहरू कुँदिएका छन् । यस मन्दिरमा राखिएका टुँडालहरू भव्य र उच्चस्तरीय कलाले भरिएका छन् । मन्दिरको पहिलो तलाका छाना र टुँडालहरू निकै कलात्मक देखिन्छन् । यो मन्दिर वास्तुकलामा मण्डपशैली र नेपाली छत्रशैलीको सम्मिश्रणको विकसित रूप हो भनी विदुषी मेरी स्लासरले उल्लेख गरेबाट यसको कलात्मक महत्त्व अझ झल्किन्छ । यस मन्दिरको निर्माणकाल हालसम्म थाहा हुन सकेको छैन । कलाप्रेमी विदुषी मेरी स्लासरले यो मन्दिर तेह्रौं शताब्दीको हुन सक्ने अनुमान गरेकी छन् । इन्द्रेश्वरमन्दिर काठमाडौंको काष्ठमण्डपजत्तिकै पुरानो छ ।[१८] बनेपाकी युवराज्ञी विरमादेवीले वि.सं. १३५१ मा इन्द्रकुटको (इन्द्रेश्वरलिङ्ग) स्थापना गरेको उल्लेख भए पनि प्रामाणिक रूपमा मन्दिर निर्माण भएको तिथिमिति हालसम्म पाइएको छैन । तर यो मन्दिर प्राचीन भएकोमा कसैको दुई मत छैन । इन्द्रेश्वरमन्दिरको पश्चिम ढोकाको माथि दलिनमा राखिएको चाँदीपत्रमा सम्वत् ७८४ शिवरात्रिको दिनमा मुक्तिराज भारोले सुनको तीनतले छत्र चढाएको उल्लेख छ । इन्द्रेश्वरमन्दिरको दक्षिणी ढोकानजिकै रहेको चाँदीपत्रमा सम्वत् ९७३ माघ कृष्ण द्वितीया तिथिमा देवलको पश्चिमपट्टि सुनको छाना बनाएर भैरवसिंह चन्द्रमणिले चढाएको उल्लेख छ ।



प्रारम्भमा यो मन्दिर एकतले मात्र थियो भनेर यहाँका बुढापाकाहरू भन्छन् । पछि यस मन्दिरको उचाइ तथा चौडाइ बढाई दुईतले मन्दिर बनाइयो र अन्तमा हालको स्वरूपमा तीनतले मन्दिरको निर्माण गरिएको हो । यसको प्रमाण के छ भने प्रत्येक तलामा गजुरहरू रहेका छन् । पहिलो गजुर मूल देवताको माथि राखिएको छ

[१८] ऐ.ऐ.सङ्ख्या १०, पृ.२०४

भने दोस्रो गजुर मन्दिर जीर्णोद्धार गर्दा निकाली पुन: सोही स्थानमा राखिएको छ । यसबाट यो मन्दिरको वर्तमान स्वरूप एकैपटक बनेको होइन भन्ने प्रमाणित हुन्छ ।

यस मन्दिरका निर्माणकर्ता देवराज इन्द्र हुन् भन्ने किंवदन्ती छ । देवताका राजा इन्द्रले स्थापना गरेका महादेव भएकाले इन्द्रेश्वर महादेव नाम रहन गएको जनश्रुति छ । यो जनश्रुति इन्द्रको पापमोचन र बाह्रवर्षे मकरमेलासँग सम्बन्धित छ । यसबाहेक इन्द्रेश्वर महादेवको मन्दिरको अर्को किंवदन्ती पनि प्रचलित छ । किंवदन्तीअनुसार धेरै वर्षपहिले देवराज इन्द्रले स्थापना गरेको इन्द्रेश्वर शिवलिङ्ग विविध कारणले पुरिन गयो । त्यस बेला हालको पनौती (गा.वि.स.) ठूलो जङ्गलका रूपमा थियो । यहाँको प्राचीन बस्ती जेंलांदेमा रहेको समयमा यही जङ्गलमा आएर गाई चराउने गर्थे । यसै क्रममा एकजना गोठालोको गाईले घरमा दुध दिन छोडेछ । धेरै दिनसम्म पनि आफ्नो गाईले दूध नदिएपछि एक दिन गाई चराउन जाँदा गोठालो गाईको पछिपछि लाग्यो । चर्दै जाने क्रममा केही पर पुगेपछि गाई टक्क अडियो र गाईको थुनबाट आफसेआफ दुध झर्‍यो । यस्तो अचम्मको घटना देखेर त्यहाँ के रहेछ भनी खनेर हेर्दा इन्द्रेश्वर महादेवको लिङ्ग भेटियो । त्यसपछि इन्द्रेश्वर महादेवको महिमा फैलिँदै गयो ।

१८.२ उन्मत्त भैरव



उन्मत्त भैरवको मन्दिर पनौतीको अर्को महत्त्वपूर्ण सांस्कृतिक सम्पदा हो । उन्मत्त भैरवको मन्दिर इन्द्रेश्वरक्षेत्र (चोक) भित्र रहेको छ । इन्द्रेश्वरमन्दिरको दक्षिणतिर अवस्थित यो मन्दिर उत्तर मोहडामा निर्मित छ । ईंटा, माटो, ढुङ्गा र काठका कलात्मक बुट्टाले सजिएको यो मन्दिर एकतले छ । यो मन्दिर १६ औं शताब्दीमा बनेको हो ।[११] यो मन्दिर प्रवेश गर्ने बुट्टेदार ३ ढोकाहरू छन् । यी ढोकाहरूमध्ये भित्र प्रवेश गर्नका लागि बीचको ढोका प्रयोग हुन्छ । यस मन्दिरको माथिल्लो तलामा मल्लकालीन तीन कलात्मक मूर्तिहरू राखिएका छन् । स्थानीय बासिन्दाहरूको भनाइअनुसार यसरी राखिएका तीन सालिकहरू नेपाल टुक्रिएको अवस्थाका पनौती, सुन्थान र खोपासीका राजाहरूका हुन् । यीमध्ये बीचको सालिक पनौतीको त्यसबेलाका राजाको हो भन्ने स्थानीय जनभनाइ रहेको छ । तर एक पुस्तकमा भक्तहरूको आकृति (कर्माचार्य, २०५४ : १०) भनी उल्लेख भएको पाइन्छ भने अर्को एक पुस्तकमा यक्षसमूहका (जीतबहादुर मानन्धर, २०६४ : १११) भनी उल्लेख गरिए तापनि स्थानीय जनश्रुतिअनुसार यी मूर्तिहरू राजाहरूकै हुनुपर्दछ ।

यो मन्दिरको भित्र पूर्व दिशामा भैरवको भव्य मूर्ति राखिएको छ । चार हातसहितको यो भव्य उन्मत्त रूपको भैरवको मूर्ति कलात्मक देखिन्छ । उन्मत्त भैरवको एउटा खुट्टाले बेताल र अर्को खुट्टाले नागलाई कुल्चिएको छ । यसको ठीक अगाडि पश्चिमतर्फ उन्मत्त भैरवकै प्रतिरूप चार हातसहितको अर्को मूर्ति रहेको छ । यो भैरवको मूर्ति जात्रा गर्नका लागि प्रयोग गरिन्छ । भैरवको पूर्व दिशामा रहेको मूल भैरवमूर्तिलाई तन्त्रविद्याले कहीँ जान नसक्ने गरी बाँधेर राखिएको छ भन्ने जनश्रुति छ । पहिले-पहिले मूल भैरवकै मूर्ति राखेर जेठ पूर्णिमाको जात्रा गर्ने चलन रहेकोमा हाल पश्चिमतर्फ रहेको भैरवको प्रतिमूर्ति राखेर जात्रा चलाउने गरिन्छ । पश्चिमाभिमुख भैरवको भव्य मूर्तिका दायाँ र बायाँतर्फ एक-एकवटा काठकै देवीका मूर्तिहरू राखिएका छन् । त्यस्तै,

[११] ऐ.ऐ. सङ्ख्या ७, पृ. २४९

उत्तराभिमुख गरी कुमार र गणेशसहित आठवटा अष्टमातृकाका काठका सुन्दर मूर्तिहरू राखिएका छन् । बीचमा यज्ञ गर्न मिल्ने गरी यज्ञस्थल पनि बनाइएको छ ।

यो मन्दिर धार्मिक दृष्टिकोणले निकै महत्त्वपूर्ण मानिन्छ । यहाँ रात्रिको समयमा विशेष पूजाआजा गर्ने परम्परा छ । यहाँ चाः पूजा, थाः पूजा, मतः पूजा, जागरणपूजा आदि गरिन्छ । थाः पूजा र जागरणपूजा गर्न विशेष तन्त्रविद्याको आवश्यकता पर्दछ । यस्तो पूजा दीक्षा भएकाहरूले मात्र गर्न सक्तछन् । यस मन्दिरको नित्यपूजा तथा रेखदेख गर्ने काम सुवाल थरका मान्छेले गर्दै आएका छन् ।

उन्मत्तभैरवको मुकुन्डो

१८.३ वंशगोपाल मन्दिर

पनौतीको शचीतीर्थ मानिएको त्रिवेणीघाटको पुण्यमाताखोला नजिकै अवस्थित यो मन्दिर पनौतीको अर्को महत्त्वपूर्ण सांस्कृतिक सम्पदा हो । वंशगोपाल, कृष्णमन्दिर, राधाकृष्णमन्दिर आदि नामले पुकारिने यो मन्दिर



भक्तपुरकै पाँचतले मन्दिरको शैलीमा निर्माण गरिएको छ । ढुङ्गाका चारवटा

पेटीहरू माथि उठाई यो मन्दिर निर्माण गरिएको छ । ढुङ्गाकै माथिल्लो पेटीमा चारैतिर सोह्रवटा कलात्मक काठका खम्बाहरू राखिएका छन् । यी खम्बाहरू मन्दिरको आधारजस्ता मात्र नदेखिई यिनले मन्दिरको सौन्दर्यमा पनि थप ऊर्जा प्रदान गरेका छन् । तीनतले यो मन्दिर पूर्वाभिमुख रहेको छ ।

मन्दिरमा प्रवेश गर्ने चारवटा कलात्मक ढोकाहरू रहेका छन् । यी ढोकाहरूका दायाँ-बायाँ काठकै द्वारपाल सजएर राखिएका छन् । मन्दिरका चारवटा ढोकाहरूमध्ये पूर्वदिशाको ढोका मात्र प्रयोगमा ल्याइएको छ । यस मन्दिरका छानाहरू झिँगटीले छाइएका छन् भने तामामा सुनको मोलम्बा लगाइएको गजुर राखिएको छ । मन्दिरका टुँडालहरू निकै आकर्षक र कलात्मक रहेका छन् । मन्दिरमा प्रयोग भएका काष्ठकलाका दृष्टिकोणले यो मन्दिरको काष्ठकला अनुपम देखिन्छ । मन्दिरभित्र ढुङ्गाबाट निर्मित करिब तीन फिट अग्लो कृष्ण र दुई गोपिनी उभिएका मूर्ति रहेका छन् । हातमा बाँसुरी लिएका कृष्ण र दायाँ-बायाँ एक-एक गोपिनीको उभिएको मूर्ति एउटै ढुङ्गामा अवस्थित छ । कृष्णसँगै उभिएका दुई गोपिनीका मूर्तिहरूलाई कतै-कतै राधा र रुक्मिणी मानेको पाइन्छ । तर मन्दिरको पूर्व दिशामा रहेको ने.सं.७८४ मा लेखिएको शिलालेखबाट यी दुई राधा र रुक्मिणी नभई गोपिनीहरू नै हुन् भन्ने सिद्ध हुन्छ ।

हालसम्म प्राप्त प्रमाणअनुसार यो मन्दिर उत्तरमध्यकालमा निर्माण भएको अनुमान लगाउन सकिन्छ । यस मन्दिरमा पूर्वतर्फ फर्किएको एउटा शिलालेख छ । उक्त शिलालेखमा रामभारो परलोक जानुभएकोमा राम्रो उद्देश्यले नेपाल सम्वत् ७८४ वैशाख शुक्ल तृतीयाका दिन पुण्यवतीपुरी इन्द्रेश्वर महादेवनजिक नदीसङ्गम निकटमा मन्दिर बनाई श्री श्री श्री वंशगोपालको मूर्ति गोपिनी दुईसहितको देवता प्रतिष्ठा गरेर मन्दिर बनाई सुवर्णकलश ध्वजारोहण गरी स्थापना गर्नुभयो भनी -पन्तिया अभिलेख, सङ्ख्या १० उल्लेख छ । यही शिलालेखमा रामभारो र अन्य भारोहरूको पनि नाम उल्लेख छ । त्यस्तै, यस मन्दिरको सहयोगका लागि नित्य पूजाआजा एवं जात्रा चलाउनका लागि विभिन्न नामको खेत मन्दिरमा चढाइएको पनि सोही शिलालेखमा उल्लेख छ । मन्दिरको रेखदेख तथा नित्यपूजा, जात्रा चलाउन नाथु भारो, मोतिराज भारो, शुपरि भारो आदिले चिन्ता गर्नुपर्‍यो भनी माथि उल्लिखित शिलापत्रमा लेखिएको छ ।

कृष्णजन्माष्टमीका दिन कृष्णको धुमधामपूर्वक, बाजागाजासहित नगर-परिक्रमा गरी जात्रा गर्ने परम्परागत प्रचलन हालसम्म कायम छ । जात्रा सकिएपछि सबैलाई प्रसाद बाँड्ने काम हुन्छ ।

१८.४ ब्रह्मायणी मन्दिर

ब्रह्मायणीदेवी काभ्रे जिल्लाकै एक शक्तिशाली देवी तथा शक्तिपीठको रूपमा रहेको छ । यो मन्दिर कुञ्जगिरी पर्वत (गोरखनाथडाँडा) को काखमा अवस्थित कलात्मक मन्दिर हो । केही पुस्तकहरूमा रणजीत मल्लकी पत्नी विश्वलक्ष्मीले यो मन्दिर बनाएको उल्लेख छ । तर विश्वलक्ष्मी रणजीत मल्लकी पत्नी नभई आमा हुन् । विश्वलक्ष्मी भूपतीन्द्र मल्लकी पत्नी हुन् । मन्दिरको



अभिलेखमा राजा रणजीत मल्लको समयमा उनकी आमा विश्वलक्ष्मीले मन्दिरभित्र गरिने पञ्चोपचारपूजा र सोका लागि भूमिव्यवस्था गरिदिएको उल्लेख छ । यसका साथै मन्दिरमै रहेको ने.सं.८३६ मा लेखिएको शिलापत्रमा 'श्री

विश्वलक्ष्मीदेवीले श्री ३ ब्रह्मायणीको देवल बनाई गुठीका निम्ति खेत चढाउनुभयो' भनी (पन्तिया अभिलेख, सङ्ख्या २३) उल्लेख छ । यसबाट भूपतीन्द्र मल्लको मृत्युपछि उनका छोरा रणजीत मल्लको समयमा रानी विश्वलक्ष्मीले ब्रह्मायणीको देवघर (सोहृखुट्टेपाटी नजिकको) निर्माण गरिएको हुन सक्ने सम्भावना छ ।

यस मन्दिरको पश्चिमतर्फ राखिएको शिलालेखमा 'सम्वत् ८३६ असार महिना शुक्लपक्ष नवमी तिथिमा श्री श्री जयभूपतीन्द्र मल्लदेवकी पत्नी, श्री श्री जयरणजीत मल्लदेवलाई जन्माउने श्री श्री विश्वलक्ष्मीदेवीले श्री ३ ब्रह्मायणीदेवीको व्रतबन्धन आदि पञ्चोपचार पूजाका निम्ति गुठी बनाई बीस रोपनी भूमिदान गर्नुभयो' भनी (पन्तिया अभिलेख, सङ्ख्या २३) उल्लेख भएबाट मन्दिरको पूजाआजा तथा जात्रापर्वलाई व्यवस्थित गर्न राजा रणजीत मल्लको समयमा उनकी आमा विश्वलक्ष्मीदेवीले मन्दिरभित्र गरिने पञ्चोपचार पूजाका लागि भूमिको व्यवस्था गरिदिएको स्पष्ट हुन्छ ।



सोही शिलापत्रमा मन्दिरलाई 'देव्या' भनी उल्लेख छ भने श्री २ विश्वलक्ष्मीदेवीले श्री ३ ब्रह्मायणीदेवल बनाई गुठीका निम्ति खेत चढाउनुभयो भनी उल्लेख भएबाट राजा भूपतीन्द्र मल्लको मृत्युपश्चात रणजीत मल्लको समयमा उनकी माता रानी विश्वलक्ष्मीदेवीले ब्रह्मायणीमन्दिर नभई ब्रह्मायणी देवघर (द्यः छें) निर्माण गराएको हुन सक्ने प्रबल सम्भावना रहेको छ । यो द्यः छें (देवघर) सोहृखुट्टेपाटीनजिक रहेको छ ।

यो मन्दिर तीनतले छत्रशैलीमा निर्मित छ । मन्दिरभित्र पस्न चारवटा द्वारहरूको व्यवस्था गरिएको छ । यस मन्दिरको मूल द्वार उत्तराभिमुख छ । चारैवटा ढोकाहरू मन्दिरप्रवेशका लागि खुला रहने गर्दछन् । ढोकाहरू काष्ठकलाले सजिएका छन् । मन्दिरको बाहिरी स्वरूप काष्ठकलाले सजिएको छ । यस मन्दिरका टुँडालहरू कलात्मक छन् । टुँडालहरूमा अष्टमातृका र अष्टभैरवका मूर्तिहरू कुँदिएका छन् । मन्दिरभित्र उत्तराभिमुख रहेको ब्रह्मायणीदेवीको मूर्ति रहेको छ । ब्रह्मायणीदेवीको मूर्तिका दायाँ-बायाँ अन्य देवीदेवताका मूर्तिहरू प्रतिष्ठापित छन् । मन्दिरका भित्ताहरूमा कलात्मक चित्रहरू चित्रण गरिएका छन् । ब्रह्मायणीदेवीको मूर्तिअगाडि एउटा खाल्डो छ । उक्त खाल्डोमा बाहृवर्षे मकरमेलाभरि जल उत्पन्न हुने जनआस्था रहेको पाइन्छ ।

१८.५ जलेश्वर महादेव

जलेश्वर महादेव हाल पनौती नगरपालिकाको वडा नं.१२ अन्तर्गत खोपासीमा पर्दछ । जलेश्वर महादेवलाई फङ्केश्वरको नामले पनि पुकारिन्छ । रोसीखोलाको किनारमा अवस्थित यो जलेश्वर भगवान् शिवको लिङ्गस्वरूप हो । यो शिवलिङ्ग कुनै मन्दिरभित्र अवस्थित नभई पहराको मुनि रहेको छ । प्राचीन समयमा जलबाट उत्पन्न भएको शिवलिङ्ग भएकाले यसलाई जलेश्वर भनिएको जनश्रुति छ । शिवलिङ्गको माथि पहरामा गाईको थुन आकारको ढिस्कोबाट सदा पानी झरिरहन्छ । उक्त पहराको वरिपरि अन्य कुनै स्थानबाट पानी तपतप चुहिएको छैन । तर जलेश्वर महादेवमा भने वर्षैभरि पानी झरिरहनुले महेश्वरको लिङ्गमा जल अर्चना भइरहेको आभास मिल्दछ ।



यस शिवलिङ्गको स्थापनाका बारेमा कुनै लिखित प्रमाण छैन । यस जलेश्वर महादेवस्थानमा दुईवटा शिवलिङ्गहरू छन् । तीमध्ये कालो ढुङ्गाबाट निर्मित गोलाकार शिवलिङ्ग त्यहाँको मूल शिवलिङ्ग मानिएको छ भने अर्को शिवलिङ्ग पछि स्थापना गरिएको छ । जलेश्वर शिवलिङ्गसँगै दुईवटा डमरु आकारका ढुङ्गाहरू राखिएका छन् । सानो पर्खालमा त्रिशूल र घण्ट झुन्ड्याइएको छ ।

सुन्दर, शान्त र प्राकृतिक छटाले सजिएको वातावरणमा रहेको जलेश्वर महादेवको शिवलिङ्गको स्थापनाबारे रोचक किंवदन्ती प्रचलित छ । प्रचलित जनश्रुतिअनुसार देवता र दानवहरू मिलेर गरेको समुद्रमन्थनबाट कालकुट विष निस्कियो । उक्त विष भगवान् शिवले पिएर कण्ठमा अड्काई राखे । विषले शिवलाई डाहा भयो । उनी छटपटिए । आफ्नो डाहा शान्त पार्न हिँड्दा भगवान् शिवले पहिलो पाइलो लङ्केश्वरमा र दोस्रो पाइलो जलेश्वरमा राखी गोसाइँकुण्डमा गई शयन गरे । यसरी पाइला टेक्ता लङ्केश्वरमा लङ्केश्वर महादेव र जलेश्वरमा जलेश्वर महादेवको शिवलिङ्ग उत्पन्न भएको किंवदन्ती प्रचलित छ ।

१८.६ तोलानारायण मन्दिर

तोलानारायण मन्दिर इन्द्रेश्वरहाताभित्र रहेको महत्त्वपूर्ण मन्दिर हो । मल्लकालीन पनौतीका स्वतन्त्र शासक (महाथ) जयसिंहरामले बनाउन लगाएको यो मन्दिर पूर्वतर्फ फर्किएको छ । तेलीय इँटा, माटो र वज्रलेपन गरी निर्माण गरिएको यो मन्दिर गुम्बजशैलीको छ । यसको छानो वज्रलेपन गरी



बनाइएको छ । मन्दिरभित्र ढुङ्गाबाट निर्मित मूर्ति छ । चार हातसहित उभिएको नारायणको यो मूर्तिलाई कमलको आसनमाथि स्थापना गरिएको छ । करिब नौ फिट अग्लो यो मूर्ति निकै आकर्षक देखिन्छ । तोलानारायणको तल्लो बायाँ हातमा रहेको शङ्खभित्र एउटा ठूलो चामल छ । त्यो चामलको भात पकायो भने सम्पूर्ण देशवासीलाई खुवाउन पुग्छ भन्ने जनविश्वास रहेको छ ।

१८.७ बद्रीनाराणको मन्दिर

पनौतीको त्रिवेणीघाटमा अवस्थित यो मन्दिर गुम्बजशैलीको छ । यो मन्दिरको निर्माण अजम्बर कर्माचार्यका सन्तान विकुमान, रत्नमान र जीतवीरले गरेका थिए भन्ने भनाइ छ । यो मन्दिरको रेखदेख कर्माचार्य परिवारबाट गरिँदै आएको छ । मन्दिरको रेखदेख गर्न पुजारीको व्यवस्था पनि गरिएको छ । मन्दिरमा वि.सं.१९८२ उल्लेख भएको पित्तलको पाता छ । मन्दिरभित्र करिब ५ फिट अग्लो बद्रीनारायणको विशाल मूर्ति छ । एउटै ढुङ्गाबाट निर्मित चार हातसहितको बद्रीनारायणको मूर्ति गरुडमाथि विराजमान छ । बद्रीनाराणका दायाँ-बायाँ सूर्य, चन्द्र, इन्द्र र अप्सराका मूर्तिहरू कुँदिएका छन् । त्यस्तै, तल्लो भागमा लक्ष्मी, कुवेर, गणेश, भीमसेन र बीचमा तीनजना ऋषिका आकृतिहरू कुँदिएका छन् ।



स्थानीय जनभनाइअनुसार यो मन्दिरको छाना पहिले सुनको थियो । तर पछि पटकपटक सुनको छाना चोरी भएपछि २०१८ सालमा भारतबाट टायल झिकाई टायलले छाना छाइएको थियो । यो मन्दिरको गजुर भने सुनको मोलम्बा लगाइएको तामाको राखिएको छ ।

१८.८ भद्रकालीको मन्दिर

पनौतीमा रहेका महत्त्वपूर्ण ऐतिहासिक मन्दिरहरूमध्ये भद्रकालीको मन्दिर एक महत्त्वपूर्ण मन्दिर हो । यो मन्दिर पनौती न.पा.को वडा नं.५ अघाटोलमा अवस्थित छ । यो मन्दिर पूर्वतर्फ फर्किएको छ । मन्दिर कालकाननी नामको ठूलो चोकमा अवस्थित छ । चोकको बीचमा तेलीय इँटा र ढुङ्गाले छाएको डबली रहेको छ । चोकका वरिपरि व्यक्तिगत घरहरू रहेका छन् ।



२३ फिट लम्बाइ र १९ फिट चौडाइ भएको यो मन्दिरको छाना २ तले छ । यसको गजुरमा सुनको मोलम्बा लगाइएको छ । भद्रकाली शक्तिस्वरूपा हुन् । यहाँ आचाजू थरका व्यक्ति पुजारी छन् । नित्यपूजा र विभिन्न चाडपर्वमा बाहेक अन्य समयमा यहाँ कसैलाई पनि प्रवेश दिइँदैन । यहाँ बिहान नित्यपूजा र साँझमा आरती दिने परम्परागत चलन छ । भद्रकालीमन्दिरको नाममा भूमिको व्यवस्था रहेको कथन स्थानीयको छ । त्यही जग्गाबाट प्राप्त हुने मोहीले दिने धान र कोदोबाट यहाँ बिहान हुने नित्यपूजा र साँझमा गरिने आरती चल्दै आएको छ । यसको जात्रा पनौती ज्या:पुन्हिको दिन गरिन्छ ।

१८.९ धनेश्वर महादेवको मन्दिर

धनेश्वर महादेवको मन्दिर पनौतीको अर्को महत्त्वपूर्ण धार्मिक तीर्थस्थल हो । यो मन्दिर पनौती नगरपालिका वडा नं.२ मा अवस्थित छ । यो मन्दिर गुम्बजशैलीमा निर्माण गरिएको छ । इँटा, माटो र सुर्खीले बनेको यो मन्दिरको छाना सुनको मोलम्बा लगाइएको कलात्मक छ । मन्दिरको गजुरमा सर्पका आकृतिहरू कुँदिएका छन् । मन्दिरका अगाडि दुई ठूला घण्टा, त्रिशूल र एउटा छत्रसहितको हनुमानको आकर्षक मूर्ति छ । मन्दिरलाई सत्तल (पाटी) ले चारैतिरबाट घेरिएको छ । मन्दिरहाताभित्र पस्नुपूर्व उत्तर र दक्षिणतर्फ ढोकाहरू बनाइएका छन् । मन्दिरहातामा प्रवेश गर्ने मूल द्वार भने दक्षिणाभिमुख रहेको छ । मन्दिरको पश्चिमतर्फ साँझ-बिहान भजन गर्ने पाटी छ । यहाँ साँझ-बिहान भजन गर्नेहरू हुन्छन् ।



धनेश्वरको मन्दिरभित्र खाल्डो छ । यो खाल्डोलाई चतुर्मुखी शिवलिङ्गले छोपिएको हुन्छ । धनेश्वरहाताबाहिर गणेशमन्दिर तथा अम्बिकादेवीको मन्दिर रहेको छ । धनेश्वरमन्दिरको हाताबाहिर दक्षिणतर्फ शिवालय जलकुण्ड छ । जलकुण्डसँगै कृष्णमन्दिर र लक्ष्मीनारायणको मन्दिर अवस्थित छ । शिवालय जलकुण्ड निकै आकर्षक छ । धनेश्वर मन्दिरको बाहिर पूर्वपट्टि ठूलो पीपलको रूख छ । पीपलको रूखले मन्दिरको आकर्षणमा थप टेवा पुऱ्याइरहेको आभास मिल्दछ ।

धनेश्वर मन्दिर धार्मिक दृष्टिकोणले निकै प्रसिद्ध तीर्थस्थल हो । यहाँ दिनहुँजसो भक्तजनको आगमन हुने गर्दछ । प्रत्येक सोमबारका दिन यहाँ मानिसहरू ठूलो श्रद्धा एवं आस्थाका साथ दर्शन गर्न आउने गर्दछन् । अझ यहाँ शिवरात्रि तथा तीजमा दर्शनार्थीहरूको ठूलो भीड लाग्ने गर्दछ । यहाँ धान्यपूर्णिमाका दिन ठूलो मेला लाग्ने गर्दछ । धान्यपूर्णिमाको अघिल्लो रात बत्ती बाली रातभर जाग्राम बस्ने चलन छ । यसबाहेक पञ्चमी, एकादशी तथा फागुपूर्णिमाका दिन यहाँ भक्तजनको घुइँचो लाग्ने गर्दछ । धनेश्वरमा आई

धनेश्वर महादेवको दर्शन गर्नाले धनधान्य हुने, मनले चिताएको पुग्ने जनविश्वास दरिलो बन्दै गएको छ ।

धनेश्वर महादेवको उत्पत्ति र मन्दिरको निर्माणका सम्वन्धमा यकिन तिथिमिति छैन । तर धनेश्वरमन्दिर एउटा ठूलो शक्तिपीठ हो भन्ने कुरामा कसैको पनि दुई मत छैन । सतीदेवी अग्निकुण्डमा हामफालेपछि आफ्नी पत्नी सतीदेवीलाई बोकी संसार डुल्दै महादेव यहाँ आइपुग्दा सतीदेवीको दाहिने कान पतन भई यस पीठको उत्पत्ति भएको कुरा स्थानीय बुढापाकाहरू बताउँछन् । भाषावंशावलीमा पनि ६४ लिङ्गहरूको वर्णन गर्ने क्रममा धनेश्वरमहादेवको पनि उल्लेख गरिएको छ । नेपाल महात्म्यमा पनि धनेश्वरको उल्लेख छ । त्यसमा उल्लेख भएअनुसार कुवेरले धनेश्वरको स्थापना गरेका थिए । कलियुगमा जसले धनेश्वर महादेवको दर्शन गर्नेछ, त्यो धनधान्ययुक्त हुनेछ भनी उल्लेख गरिएको छ र यसका साथै धनेश्वर महादेवसम्बन्धी एउटा रोचक किंवदन्ती छ ।

किंवदन्तीअनुसार उहिले-उहिले परापूर्वकालमा हाल धनेश्वरमहादेव रहेको स्थानमा ठूलो जङ्गल थियो । जङ्गल घना थियो । बाघ-भालुको डरका कारण जङ्गलमा कोही पनि पस्तैनथे । त्यस बेला यो क्षेत्रमा बस्ती पनि थिएन । जङ्गलमा ठूला-ठूला रूखहरू थिए । जङ्गलको पारिपट्टि आत्मदेव नामक ऋषिको आश्रम थियो । आत्मदेव ऋषिले गाई पालेका थिए । उनको गाईलाई चर्नका लागि जङ्गलमा पठाइन्थ्यो । कहिलेकाहीँ गाई एक दिन बिराएर आश्रम फर्कने गर्दथ्यो । एकपल्ट गाई धेरै दिनसम्म हरायो । धेरै दूध दिने दुहुनो गाई यसरी हराउँदा ऋषि आत्मदेवलाई धेरै पीर पऱ्यो । त्यसपछि ऋषि आफैँ गई गाई खोज्न थाले । आफ्नो गाई कहीँ पनि नपाएपछि गाई त्यही घना जङ्गलभित्र पसेको यकिन भयो । मनमा अलिकति पनि डर नमानी आत्मदेव ऋषि जङ्गलभित्र प्रवेश गरे । जङ्गलमा कुनै किसिमको बाटो थिएन । स्याउला र घाँसहरू पन्छाउँदै ऋषि अगाडि बढ्दै जाँदा वनको मध्यभागमा पुगेपछि ऋषिले त्यहाँ अनौठो दृश्य देखे । त्यहाँ उनले एउटा खाल्डोमा आफ्नो गाईको दूध थुनबाट आफसेआफ झर्दै गरेको दृश्य देखे । त्यसै बेला खाल्डोबाट महादेवले आफूले ऋषिको गाईको दूध खाँदै गरेको कुरा बताए । ऋषि खुसी भए । आफ्नो गाईका कारण आज मैले महादेव पाएँ भन्दै ऋषिले घोप्टो परेर महादेवलाई प्रणाम गरे र भने – “धन्य ईश्वर, हजुरले मजस्तो तुच्छ ऋषिलाई साक्षात दर्शन दिनुभयो ।” त्यसपछि ‘धन्य ईश्वर’ भन्ने श्रद्धापूर्ण शब्दबाटै कालान्तरमा धनेश्वरको नामले यो ठाउँको शिवलिङ्ग प्रसिद्ध हुने कुरा महादेवले बताई यसको कीर्ति फैलाउन भने । त्यसपछि महादेव अन्तर्धान भए । धनेश्वरमहादेवसँग सम्बन्धित जेजस्ता किंवदन्तीहरू प्रचलित रहे तापनि यसको ठूलो धार्मिक महत्त्व छ । धनेश्वर महादेव सम्पूर्ण हिन्दूहरूका लागि श्रद्धा एवं आस्थाका केन्द्रविन्दु हुन् ।

१८.१० पशुपतिको मन्दिर

पशुपतिको मन्दिर पनौती नगरपालिका वडा नं. ७ मा अवस्थित छ । लायकु डवली नजिकै रहेको यो मन्दिर शिखर शैलिको छ । करिव २.५ फिट अग्लो तीनवटा पेटी माथि बनेको यो मन्दिर निकै आकर्षक छ । इँटा, काठ र माटोबाट बनेको यो मन्दिर बुट्टेदार छ ।



मन्दिरमा चारवटा प्रवेशद्वारहरूको व्यवस्था गरिएको भएतापनि दर्शन तथा पूजा आजाका लागि दक्षिणतर्फको ढोकाको प्रयोग गरिदै आएको छ । ढोकासँगै दुई-दुईवटा बुट्टेदार खम्बाहरू राखिएका छन् । मन्दिरको रक्षार्थ राखिएका यी खम्बाहरूले मन्दिरको शोभा बढाएका छन् । मन्दिरको गजुर ढुङ्गाको छ । मन्दिरको भित्र शिवलिङ्ग रहेको छ । मन्दिरको ढोका सानो भएको र भित्र घुम्ने ठाउँ साँघुरो भएकोले भक्तजनहरू ढोकाबाटै दर्शन गर्ने र पूजा अर्चना गर्ने गर्दछन् ।

१८.११ राम मन्दिर

राम मन्दिर त्रिवेणीघाटमा रहेको अर्को महत्त्वपूर्ण मन्दिर हो । यो मन्दिर पूण्यमाता खोलाको दक्षिणतर्फ रहेको छ । गुम्वज शैलीमा निर्माण गरिएको यो मन्दिरको अगाडि उत्तर वाहिनी नामक घाट छ । यस घाटको पेटीमा नौ हातको ढुङ्गा विछ्याइएको छ । यही ढुङ्गामा मानिसले प्राण त्यागेपछि मानिसको मृत शरिर सुताउने गरिन्छ । यहाँ सुताउँदा मृतआत्माले मोक्ष पाउने जनविश्वास छ । मन्दिरको पूर्व पट्टी वासुकी नागको प्रतिकात्मक शिला रहेको छ ।

पूर्वाभिमुख यो मन्दिर ढुङ्गा, इँटा, चुना र माटोबाट बनाइएको छ । मन्दिर भित्र उभिएको राम र सीताका मूर्तिहरू छन् । राम र सीताको बायाँ तर्फ लक्ष्मण र दायाँ तर्फ गदा बोकेको हनुमानको मूर्तिहरू रहेका छन् । यसका अलावा मन्दिर भित्र अन्य दुई स-साना मूर्तिहरू पनि राखिएका छन् । यी मूर्तिहरूलाई भरत र शत्रुघनको प्रतिमूर्ति मानिएको छ । मन्दिरको उत्तर कुनामा हनुमानको मूर्ति छ भने मन्दिर अगाडि वि.सं. १९६९ लेखिएको काँसको ठूलो घण्टा राखिएको छ ।

१८.१२ केदारनाथको मन्दिर

केदारनाथको मन्दिर त्रिवेणीघाटको अर्को महत्त्वपूर्ण मन्दिर हो । यो मन्दिर पनि गुम्वज आकारकै छ । यसभित्र प्रवेश गर्ने चार वटा द्वारहरू रहेका छन् । चारवटा ढोकाहरू भए पनि मन्दिर भित्र प्रवेश गर्ने द्वार भने दक्षिणाभिमुख छ । यो मन्दिर ईटा, चुना, सुर्की आदिको प्रयोग गरी निर्माण गरिएको छ ।



मन्दिरभित्र कलात्मक शिवलिङ्ग रहेको छ । नागको गोलाकार आसन माथि रहेको शिवलिङ्गमा चारैतिर चारवटा र माथि एउटा शिवको प्रतिमूर्ति कुँदिएको छ । शिवलिङ्गको माथि तामाको छत्र राखिएको छ ।

१८.१३ मुक्तेश्वर महादेवको मन्दिर



मुक्तेश्वर महादेव पनौतीको त्रिवेणीघाटमा अवस्थित छ । यो मन्दिर यहाँको निकै पुरानो मन्दिर मानिएको छ । पश्चिमाभिमुख यो मन्दिर गुम्वज शैलिको छ । यो मन्दिरको निर्माण ढुङ्गाले गरिएको छ । यो मन्दिर भित्र शिवलिङ्ग रहेको छ । यहाँ समय समयमा रुद्रीपाठहरू सम्पन्न हुने गर्दछ ।

१८.१४ मानेश्वरीको मन्दिर

मानेश्वरी देवी पनौतीभित्र रहेका शक्तिपिठहरूमध्येको एक हो । मानेश्वरीलाई बाराही पनि भनिन्छ । मानेश्वरी देवीको मन्दिर पनौती नगरपालिकाको वडा नं. ५ मा अवस्थित बसपार्क नजिकै छ । यो मन्दिरको निर्माणकाल बारे लिखित रूपमा कुनै तथ्य छैन् । तर गोपालराज वंशावलीमा राजा मानदेवले मानेश्वरी माईको प्रतिस्था गरे भन्ने उल्लेख छ ।

मानेश्वरी देवीको मन्दिरभित्र एउटा सानो चोक छ । चोक प्रवेशका लागि दक्षिणाभिमुख दुईवटा द्वारहरू छन् । दुई द्वारको बीचमा पर्खाल छ । सोही पर्खालमा मानेश्वरी देवीको प्रतिमूर्ति उत्तराभिमुख गरी राखिएको छ । यो मन्दिर वरपर पर्खाल र पाटी छन् । मन्दिर प्रवेश गर्ने दुई द्वारभन्दा केही अगाडि कुमार र गणेशका दुई कलात्मक मूर्तिहरू पनि राखिएका छन् । यी दुई कुमार र गणेशको कलात्मक मूर्तिहरूका कारण मानेश्वरी देवीको मन्दिर आकर्षक देखिन्छ ।

१८.१५ गोरखनाथको मन्दिर



गोरखनाथको मन्दिर कुञ्जगिरी पर्वतमा अवस्थित छ । यो कुञ्जगिरी पर्वतलाई दलिन्चोक डाँडा पनि भन्ने गरिन्छ । गोरखनाथको मन्दिर स्थापना पश्चात यसलाई गोरखनाथ डाँडा पनि भन्न थालिएको छ । यो त्रिवेणीघाटको उत्तरतर्फ पर्दछ । मकरमेलाको समयमा त्रिवेणीघाटमा स्नान गरी त्रिवेणीक्षेत्रमा रहेका देवीदेवताहरूको दर्शन सकी गोरखनाथको दर्शन गर्ने प्रचलन छ । गोरखनाथ डाँडाको टुप्पोबाट सुन्दर

हिमशृङ्खलाको अवलोकन गर्न सकिन्छ । भक्तजनहरू त्रिवेणीघाटको जललाई आफ्नो बुढी औंलाको खोपिल्टोमा राखी गोरखनाथलाई चढाउने गर्दछन् । यसरी त्रिवेणीघाटको जललाई चढाउँदा आफूले मनले चिताएको पुग्छ भन्ने धार्मिक विश्वास छ ।

यहाँका बुढापाकाहरूका अनुसार त्रेतायुगमा भगवान श्रीराम र लङ्काका राजा रावणका छोरा इन्द्रजीतका बीच लडाइँ हुँदा इन्द्रजीतको नागपासबाट लक्ष्मण मूर्छित भएपछि वैद्यले भनेअनुसार हनुमान सञ्जिवनी बुटी लिन हिमालय पर्वततर्फ गए । सञ्जिवनी बुटी नचिनेका कारण हनुमानले सञ्जिवनी पर्वत नै उचालेर ल्याए । हनुमान हिमालयबाट पुण्यवती (पनौती) को बाटो हुँदै लडाइँ भएको स्थल श्रीलङ्का प्रस्थान गर्दा यहाँ आइपुगेपछि उनले ल्याएको पर्वतबाट सानो अंश छुटेर तल झऱ्यो । यही झरेको पर्वतको टुक्रालाई कुञ्जगिरि पर्वत (गोरखनाथ) डाँडा भन्न थालियो ।

त्यसैले कुञ्जगिरी पर्वतमा सञ्जिवनी बुटी पाइन्छ भनी यहाँका बुढापाकाहरू बताउने गर्दछन् ।

गोरखनाथ क्षेत्रलाई दलिन्चोक पनि भन्ने गरिन्छ । पनौतीको कैलाशका नामले चिनिने हालको दलिनचोकमा तीनतले दरबार बनाइएको थियो । त्यही दरबार बाहिर 'दलानचोक' बनाइएको थियो । कालान्तरमा गएर त्यही 'दलानचोक' शब्द अपभ्रंश भई दलिनचोक भएको हो भनिन्छ । यहाँ रहेको गोरखनाथको मूल मन्दिर अहिले बाँकी छैन । गोरखनाथको मूर्तिमा टाउको मात्र रहेको छ, जिउ छैन । टाउकोसँगै करुणामयको टाउको नभएको मूर्ति रहेको छ । यसका साथै भैरव, नारायण र शिवलिङ्ग पनि देख्न सकिन्छ । डबलीजस्तै आकारमा अवस्थित यी मूर्तिहरूका साथै मध्यभागमा सीताको पाइला मानिएको शिला रहेको छ । यस मूल मन्दिरको दक्षिणतर्फ गोरखनाथको अर्को मन्दिर केही वर्ष अगाडि निर्माण गरिएको छ । यस मन्दिरभित्र सिंहमर्मरको कलात्मक गोरखनाथको प्रतीक शिलामूर्ति छ । यो मन्दिर करिब २००६ सालमा ल्याइएको बुझिएको छ । यस मन्दिरको पूर्व-दक्षिण कुनामा धारा र पानी ट्याङ्की बनाइएको छ ।

गोरखनाथको पूर्वतर्फको अन्तिम सीमाना यसैलाई मान्ने चलन छ । गोरखनाथमन्दिर भन्दा केहीपर उतर तर्फ डाँडामा सम्म परेको सानो मैदान छ ।

१८.१६ माधवनारायणको मन्दिर

पञ्चमुखीमहादेवको पूर्व र राम मन्दिरको पश्चिमतर्फ माधवनारायण थान निर्माण गरिएको छ । इँटा, माटो र चुनाद्वारा निर्मित यो थानको चार दिशामा विभिन्न देवीदेवताहरूको प्रतिस्थापन गरिएको छ । यस स्थानको चार दिशामा क्रमश: उत्तरतर्फ नवग्रह नारायण, दक्षिणमा गणेश, पूर्वमा माधवनारायण र पश्चिममा सूर्य नारायणका मूर्तिहरू स्थापित गरिएका थिए । तर दक्षिणतर्फ रहेको गणेशबाहेक अन्य पूराना मूर्तिहरू चोरी भइसकेको कुरा स्थानीय सर्वसाधारण बताउँछन् । यसै माधवनारायण थानको उत्तरतर्फ पाँचवटा शिवलिङ्गहरू पनि राखिएका छन् । कसैको घरमा मानिसको स्वर्गारोहण भएमा एकवर्षसम्म यी शिवलिङ्गमा जल अर्पण गर्नुपर्ने परम्परा रहेको छ ।

१८.१७ सङ्कष्ट नारायणको मन्दिर

त्रिवेणीघाटमा अवस्थित संकष्टनारायणको मन्दिर वंशगोपाल (कृष्ण मन्दिर) मन्दिरको दक्षिणमा रहेको छ । यो मन्दिर चारवटा ढुङ्गाका पेटीमाथि निर्मित छ । करिब आठ फिट अग्लो उक्त मन्दिरमा संकष्ट नारायणको शिलाको सुन्दर उभिएको मूर्ति प्रतिस्थापित छ । यस मन्दिरको दायँ बायाँ ढुङ्गाद्वारा निर्मित सिंहका दुई मूर्तिहरू पनि राखिएका छन् । आइमाईलाई सुत्केरी व्यथा लाग्दा यस मन्दिरमा पूजा गरी तेल दल्दा सुत्केरी व्यथा कम हुन्छ भन्ने जनविश्वास रहेको छ ।

१८.१८ शितला माई

त्रिवेणीघाट क्षेत्रमा रहेका मन्दिरहरूमध्ये शितला माईको मन्दिरको आफ्नै महत्त्व छ । बच्चाहरूलाई विफरको रोगबाट बचाउन शितलामाईको पूजा गर्ने प्रचलन रहेको बताइन्छ । यस मन्दिरमा ढुङ्गाको शितलामाईको मूर्ति रहेको छ । उक्त मूर्ति ढुङ्गाको आसनमा राखिएको छ ।

१८.१९ वत्सलादेवीको मन्दिर

शितलामाईको उत्तरतर्फ रहेको यो वत्सलादेवी पनि त्रिवेणी क्षेत्रको महत्त्वपूर्ण देवी हुन । पूर्व फर्किएको यो थानको खोपामा वत्सलादेवीको मूर्ति देखिँदैन । यस थानमा गणेश र नारायणको मूर्तिहरू छन् ।

१८.२० मत्स्यनारायणको मन्दिर

मत्स्यनारायणको प्रतिमा पुण्यमाता खोलाको किनारामा स्थापना गरिएको छ । यो मूर्ति श्रीराम कर्माचार्यले आफ्ना पिता न्हुच्छेदास कर्माचार्यको स्मृतिमा वि.सं.२०४८ सालमा स्थापना गरेको कुरा मूर्तिसँगै रहेको शिलालेखमा उल्लेख गरिएको छ ।

१८.२१ वासुकी नागराज

पनौतीलाई बासुकी नागराजको क्षेत्रको रूपमा पनि चिनिन्छ । पनौती र बासुकी नागको अन्योन्याश्रित सम्बन्धका बारेमा यहाँ थुप्रै जनश्रुतिहरू प्रचलित छन् । बासुकी नागको प्रतीकका रूपमा पुण्यमती खोलाको दक्षिणी किनारामा एउटा शिला प्रतिस्था गरिएको छ । यही शिलामा जेष्ठ पूर्णिमाको जात्रामा दुध चढाउने गरिन्छ । बाह्रवर्षे मकरमेलाभरि नागको प्रतिरूप

शिलामा बासुकी नागको मुकुट राखी पूजा गर्ने प्रचलन छ । बासुकी नागको मुकुट देउला जातिका मानिसहरूसँग रहने गर्दछ ।

बासुकी नाग पनौतीको रक्षक भएर रहेको कुरा यहाँका स्थानीय बुढापाकाहरू बताउँछन् । बासुकी नागराजलाई पाटनका बन्धुदत्त नाम गरेको तान्त्रिकले आफ्नो तन्त्र विद्याको प्रभावमा पारी बासुकी नागलाई पाटन लगेको किंवदन्ती पनि छ । यहाँका बासुकी नाग पाटन पुगेकै कारण ठूला–ठूलो मेला, जात्राहरूको चारदिन अगाडि बासुकी नाग पनौतीमा आई बस्ने गर्दछ भन्ने जनश्रुति अहिले पनि पनि प्रचलित छँदैछ ।

१८.२२ पंचमुखी महादेव

वंशगोपालमन्दिरको ठिक अगाडि पूर्वतर्फ पंचमुखी महादेवको सानो मन्दिर अवस्थित छ । यो मन्दिर करिब दुई फिट अग्लो पेटी उठाई त्यसमाथि पाँचवटा शिवलिङ्ग राखेर बनाइएको छ । यसको छाना टिनले छाएको छ ।

१८.२३ भगवतीको मन्दिर

यो मन्दिर पनौती न.पा. वडा नं. ७ मा रहेको छ । त्रिवेणीघाटभन्दा केही वर रहेको यो मन्दिर पश्चिमाभिमुख रहेको छ । एकतले रहेको यो मन्दिरको छाना झिंगटीले छाएको छ भने गजुर पित्तलको राखिएको छ । मन्दिर पश्चिम फर्किएको भएतापनि यसको दक्षिण र उत्तर तर्फको मोहदा खुल्ला रहेको छ । पूर्वतर्फ ईटाको गाहारो र चारवटा काठको खम्बा उठाएर बनाइएको यो मन्दिर भित्र भगवती लगायत अन्य देवीदेवताका प्रतिमाहरू रहेका छन् ।

१८.२४ काठंगणेश मन्दिर

परम्परागत शैलिमा निर्माण गरिएको यो मन्दिर पनौती न.पा. वडा नं. ६ मा अवस्थित छ । दक्षिणाभिमुख यो मन्दिर दुईतलेको छ । यसको छाना

झिंगटीले छाएको छ भने गजुर धातुमा सुनको मोलम्वा लगाइएको छ । मन्दिरको चारैतिर वत्ती दिनका लागि काठका स-साना ठामहरू उठाई पालाचाहरू राखिएका छन् । यस मन्दिरको दक्षिण-पश्चिम कुनामा भजन गाउनका लागि भजनघर निर्माण गरिएको छ भने पूर्वतर्फ पाटी वनाइएको छ । यही मन्दिरको हाताभित्र विवाह, व्रतवन्ध तथा अन्य कार्यक्रमहरू हुँदा भोज आयोजना गर्नका लागि सत्तल पनि वनाइएको छ । काठंगणेशको जात्रा योमरि पूर्णे (धान्यपूर्ण) का दिन गरिन्छ । यहाँ भक्तजनहरूको घुइँचो विषेश गरेर मङ्लबार र शनिबारका दिन हुने गर्दछ ।

१८.२५ धर्मधातु महाविहार / चैत्य

यो चैत्य पनौतीको पुरानो चैत्य हो । यो पनौती न.पा.वडा नं. ७ मा रहेको छ । सोह्रखुट्टेपाटीको उत्तरतर्फ रहेको यो चैत्य स्वयम्भूनाथको शैलिमा वनाइएको छ । यसको चारै दिशामा चारवटा देवताका प्रतिमाहरू राखिएका छन् भने गजुरमा पनि भगवानको मूर्ति प्रतिस्थापन गरिएको छ । त्यसैले यसलाई पञ्चबुद्ध विहार पनि भन्ने गरिन्छ । यो चैत्यमा अक्षभ्याय, अमृताम्भव, रत्नसम्भव, अमोकासिद्धि र गजुरमा वैलोचन भगवानको मूर्ति रहेको छ ।

१९.अन्य केही सांस्कृतिक सम्पदाहरू

१९.१ पनौतीका सात डवली

डवलीको सभ्यता प्राचीन समयमै प्रारम्भ भएको कथन विद्धानहरूको छ । मानवीय सभ्यताको विकाससँगै डवलीको पनि विकास भएको मानिएको छ । मध्यकालमा विशेष गरेर मनोरञ्जन प्राप्त गर्नका लागि नाटक मञ्चन गर्ने गीत-सङगीत प्रस्तुत गर्ने कार्य डवलीहरूमा हुदै आएको छ । विशेषत: राजदरवारभित्र, घना नेवार वस्तीहरूमा डवलीको संस्कार हुर्कदै आएको छ । मध्यकालमा डवली संस्कृतिको विकास चरमसीमामा पुगेको थियो । त्यसबेला डवलीहरू अन्य उत्सवहरूका लागि समेत प्रयोग हुने गर्दथ्यो । अहिले जस्तो सिनेमा हल, रेडियो, टेलिभिजन नभएको अवस्थामा डवलीहरूको महत्त्व ठूलो थियो । पनौतीमा पनि जनतालाई मनोरञ्जन प्रदान गर्न, उत्सवहरू मनाउन, सांस्कृतिक पर्वहरू, नाचहरू संञ्चालन गर्न सातवटा डवलीहरू वनाइएका थिए भन्ने भनाई यहाँका बुढापाकाहरूको रहेको छ ।

पनौती नगरभित्र विभिन्न स्थानमा जम्मा सातवटा डवलीहरू अस्तित्वमा रहेका छन्, ती हुन् ।

१.लायकु डवली
२.नवदुर्गा डवली
३.हरसिद्धि डवली
४.महादेव (इन्द्रेश्वर) डवली
५.जलाँ डवली
६.नास डवली
७.कालिका डवली

माथि उल्लेखित डवलीहरूमा लायकु डवली लायकुभित्रको मध्यभागमा अवस्थित थियो भन्ने भनाई स्थानीय बुढापाकाको रहेको छ । तर भौतिक रूपमा यो डवली हाल देखिदैन । यहाँ भएको दरवार भत्किएपछि डवलीको अस्तित्व पनि नासिएर गएको हुनसक्दछ । यो डवली रहेको भनिएको स्थान हाल पनौती वडा नं. ७ अन्तरगत पर्दछ । त्यस्तै पनौतीको वडा नं. ७ पशुपतिनाथको मन्दिरभन्दा पश्चिममा रहेको डवली नवदुर्गा डवली हो । भक्तपुरवाट प्रत्येक वर्षको वैशाख महिनामा नवदुर्गा भवानीको आगमन हुन्छ । सो बेला तीनदिनसम्म विभिन्न किसिमका दैवीनृत्यहरू देखाइने पुरानो चलन छ । नवदुर्गाका देवगणहरूको नृत्य देखाउन प्रयोग गरिने यो डवलीलाई नवदुर्गा डवली भन्ने गरिन्छ । इँटाले बुट्टा निकालेर बनाइएको यो डवली पूर्व-पश्चिम लाम्चो देखिन्छ । त्यस्तै पनौतिका सात डवलीहरूमध्ये अर्को महत्त्वपूर्ण डवली

हरसिद्धि डवली हो । यो डवली पनि पनौती नगरपालिका वडा नं. ७ मा पर्दछ । नवदुर्गा डवलीको पश्चिमतर्फ रहेको डवली नै हरसिद्धि डवली हो । यो डवली चारपाते आकारको छ । यस डवलीको पूर्व भागको मध्य किनारमा कमलको फूलको आकार कुँदिएको ढुङ्गा राखिएको छ । प्रत्येक १२ वर्षको एकपल्ट ललितपुरको हरसिद्धि (जँला दे) ल्याउँदा मुलदेवता त्यहीँ कमलाकार ढुङ्गामा राख्ने प्रचलन रहेको छ । महादेव (इन्द्रेश्वर) डवलीलाई पनि पनौतीको महत्त्वपूर्ण डवली मान्नुपर्छ । यो डवली उन्मत्त भैरवको मन्दिरको ठिक अगाडि उत्तरतर्फ रहेको छ । यो डवली इन्द्रेश्वर मन्दिर क्षेत्रभित्र पर्दछ । समतल ठाउँ भए तापनि यो स्थानलाई डवली नाम दिइएको छ । सम्भवत इन्द्रेश्वर महादेवको आगनको डवली भएको हुनाले यसलाई महादेव अथवा इन्द्रेश्वर डवली भनिएको हुनसक्दछ । यस डवलीमा वर्षभरिका विभिन्न चाडपर्वमा स्थानीय देवीनाच देखाउने गरिन्छ । भक्तपुरबाट नवदुर्गाको आगमन हुँदा पनि आगमन भएको रातमा कुमारी नृत्य यही डवलीमा देखाइने गरिन्छ । यसका अलावा सकिमन्हापूर्णेका दिनमा मकै, भटमास, पिँडालु आदिको मन्दिराकार बनाई भजन गर्ने प्रचलन यथावत छ । जलाँ डवली पनौती नगरपालिकाको वडा नं. ६ मा अवास्थित छ । यो डवली रोसी नदिको किनारमा दुईमुखे पाटीको समिपमा रहेको छ । यसको पश्चिम-उत्तर कुनामा सडकले छोएको हरसिद्धि देवघर पनि रहेको छ । यसको उत्तरमा गणेशको मन्दिर रहेको छ । हाल यो डवलीको वास्तविक स्वरूपमा परिवर्तन आएको भए पनि आकारका दष्टिले डवलीको अस्तित्व हराइ सकेको छैन । बाटोलाई मर्मत गरी फराकिलो बनाउने कममा डवलीको वास्तविक स्वरूप नष्ट भएको हुनसक्ने अनुमान गर्न सकिन्छ । यो डवलीमा पनि हरसिद्धि देवगणको नृत्यहरू देखाउने प्रचलन रहेको छ । नास (व्रह्मायणी) डवली पनौतीको अर्को महत्त्वपूर्ण डवली हो । यो डवली व्रम्हायणी देवघरको ठिक अगाडि रहेको छ । त्यसैले यसलाई व्रह्मायणी डवली पनि भन्ने गरिन्छ । यो डवलीको उत्तरमा कलात्मक सोह्रखुट्टे पाटी रहेको छ । पनौती न.पा. वडा नं.६ मा रहेको यो डवलीमा नृत्य तालिम लिएकाहरूले सर्वप्रथम आ-आफ्ना नृत्य प्रस्तुत गर्नुपर्ने नियम रहेको यहाँका बुढापाकाहरू वताउँदछन् । यसका साथै पनौतीको जेष्ठपूर्णेको जात्राको प्रारम्भ र समापन पनि यही स्थानबाट हुने गर्दछ । यसका अलावा देवीनाच, लाखेनाच पनि यहाँ प्रदर्शन गर्ने प्रचलन छ । त्यस्तै अघाटोल वडा नं. ५ मा कालिका डवली रहेको छ । यो डवली भद्रकाली मन्दिरको प्राङ्गनमा पूर्वपट्टि रहेको छ । यस डवलीमा सकिमन्हा पूर्णेका दिन पिँडालु, सखरखण्ड, मकै, मटमास आदिको प्रयोग गरेर मन्दिरको स्वरूप निर्माण गर्ने प्रचलन रहेको छ । उक्त दिन भजन गरी प्रसादका रूपमा पिँडालु, सखरखण्ड, मकै, मटमास वाड्ने प्रचलन छ ।

१९.२ पनौतीका सातटोल

मध्यकालिन समयमा राजा आन्ददेव मल्लले सातगाँउको पून:निमार्ण गरी वस्ती वसाल्ने क्रममा पनौतीमा पनि सातलाई स्थान दिइएको पाइएको छ । पनौती स्मारक क्षत्रभित्र अहिले पनि सातवटा टोलहरू अस्तित्वमा रहेका छन् । पनौती नगरपालिका घोषणा हुनुपूर्व अझ यसको अस्तित्व महत्त्वपूर्ण रूपमा देखिएको थियो । अहिले नगरपालिका घोषणा पश्चात टोलका नामहरू जनजिव्रोमा चलनचल्तीमा नआएको जस्तो देखिएतापनि टोलका नामहरूको प्रयोग अद्यापि भइरहेको छ । पनौतीमा निम्नानुसारका सातवटा टोलहरू छन् :-

१. पमाडी टोल
२. विद्यापिठ टोल
३. अघाटोल
४. बलाक्षें टोल
५. डुमाङ्गल टोल
६. कोलाक्षे टोल
७. यालाक्षे टोल

१९.३ त्रिवेणी सत्तल

त्रिवेणीघाट क्षेत्रको महत्त्वपूर्ण सम्पदाहरूमध्ये यो त्रिवेणी सत्तल पनि एक हो । दरबार शैलीमा निर्माण गरिएको यो सत्तल कलात्मक देखिन्छ । यो सत्तल पूर्वाभिमुख छ । सत्तलका बाहिरका भित्ताहरूमा हिन्दुधर्मसँग सम्बन्धित दश अवतारका आकर्षक एवं कलात्मक चित्रहरू चित्रण गरिएका छन् । यहाँ साधुसन्तहरू बस्ने गर्दछन् । यहा दिनहुँ बिहान र साँझमा भजन हुने गर्दछ । ठूला ठूला पर्वहरूमा अन्यत्रबाट पनि यस स्थानमा आई भजन गर्ने गर्दछन् ।



त्यस्तै माघ महिनामा साँखुबाट माधवनारायणको आगमन हुँदा ब्रतालुहरू यसै सत्तलमा सुत्ने गर्दछन् । अक्षय तृतीयाका दिन बेलविवाह कार्य हुँदा पनि यसै सत्तलको प्रयोग हुने गर्दछ । तीन तले यो सत्तल अन्य विविध धार्मिक कार्यहरूका लागि समेत उपयोग हुँदै आएको छ ।

१९.४ पनौती सङ्ग्रहालय



पनौती सङ्ग्रहालय इन्द्रेश्वरहाताभित्र रहेको छ । फ्रान्स सरकारको सहयोगमा बनेको यो सङ्ग्रहालय भवनमा हाल स्थानीय समाजसेवीहरू र पनौती नगरपालिकाको संयुक्त पहमा सङ्ग्रहालय संचालन भइरहेको छ । वि.सं.२०६७ मङ्सिर ८ गतेबाट संचालनमा आएको यो सङ्ग्रहालयमा पुरातात्विक महत्त्वका सामग्रीहरू सङ्कलन गरिएका छन् । सङ्ग्रहालय हेर्नका लागि स्वदेशी तथा विदेशीहरूसँग शुल्क लिने गरिएको छ । त्यही शुल्कबाट प्राप्त रकमबाट कर्मचारीको तलब र ब्यवस्थापनमा खर्च गर्ने गरिएको छ । उक्त सङ्ग्रहालय संचालनार्थ स्थानीयस्तरको एक समिति पनि बनेको छ ।

पनौतीका केही महत्त्वपूर्ण सम्पदाहरूका बारेमा माथि चर्चा गरिसकिएको छ । ती सम्पदाबाहेक यहाँका धेरै प्राचीन सांस्कृतिक सम्पदाहरू वर्तमान पुस्ताले हेर्ने, जान्ने र बुझ्ने मौकाबाट वञ्चित भएका छन् । यहाँका साँस्कृतिक सम्पदाहरू धेरै चोरी भइसकेका छन् । पनौतीको त्रिवेणीघाटमा अवस्थित १४ औं शताब्दीको लक्ष्मी, गरुड र विष्णुको मूर्ति सन् १९८३ मा चोरी भइसकेको छ भने त्रिवेणीघाटमै अवस्थित १८ औं शताब्दीमा निर्मित उभिएको विष्णुको मूर्ति पनि चोरी भएको कारण हाल पनौतीमा छैन । त्रिवेणीघाटमा १४ औं शताब्दीमा निर्माण गरिएको सूर्यको र चौधौं शताब्दीकै नौग्रहसहितको सूर्यको मूर्ति पनि असीको दशकमा चोरी भइसकेको थियो । त्रिवेणीघाटमा अवस्थित १३ औं शताब्दीको शिवको मूर्ति पनि सन् १९८६ को उत्तरार्द्धमा



१४ औं शताब्दिको सूर्यनारायण र १३ औं शताब्दिको उभिएको शिव

चोरी भइसकेको छ ।[२०] इन्द्रेश्वरको मन्दिरक्षेत्रभित्रकै कैयौँ मूर्तिहरू पनि कैयौँपटक चोर्ने प्रयास भएको छ । विश्वेश्वरमन्दिर, ब्रह्मायणीमन्दिर र कृष्णमन्दिरका टुँडालहरू एकपछि अर्को चोरी हुने क्रम रोकिएको छैन । उन्मत भैरवको मुकुन्डो धेरैपटक चोरी भइसकेको छ । ब्रह्मायणीको मूर्ति पनि चोरी भएर नयाँ बनाई स्थापना गरिएको छ । पनौती न.पा.वडा नं.१० मा अवस्थित शारदादेवीको मूर्ति पनि चोरी भइसकेको छ । वि.सं. २०६४ साल फागुन महिनामा वंशगोपालको मन्दिरभित्र कृष्णका दुईतर्फका दुई गोपिनीहरूमध्ये एक गोपिनीको मूर्ति चोरी भएको छ ।

पनौतीमा रहेका प्रसिद्ध लायकु दरबार र तलेजुचोक उचित संरक्षणका अभावमा अस्तित्वविहीन बन्न पुगेका छन् । यस नगरभित्र ९९ वटा इनार रहेको बुढापाकाहरूको भनाइ रहे तापनि प्रायः इनारहरू अस्तित्वमा छैनन् । पनौती गा.वि.स.रहेको अवस्थामा यहाँका इन्द्रेश्वरमहादेवको मन्दिर र ब्रह्मायणीको मन्दिरलगायतका विभिन्न मन्दिरहरू तथा पाटी, चोक एवं अन्य सम्पदाहरू भग्नावशेषका रूपमा रहेको अवस्थामा यी प्राचीन सम्पदाको पुनःसंरचना फ्रान्स सरकारको सहयोगमा भएको थियो । आ.व.२०४८-४९ देखि पनौती एकीकृत आयोजनाको नामबाट सुरू गरिएको जीर्णोद्धार कार्यक्रमले पनौतीको इन्द्रेश्वर महादेवको मन्दिरलगायत अन्य क्षेत्रका स्मारकहरूको जीर्णोद्धार एवं संरचना गरिएको छ । यसको अलावा पनौती एकीकृत परियोजनाले पनौती बजारक्षेत्रमा पुरानै शैलीमा बाटोमा इँट्टा छाप्ने र ढलनिकासको व्यवस्था पनि गरिदिएको छ । यसरी फ्रान्स सरकारको सहयोगमा पनौतीको मध्यकालीन मौलिक स्वरूप हालसम्म यथावत छ ।

---

[२०] ज्ञानकाजी मानन्धर, बनेपा सातगाउँ, सुखवेती मानन्धर, २०६७, पृ.९१

२०) त्रिवेणीघाट

त्रिवेणी समास शब्द हो । तीनवटा नदिहरूको सँगमस्थल नै त्रिवेणी हो । पनौतीमा रहेको त्रिवेणीघाट तीनवटा नदिहरू क्रमश पद्मावती, लिलावती र रूद्रावती मिलेर बनेको छ । यी तीन नदिहरू मध्ये रूद्रावती नदि गुप्त रूपमा बहने गरेको भन्ने जनविश्वास रहेको छ । त्रिवेणीघाटलाई उत्तरप्रयाग, शचीतीर्थ आदि नामले पनि पुकार्ने गरिन्छ । त्रिवेणीघाट धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण स्थल हो ।

किंवदन्ति अनुसार देवताहरूका राजा इन्द्रले भगवान शिवको तपस्या गर्दा यही त्रिवेणीघाटमा नुहाउने र यहींको जल शिवलाई अर्पण गर्ने गर्दथे । बाह्रसय बर्षसम्म यही क्षेत्रमा तपस्या गरेर देवराज इन्द्रले आफू गौतम ऋषिको श्रापबाट मुक्त भएका थिए भन्ने जनश्रुती छ । त्यस्तै आमासँग अन्जानमा अनुचित सम्बन्ध गाँसिएपछि त्यो पापबाट मुक्ति पाउन संसार भ्रमणमा निस्किएका विरूपाक्षले पनि यही त्रिवेणीघाटमा आई पापबाट मुक्ति पाएका थिए भन्ने किंवदन्ति पनि रहेको छ । पनौती पापबाट मुक्ति मिल्ने महान धार्मिक मुक्तिक्षैत्र हो भन्ने चर्चा सर्वत्र फैललिएपछि पनौतीको त्रिवेणीघाटप्रति मानिसहरूको श्रद्धा एवं आस्था बढ्यो । समय - समयमा विभिन्न व्यक्तिहरूले पनौतीको भ्रमण सम्पन्न गरे । देवराज इन्द्रदेखि बेलायती युवराज्ञी डायनासम्मले प्रसंशा गरेको यो ठाउँमा ललितपुरका तान्त्रिक बन्धुदत्त बज्राचार्यको प्रसङ्ग उठाउनु सान्दर्भिक हुन्छ ।

बन्धुदत्त बज्राचार्य पाटनका राजा नरेन्द्र देवको समयका ठूला तान्त्रिक थिए । यिनै तान्त्रिक बन्धुदत्त बज्राचार्य पनौतीको पवित्र स्थल त्रिवेणीघाटमा

आएका थिए । त्रिवेणीघाटमा वासुकी नागराजको वसोवास थियो । त्रिवेणीघाटको नदिमा वासुकी नाग बस्दै आएका थिए । तान्त्रिक गुभाजू बन्धुदत्तले रातको समयमा कसैले पनि चाल नपाउने गरी वासुकी नागलाई पाटन लैजाने विचार गरे । उसवेलाको पाञ्चालदेशका रक्षक वासुकी नाग वसेको ठाउँमा सुख, ऐश्वर्यले वास हुने, वासुकी नाग वसेको देश समृद्ध बन्दै जाने धार्मिक आस्था रहेका कारण बन्धुदत्त बज्राचार्यले पनौतीका वासुकी नागलाई पाटन लाने विचार गरे । आफ्नो उद्देश्य अनुसार बन्धुदत्तले आफ्नो तान्त्रिक बिद्याको सहायता लिएर वासुकी नागसँग प्रत्यक्ष कुराकानी गर्न थाले । वासुकी नागको प्रत्यक्ष दर्शन पाएपछि बन्धुदत्तले आफ्नो वाकचातुर्यताको माध्यमबाट वासुकी नागलाई प्रभावित गरे । जसको फलस्वरूप बन्धुदत्तको सवै आग्रहलाई मान्ने परिस्थितिमा वासुकी नाग पुगे । बन्धुदत्तले भने :- "प्रभुको लिला अपरम्पार छ । तापाईको शक्ति र कृपामाथि कसैले शंका गर्ने ठाउँ छैन । तैपनि तपाईको विशाल स्वरूपको दर्शन गर्ने हामीलाई ईच्छा भयो ।" बन्धुदत्तको यस्तो इच्छा सुनेपछि वासुकी नागले विशाल रूप लिई कुञ्जगिरी पर्वत (गोरखनाथ डाँडा) लाई तीन फन्को वेरेर आफ्नो टाउको ब्रह्मायणी मन्दिरको गजुरमा राखे । वासुकी नागको यस्तो विशाल स्वरुपको दर्शन गरेपछि बन्धुदत्तले फेरि वासुकी नागलाई आफ्नो सवैभन्दा सानो रूपमा दर्शन दिन अनुनय गरे । उनको अनुरोध सुनेर वासुकी नागले आफू बन्धुदत्तले ल्याएको कमण्डलुको टुटीबाटभित्र छिरेर बाहिर निस्कन सक्ने बताए । वासुकी नागले आफ्नो विशाल स्वरूपलाई सानो वनाई बन्धुदत्तको कमण्डलुको टुटीबाट भित्र छिरे । त्यसैबखत बन्धुदत्तले आफ्नो तन्त्र विद्याको सहायताबाट वासुकी नागलाई कमण्डलुभित्र बन्द गरे । वासुकी नागले बाहिर निस्कने अनेक प्रयत्न गरे तर उनको प्रयत्नले काम गरेन । तान्त्रिक विद्याको कारणले वासुकी नाग कमण्डलुबाट बाहिर निस्कन सकेनन् । बन्धुदत्त र उनका सहयोगीहरू वासुकी नाग रहेको कमण्डलु बोकेर पनौतीबाट पाटनतर्फ लागे । त्यो समय रात्रीको समय थियो । सवै पाञ्चाल देशका जनता मस्त निन्द्रामा थिए । त्यसैबेला ठूलो हुरी बतास चल्यो । कमण्डलुभित्र रहेका वासुकी नागले धेरै तरहले पाञ्चाल देशका जनतासँग हारगुहार मागे । तर उनको हारगुहार बन्धुदत्तको तन्त्र विद्याका कारण जनतासम्म पुग्न सकेन ।

गुभाजू बन्धुदत्तले पाञ्चालदेश भित्रबाट लग्दा जनताले थाहा पाउला भन्ने डरले वासुकी नागलाई पुण्यमाता खोला (पद्मावती नदी) हुँदै लगेका थिए । आफूलाई लाने निश्चित भएपछि वासुकी नाग निकै गहुँगो भैदिएपछि हालको चसखुसी (बाँसडोलखोला) भन्ने ठाउँमा कमण्डलु विसाएका थिए भन्ने भनाई छ । अहिलेसम्म पनि त्यो स्थानमा नागलाई सम्झी पूजा गर्ने प्रचलन

रहेको छ । यसरी वासुकीनागलाई खोलैखोला हुँदै लग्दा नागको प्रभावले त्रिवेणीघाटदेखि चसखुशीसम्मको खोलाका ढुङ्गाहरू माथितिर फर्केको हो भन्ने किंवदन्ती छ ।

यसरी तन्त्रविद्याको सहायतामा पनौतीका वासुकी नाग पाटनमा पुगे । पाटन पुऱ्याएर रातो मच्छिन्द्रनाथको मन्दिरमा लगेर राखियो । यता पनौतीमा वासुकी नागलाई तन्त्रसाधनाको प्रभावमा पाटन लगेको कुरा चारैतिर फैलियो । त्यसपछि वासुकी नागसँग क्षमा माग्दै पुन पानौतीमा आई बस्न पनौती वासीले आराधना गरे । पनौतीवासीले गरेको स्तुती फलस्वरूप वासुकी नागराजले पनौतीको जेष्ठ पूर्णीमाको जात्राभन्दा चार दिन अगाडि पनौतीमा आउने र चार दिनपछि फर्केर जाने वचन दिए । अहिले पनि जात्राको चार दिन अगाडि हावाहुरीका साथ ठूलो पानी पर्दा पाटनबाट वासुकी नाग आफ्नो घरमा आएको जनविश्वास रहेको छ ।

त्रिवेणीघाट वासुकी नागको वासस्थान हुनुको अलावा पवित्र तीर्थस्थल पनि हो । महादेवबाट वरदान पाएका भष्मासुरले महादेव स्वयंलाई भष्म गर्न लाग्दा महादेव भाग्दै फुलचोकी पर्वतमा आई पुगेको किंवदन्ती छ । महादेव भाग्दै आउँदा धर्तीमाता फाटेर सुरुङ्ग (गुफा) बनेपछि महादेवले उक्त सुरुङ्गभित्र पसी भष्मासुरबाट बच्नु परेको कथा पनि त्रिवेणीघाटसँग सम्बन्धित छ । महाँदेव सुरुङ्गमा लुकेपछि सुरुङ्गको बाटो हुँदै भगवान शिव पनौतीको त्रिवेणीघाटमा आइपुगे । त्रिवेणीघाट आइपुगेपछि गुफाको बाटो हुँदै आएका कारण मैलो भएको शरिर त्रिवेणीको पवित्र जलले पखालेका थिए भन्ने जनश्रुती पनि रोचक छ । पनौती र फूलचोकीलाई जोड्ने गुफा अद्यावधी छदैछ । यसरी देवाधीदेव महादेव समेतले स्नान गरेको यो त्रिवेणीघाटलाई ठूलो तीर्थस्थल मानिएको छ । देवराज इन्द्रकी पत्नी इन्द्रायणीको अर्को नाम शची हो । इन्द्रायणीले पनि पवित्र स्थल पनौतीको त्रिवेणीघाटमा आई तपस्या गरेकी थिइन् । शचीले तपस्या गरेको तीर्थ भएकै कारण त्रिवेणीघाटलाई शचीतीर्थ भनिएको हो भन्ने जनधारणा छ । त्यसैले यहाँ वर्षभरि विविध धार्मिक कार्यहरू हुने गर्दछन् ।

वैशाख महिनाको अक्षयतृतियाका दिन यहाँ वेलविवाहको आयोजना गरिन्छ । बेलविवाहको प्रचलन नेवार समुदायमा प्रचलित छ । टाढा टाढाबाट यहाँ वेलविवाहका लागि कन्याहरू ल्याइन्छन् । जेष्ठ पूर्णीमाको जात्रामा भक्तजनहरू त्रिवेणीघाटमा आई नुहाउने , देवीदेवताहरूको दर्शन गर्ने गर्दछन् । श्रावण महिनामा मनाइने गठेमंगल (घण्टाकर्ण)को स्वरूपलाई यहीं ल्याएर विसर्जन गर्ने परम्परा छ । माघ महिनामा साँखु र भक्तपुरबाट माधव नारायणको आगमन हुन्छ । माधवनारायण ल्याएको भोलिपल्ट त्रिवेणीघाटमा

मेला लाग्दछ । विहान सबेरै ब्रतालुहरू त्रिवेणीघाटमा नुहाएर शुद्ध भई स्वस्थानी ब्रत कथा श्रवण गर्दछन् । पनौती नगरभित्रका सर्वसाधारणले आ-आफ्नो गच्छे अनुसार विभिन्न प्रकारका फलफूलहरू ब्रतालुहरूलाई चढाउने प्रचलन छ । यस्तै माघ महिनामा १२ वर्षको एकपल्ट एकमहिनासम्म मकरमेला पनि लाग्दछ । यो मेलाको आफ्नै महत्त्व रहेको छ । यो मेलाप्रति हिन्दुहरूको ठूलो आस्था रहेको छ । यो मेला भर्न टाढाटाढाबाट भक्तजनहरू आउने गर्दछन् । मकरमेला लागेको समयमा त्रिवेणीघाटको पवित्र जललाई बुढी औंला मुनिको खोपिल्टामा राखेर नपोखाइकन गोरखनाथ डाँडामा रहेको गोरखनाथको मन्दिरमा चढाएमा ठूलो पुण्य मिल्ने जनआस्था पनि दरिलो छ ।

त्यस्तै मानिसहरूको अन्तिम संस्कार पनि हिन्दु परम्परा अनुसार त्रिवेणीघाटमै गर्ने गरिन्छ । त्रिवेणीघाटमा जात अनुसार दाह संस्कार गर्ने स्थलहरू (चिता) पनि बेग्ला बेग्लै बनाइएका छन् । यहाँका नेवार समुदायको अन्तिम संस्कारका लागि ब्रह्मायणी मन्दिरको दक्षिण-पूर्वी भागमा रहेको पुण्यमाता खोलाको किनारको भागमा दाहसंस्कार स्थल बनाइएको छ । त्यस्तै मन्दिरको पूर्विभागमा देउलाहरूको, त्योभन्दा अलि पर खड्गीहरूको र त्यो भन्दा केही पर कपालीहरूको दाहसंस्कार गर्ने स्थल रहेको छ । त्यस्तै रोसी खोला र पुण्यमाता खोलाको वीचको क्षेत्रमा क्षेत्रीहरूको दाह संस्कार स्थल रहेको छ । यहाँ अन्तिम संस्कार गर्नाले मृतआत्माले चीरशान्ति पाइने जनविश्वास रहेको छ । आफ्ना स्वर्गीय पितृहरूको श्राद्धको काम पनि यही घाटमा गर्ने परम्परा छ । विशेषगरी नेवार समुदायका मानिसहरूमा ब्रतबन्ध हुँदा, विवाह हुँदा त्रिवेणीघाटमा अवस्थित ब्रह्मायणीदेवीको पूजाअर्चना गर्ने चलन छ । यसको ठूलो महत्त्व रहेकै कारण विभिन्न किसिमका धार्मिक कृयाकलापहरू त्रिवेणीघाट केन्द्रित रहेको हो ।

त्रिवेणीघाटमा सधै विहान र साँझमा भजन किर्तन हुन्छ । भजनका लागि त्रिवेणीघाटमा रहेको सत्तलको उपयोग हुँदैआएको छ । भजनका लागि साँझ विहान भक्तजनहरू जम्मा हुने गर्दछन् । त्यस्तै विशेष पर्वहरूमा कथावाचन गर्ने, प्रवचन कार्यक्रम आयोजना

गर्ने गरिन्छ । नित्य भजन संचालनका लागि एउटा समिति पनि बनेको छ । विशेष दिनहरूमा यहाँ अन्यत्रबाट पनि भजन मण्डलीहरू आउने र भजन गर्ने चलन रहेको छ । पनौतीको त्रिवेणीघाटमा २०३४ सालमा विश्वशान्ति महायज्ञ पनि सम्पन्न भएको थियो । यहाँ रहेको वंशगोपालको मन्दिरमा भाद्र कृष्ण जन्माष्टमीका दिन जात्रा पनि हुने गर्दछ ।

पनौतीको त्रिवेणीघाटको महत्त्व बढेको अर्को महत्त्वपूर्ण कारण हो यहाँ रहेका प्राचीन मन्दिरहरू । पनौतीको त्रिवेणीघाट मन्दिरै मन्दिरले भरिएको छ । यहाँ १४ औं शताब्दिमा निर्मित नौ ग्रह सहितको सूर्य, १३ औं शताब्दिको शिवको मूर्ति, १४ औं शताब्दिकै लक्ष्मी र गरुडसँगको विष्णुको मूर्ति आदि



प्राचीन मूर्तिहरूका कारण पनि त्रिवेणीघाटको गरिमा बढेको छ । यसको अलावा यहाँ वंशगोपाल मन्दिर, ब्रह्मायणी मन्दिर, त्रिवेणी भजन घर (मठ), बद्रीनारायणको मन्दिर, केदारनारायणको मन्दिर, राम, सीता र हनुमान मन्दिर, मुक्तेश्वर मन्दिर, पञ्चमुखी महादेव मन्दिर, माधवनारायण मन्दिर, सीतलामाईको मन्दिर, संकष्टनारायणको मन्दिर, वासुकी नाग, धर्म स्तम्भ लगायत केही वर्ष पहिले मात्र स्थापित राम, कृष्ण, लक्ष्मी र सरस्वतीको संयुक्त मन्दिर, विश्वरुप मन्दिर लगायत तीनवटा ढुङ्गे धाराहरू पनि रहेका छन् । त्रिवेणीघाट देवताहरूको वासस्थान भएको कारण भक्तजनहरूले यसलाई पवित्र तीर्थस्थल मान्ने गर्दछन् ।

२१) त्रिवेणीका तीन नदीहरू

क) पद्मावती :

पद्मावतीलाई हाल पुण्यमाता भनिन्छ । पुण्यमाता खोलाको पुरानो नाम पुण्यमती हो । यही नदीको नामबाट पनौती नगरको नाम रहन गएको इतिहासले देखाउँदछ । राजा जयार्जुनदेवको समयमा हालको पनौतीको नाम पुण्यमती थियो । सम्बत ८३७ को ब्रह्मायणी मन्दिरमा पाइएको अभिलेख अनुसार यही नदीको नामबाट पनौतीको नाम पुण्यमती रहन गएको उल्लेख छ । त्यसैले पुण्यमती नदीको ठूलो महत्त्व छ । यही पुण्यमती नदीमा वासुकी नागको वासस्थान रहेको जनविश्वास छ । स्वर्गीय भइसकेका मानिसहरूको श्राद्धकर्म गरिसकेपछि यही नदीमा आएर पिण्ड सेलाउने चलन छ । चोखिन, धर्म कमाउन, पापबाट मोक्ष प्राप्त गर्न यही नदीमा आएर स्नान गर्ने चलन छ । पुण्यमाता नाला, बनेपा, सुब्बागाउँ हुँदै पनौतीको घाट क्षेत्रमा पुगेपछि लीलावती र रूद्रावतीसँग मिलेर त्रिवेणी सँगमस्थलामा तीर्थको उत्पत्ति गर्दछ । नेपाल भाषामा यसलाई 'भोंखुसी' भनिन्छ । नेपालभाषामा बनेपालाई 'भोंत' भनिन्छ । यही 'भोंत' हुँदै बग्ने खोला भएकाले 'भोंखुसी' भानिने गरेको हुन सक्ने अनुमान लगाउन सकिन्छ । यस नदीको गरिमा र महत्त्व उच्च छ । पनौतीजस्तो कृषिप्रधान नगरका लागि कृषिका लागि समेत यसको ठूलो महत्त्व रहेको देखिन्छ । त्रिवेणीघाटदेखि बाँसडोलसम्मका यस खोलाका ढुङ्गा विपरित दिशातर्फ फर्केका छन् । अर्थात्, पश्चिमबाट पूर्वतर्फ बहेको पुण्यमाता खोलाका ढुङ्गा पूर्व फर्कनु पर्नेमा पश्चिमतर्फ नै माथितिर फर्केका छन् । यसरी यस खोलाका ढुङ्गाहरू माथितिर फर्किएको बारे पनि एउटा चाखलाग्दो किंवदन्ती छ, जुन किंवदन्ती वासुकीनागसँग सम्बन्धित छ ।

ख) लीलावती :

लीलावती खोलाको उद्गमस्थल फुल्चोकी पहाड हो । धार्मिक मान्यता अनुसार पनौतीमा पवित्र तीर्थस्थलको उत्पत्ति गराउनमा यो नदीको महत्त्वपूर्ण स्थान रहेको छ । मकरमेलासँग सम्बन्धित किंवदन्तीमा उल्लेख भए अनुसार पनौतीमा त्यसबेलाका राजा दीर्घरथको तपस्याको प्रतापले फुल्चोकी माईले कृपा गरी वरदान दिएको नदी हो-लीलावती । यही लीलावती पछि पद्मावती र रूद्रावतीसँग मिलेर शचीतीर्थको उत्पत्ति भएको छ ।

उग्र स्वभावको यो नदीको बहाव निकै आकर्षक तर खतरनाक प्रकृतिको छ । रोष प्रकट गर्दै निकै गड्गडाहटपूर्वक वहने नदी भएका कारण नै यस नदीलाई स्थानीय भाषामा रोसी खोला भन्ने गरिएको हुनसक्ने सम्भावना छ । कलाँती भूमिडाँडामा यही रोसी खोलाको किनारमा रोसी नामको सानो वस्ती पनि

छ । यो नदी पश्चिमबाट पूर्वतर्फ बगेको छ । रोसी खोलाको पुरानो नाम रोषमती हो भन्ने गरिएको पनि पाइन्छ । यही रोषमती अप्रभंश भई यस खोलाको नाम रोसी रहन गएको हो भन्ने भनाइ पनि एकथरीको छ । भोंत हुँदै वहने पुण्यमातालाई 'भोंखुसी' भनेझैं विहावर हुँदै बग्ने यो नदीलाई स्थानीय नेपाल भाषामा 'ब्यखुसी' पनि भन्ने गरिन्छ ।

यस नदीको पानी निकै कञ्चन छ । केही वर्षअघिसम्म यहाँका मानिसहरू यही नदीको पानी पिउने गर्दथे । तर हाल आएर लीलावती पनि प्रदूषणमुक्त रहेन । यस नदीमा बाँध बाँधेर खोपासीमा पनौती जलविद्युत आयोजना सञ्चालित छ । धार्मिक दृष्टिकोणबाट मात्र नभई कृषिमा उपयोगका दृष्टिले समेत यस नदीको महत्त्वपूर्ण स्थान छ । पनौती सहरको दक्षिणभागमा कृषियोग्य फाँट छ । यस फाँटका सम्पूर्ण भूभागमा यही नदीको पानीबाट सिचाइको सुविधा पुगेको छ । खेती गर्न आकासको पानीको भरपर्नु पर्ने बाध्यताको अन्त्य लीलावतीले गरेको छ ।

पनौती असला माछाका लागि नेपालमै प्रसिद्ध छ । लीलावती नदीको पानी असला माछाका लागि उपयुक्त छ ।

ग) रूद्रावती :

रूद्रावती नदी त्रिवेणी घाटमा अवस्थित कुञ्जगिरी पर्वतको फेदमा रहेको ब्रह्मायणी मन्दिरको मुनिबाट बहने धार्मिक विश्वास छ । यो नदी गुप्तरूपमा बहने दुधरूपी नदी हो भन्ने जनविश्वास रहेको छ । यो नदीलाई ३२ लक्षणले युक्त व्यक्तिले मात्र देख्न सक्दछ भन्ने स्थानीयवासीको भनाइ छ ।

रूद्र भनेको शिव हो । रूद्रकी पत्नी पार्वतीले इन्द्रपत्नी शचीको तपस्याबाट प्रसन्न भएपछि आफै नदीको रूपमा प्रकट भई शचीतीर्थ सृष्टि गरेको भन्ने किंवदन्ती प्रचलित छ । रूद्रपत्नी स्वरूप नदी भएकै कारणले यस गुप्त नदीको नाम रूद्रावती भएको हुन सक्दछ ।

यसरी पद्मावती, लीलावती र गुप्त नदी रूद्रावती मिलेर त्रिवेणी सङ्गमस्थलमा शचीतीर्थको सृष्टि भएको हो भन्ने स्थानीय लोक उक्ति रहेको छ ।

२२) पनौती र पत्र-पत्रिका

पनौतीमा पत्रपत्रिकाको इतिहास लामो छैन । आजभन्दा करिब ५५ वर्षअगाडि वि.सं.२०११ सालतिर 'भोर' नामक हस्तलिखित पत्रिका नै पनौतीमा प्रकाशित पहिलो पत्रिका हुनुपर्दछ । त्यसबेलाका जागरुक युवाहरूद्वारा प्रकाशित गर्ने जमर्को गरिएको उक्त पत्रिकाले निरन्तरता भने पाएन । त्यसपछि वि.सं.२०५४ सालमा आएर नेपाल पत्रकार महासङ्घ काभ्रे शाखाका सदस्य सूर्यप्रसाद लाकोजू प्रकाशक तथा सम्पादक एवं देवकृष्ण शर्मा प्रधान सम्पादक रहेको 'इन्द्रायणी' मासिक पत्रिकाको प्रकाशन प्रारम्भ भयो । 'इन्द्रायणी' पहिलो अङ्क हस्तलिखित निस्के पनि अन्य अङ्कहरू प्रेसबाट निकालियो । तीन अङ्कसम्म निकालिएपछि यो पत्रिका पनि निरन्तर हुन सकेन । पनौतीबाट प्रकाशित पत्रिका 'भोर' र 'इन्द्रायणी' जिल्ला प्रशासन कार्यलयमा भने दर्ता भएको देखिँदैन । त्यसपछि वि.सं. २०६० जेठ २५ गते विधिवत रूपमा जि.प्र.का.मा दर्ता गरी 'बालोद्यान' मासिक बालपत्रिका प्रकाशन हुन प्रारम्भ भयो । 'बालोद्यान' मासिका बालपत्रिका पनौतीको मात्र नभई काभ्रे जिल्लाकै पहिलो मासिक बालपत्रिका हो । बालबालिकाहरूलाई केन्द्रविन्दु बनाएर प्रकाशित यो बालपत्रिका हालसम्म निरन्तर रूपमा प्रकाशित भइरहेको छ । यसका प्रकाशक तथा सम्पादक सूर्यप्रसाद लाकोजू हुन् । संस्थापक सम्पादक भने मानसागर श्रेष्ठ थिए । एकवर्षको परिक्षणकाल (अस्थायी) पछि वि.सं. २०६१ जेठ महिनामा यसले स्थायी प्रमाणपत्र प्राप्त गर्‍यो । 'बालोद्यान' मासिक बालपत्रिकाको प्रकाशन प्रारम्भ भएको एक वर्षपछि २०६१ साल श्रावण महिनादेखि 'काभ्रे दूरदृष्टि' नामक साप्ताहिक पत्रिकाको प्रकाशन प्रारम्भ भयो । पनौतीबाट साप्ताहिक रूपमा प्रकाशित पहिलो साप्ताहिक पत्रिका 'काभ्रे दूरदृष्टि' वि.सं.२०६१ माघ १९ देखि बन्द छ । महेशकुमार कर्माचार्य प्रकाशक रहेको उक्त साप्ताहिकका सम्पादक विश्वनाथ ताम्राकार थिए ।

यसरी पनौतीबाट केही पत्रपत्रिकाहरू निस्के तापनि विभिन्न कारणवश पत्रिकाहरूले निरन्तरता भने पाउन सकेका छैनन् । यीमध्ये 'बालोद्यान' मासिक बालपत्रिका वि.सं.२०६१ माघ १९ को शाही कदमपछि केही महिना स्थगित भए तापनि हाल निरन्तर प्रकाशन भइरहेको छ । वि.सं.२०६८ सालदेखि ब्रह्मप्रिय प्रेमस्वरूप र रामसुन्दर देउजा सम्पादक

रहेर ज्योतिष्मती पनि प्रकाशित भएको देखिन्छ । त्यस्तै वि.सं. २०६९ असार १० गते जिल्ला प्रशासन कार्यालय धुलिखेल काभ्रेमा विधिवत दर्ता भई २०६९ साल श्रावणदेखि नेपाली भाषा र साहित्यको श्रीबृद्धि गर्ने उद्देश्यले सूर्यप्रसाद लाकोजू सम्पादक, प्रकाशक रहेको अक्षरमार्ग नामक साहित्यिक त्रैमासिकको प्रकाशन आरम्भ भएको छ । यो साहित्यिक त्रैमासिक हाल निरन्तर प्रकाशित हुँदै आएको छ । यस पत्रिकाको प्रकाशन सँगै पनौतीमा साहित्यिक गतिविधिले निरन्तरता पाइरहेको छ ।

२३) पनौतीको शैक्षिक अवस्था

नेपालमा वि.सं.२००७ साल फागुन ७ गते प्रजातन्त्रको बहाली हुनुपूर्व देशमा जहानियाँ राणाहरूको हुकुमी शासन थियो । त्यसबेलाका राणाशासकहरू देशमा शिक्षाको उज्यालो फैलियो भने उनीहरूको एकतन्त्री शासन खतरामा पर्छ, जनता जान्नेसुन्ने हुन्छन् भन्ने विचार गर्दथे । त्यसैले त्यसबेला सिङ्गो देश शिक्षाको अन्धकारमा रुमल्लिएको थियो । राणाहरूले आफ्नै भाइभारदारहरूका लागि शिक्षा हासिल गर्ने थलो बनाए तापनि सर्वसाधारणका छोराछोरी भने शिक्षाबाट वञ्चित थिए । वि.सं.२००७ सालको जनक्रान्ति सफल भएपछि भने देशको शिक्षाक्षेत्रमा ठूलो परिवर्तन आयो । शिक्षा देशविकासको मूल आधार हो । जबसम्म शैक्षिक आधार बलियो हुँदैन, तबसम्म राष्ट्रमा विकासले गति लिन सक्तैन । यही भावनालाई आत्मसात् गर्दै देशका विभिन्न भागहरूमा विद्यालयहरू खुल्ने क्रम चल्यो । यही क्रममा पनौतीमा पनि वि.सं.२००८ साल फागुन ७ गते इन्द्रेश्वर मिडिल स्कूलको स्थापना भयो । पनौती भेगको शैक्षिक विकासका लागि खोलिएको यो विद्यालयले विद्यालयको स्वरूपमा स्थापित हुन धेरै सङ्घर्ष गर्नुपऱ्यो । गणेशदास कर्माचार्य संस्थापक अध्यक्ष रहेको इन्द्रेश्वर मिडिल स्कूलको स्थापना निकै पीडादायी बनेको थियो । आवश्यक भौतिक पूर्वाधार र दक्ष अध्यापकहरूको अभावका कारण इन्द्रेश्वर मिडिल स्कूलले झाङ्गिने र फैलिने मौका पाएन । त्यस बेलाका अ.हे.मा.श्रीराम कर्माचार्यले विद्यार्थीहरू पढ्न पठाइदिन अनुरोध गर्दै घरघर जाने र सम्पूर्ण विद्यालयको चाँजोपाँजो मिलाउनुपर्ने बाध्यात्मक परिस्थिति त्यसबेला थियो । पनौतीमा पढेलेखेका मानिसहरू थिएनन् । त्यसैले शिक्षक खोज्न उपत्यकाकै शरणमा पुग्नुपर्दथ्यो । उपत्यकाबाट अनुरोध गरी शिक्षकहरू ल्याउन सकिए पनि तिनीहरूलाई दिने तलबका लागि कुनै स्रोत थिएन । सर्वसाधारण जनतामा आफ्ना छोराछोरीहरूलाई पढाउनुपर्छ भन्ने चेतना आइसकेको थिएन । त्यसैले त्यसबेला शैक्षिक जागरण ल्याउने काम निकै कठिन थियो ।

खोपासीमा रहेको हालको श्रीराम मा.वि.इन्द्रेश्वर स्कूलभन्दा एघार महिनाले जेठो छ । श्रीराम मा.वि.ले पनि स्थापनाकालदेखि यहाँसम्मको यात्रा तय गर्न ठूलो चुनौतीको सामना गरेको छ । २००८ साल फागुन ७ गतेदेखि सञ्चालनमा आएको इन्द्रेश्वर स्कुल र २००८ साल वैशाखमा स्थापना भएको श्रीराम मा.वि.को सङ्घर्षपूर्ण यात्रा अकल्पनीय छ । हाल प्रहरीचौकी रहेको इन्द्रेश्वरमन्दिरको परिसरमा इन्द्रेश्वर मिडिल स्कूलको स्थापना भएको थियो । विभिन्न बाधा-अड्चन र सङ्घर्षपछि यसले आफ्नो स्थायी भवन प्राप्त गऱ्यो । त्यस्तै, तत्कालीन श्रीराम प्राथमिक विद्यालयले पनि आफ्नो स्थायी भवन पाउन

लामो सङ्घर्ष गर्नुपर्‍यो । रामभुपडी, मयलबोट, कोइरालापाटी, भीमसेनस्थान हुँदै हालको आफ्नै भवनसम्मको यात्रा यसले तय गर्‍यो । वासुदेव कोइराला र शेषमणि गुरागाईंले जग्गा उपलब्ध गराएपछि श्रीराम मा.वि.ले आफ्नो स्थायी भवन बनाउने आधार भेट्टायो ।

वि.सं.२००८ सालमा स्थापित यी दुई विद्यालयभन्दा पहिले पनि शिक्षालय थियो । पाठशालाका रूपमा प्रसिद्ध हालको पनौती नि.मा.वि.नै प्रमाणिक रूपमा पनौतीको पहिलो शैक्षिक संस्था हो । यो पाठशाला वि.सं.१९७२ सालमा स्थापना भएको अनुमान स्थानीय बुद्धिजीवीहरूको रहेको भए तापनि विद्यालयको साइनबोर्डमा भने विद्यालयको स्थापनाकाल वि.सं.१९९३ उल्लेख गरिएको छ ।[२१] पनौतीको भाषा पाठशालाको स्थापना नै औपचारिक रूपमा पनौतीको शैक्षिक इतिहासको प्रारम्भिक विन्दु मान्नुपर्दछ । त्यसैले यो विषयमा गहिरो अध्ययन र अनुसन्धानको आवश्यकता पर्दछ । राणाकालीन अन्धकारमय युगको अन्तिम प्रहरमा पनौतीमा भाषा पाठशालाको जन्म भएको अनुमान गर्ने स्थानीय पाका बुद्धिजीवीहरू पनि थुप्रै छन् । पनौतीको भाषा पाठशालाको जन्म हालको लाम्पाटीमा भएको थियो ।[२२] लाम्पाटीबाटै त्यस बेला सावाँ अक्षर चिन्ने र स्वस्थानीसम्म बाच्न सक्ने शिक्षा हासिल हुन्थ्यो । वि.सं.१९९०.सालको भूकम्प जानुभन्दा अघिसम्म भाषा पाठशालाको कुनै निश्चित स्थायी थलो नभएका कारण लाम्पाटीमा पठनपाठन चलेको स्थानीय बृद्धजनको भनाइ छ । पछि वि.सं.१९९३ सालमा हाल पनौती नि.मा.वि.रहेको सत्तलको जीर्णोद्धार गरी भाषा पाठशालालाई स्थानान्तरण गरियो । १९९३ देखि २०२८ सालसम्म भाषा पाठशालाकै नाममा यसले शिक्षा दिने काम गर्‍यो । तर २०२९ सालको नयाँ शिक्षानीतिले पनौती भाषा पाठशालालाई पनौती प्रा.वि.मा रूपान्तरण गर्‍यो । १९९८ सालदेखि अध्यापक भएर अध्यापन गरिरहेका र पनौती भेगको शैक्षिक विकासमा अमूल्य योगदान गरेका गुरु मित्रप्रसाद वाग्लेलाई नयाँ शिक्षानीतिले हालको कुशादेवी मा.वि.मा पुर्‍यायो । हाल पनौती भाषा पाठशाला पनौती नि.मा.वि.भई सञ्चालन भइरहेको छ ।

पनौती नि.मा.वि.को साइनबोर्डमा ‘स्थापनाकाल वि.सं.१९९३’ लेखिएको छ । तर त्यसभन्दा अगाडिदेखि नै पनौतीमा भाषा पाठशालाको नाममा अध्ययन-अध्यापन भइरहेको शिक्षासेवी हरिसुन्दर सैँजूको कथन छ । पनौती यालाक्षेटोलका रत्नभक्त कर्माचार्यको जन्म वि.सं.१९७१ मा भएको थियो । उहाँले भाषा पाठशालाबाटै सावाँ अक्षर सिकेको बताउनुभएको थियो । उहाँले वि.सं.१९८६ सालमा पढाइ सकेर पसल खोलेको कुरा बताउनुभएबाट भाषा

[२१] पनौती नि.मा.वि. को ऐतिहासिक पृष्ठभूमी, पनौती नि.मा.वि.,२०६२, पृ.२
[२२] हरिसुन्दर सैँजु, इन्द्रेश्वर स्मारिका, पृ.२

पाठशालाको स्थापना वि.सं.१९८६ सालभन्दा पहिले भएको स्पष्ट हुन्छ । भाषा पाठशाला लाम्पाटीमा रहेको समयमा विद्यार्थीहरूलाई पढाउन चाँगुबाट डिल्लीराम नाम गरेका शिक्षक यहाँ आई बस्नुभएको थियो । इन्द्रेश्वर उच्च मा.वि.का संस्थापक शिक्षक माधवप्रसाद सुवेदीका पिता पं.कृष्णप्रसाद सुवेदीको जन्म वि.सं.१९६६ सालमा भएको थियो । उहाँले पनि सोही भाषा पाठशालाबाट सावाँ अक्षर चिन्ने र सिक्ने मौका प्राप्त गर्नुभएको थियो । यसबाट भाषा पाठशाला (हालको पनौती नि.मा.वि.) को स्थापना वि.सं.१९९३ भन्दा पहिले नै भएको हुन सक्ने प्रबल सम्भावना देखिन्छ ।

वि.सं.२०१२ सालमा शारदा प्राथमिक विद्यालयको स्थापना भयो । तर केही समयपछि यो विद्यालय बन्द हुन पुग्यो । २०१९ सालदेखि यो विद्यालय पुन: सञ्चालनमा आयो । २०१२ सालमै पनौतीको शैक्षिक क्षेत्रको विकासमा टेवा पुऱ्याउने उद्देश्यले ज्ञानविकास पुस्तकालयको उदय भयो । त्यस बेलाका शिक्षाप्रेमीहरूको अथक प्रयासबाट आफ्नै भवन बनाई सञ्चालन गरिएको यो पुस्तकालय २०१७ सालको राजनीतिक परिवर्तनपछि केही समयका लागि बन्द भए तापनि हाल सुचारु रूपमा सञ्चालित छ । पनौतीको शैक्षिक क्षेत्रको विकासमा योगदान पुऱ्याउन स्थापना भएका अन्य पुस्तकालयहरूमा धेनु पुस्तकालय, पुनर्जागरण पुस्तकालय, नसंचा व्वने कुथी, सिद्धार्थ पुस्तकालय, बालविकास पुस्तकालय, हातेमालो पुस्तकालय, शान्तिसमाज पुस्तकालय आदि उल्लेखनीय छन् ।

त्यसपछि वि.सं.२०१४ सालमा भालेश्वर प्रा.वि.को स्थापना भयो । यसरी केही प्रा.वि.हरूको स्थापना भए तापनि प्रा.वि.पछिको शिक्षा हासिल गर्ने सुविधा पनौतीमा थिएन । भएका प्राथमिक विद्यालयहरू जेनतेन चलिरहेका थिए । स्थापित प्रा.वि.हरूको सञ्चालनमा विभिन्न समस्याहरू देखापरिरहेका थिए । काभ्रे जिल्लाको दक्षिणी भेगमा ६८ वटा गाउँहरू छन् । काभ्रे जिल्लाकै २ तिहाइ गाउँहरू ओगटेको दक्षिणी भेगको प्रवेशद्वार मानिएको पनौतीलगायत आसपासका गाउँहरूमा वि.सं. २०२४ सालसम्म हाइस्कूल थिएनन् । भएका विद्यालयहरूले प्रारम्भिक शिक्षा दिइरहेका थिए । यसरी काभ्रेको दक्षिणी भेग शैक्षिक रूपमा उपेक्षित र अविकसित थियो । पनौतीमा वि.सं.२०२४ सालमा हाइस्कुलको स्थापना हुँदा बनेपामा त्यसभन्दा १७ वर्ष र धुलिखेलमा १०वर्ष अघि हाइस्कुलको स्थापना भइसकेको थियो । यस्तो परिस्थितिमा पनौतीमा शैक्षिक चेतना फैलाई पनौतीको विकासमा टेवा पुऱ्याउनु अपरिहार्य थियो । शैक्षिक जागरणको अभावमा पनौती आधुनिकताबाट मात्र नभई विकास-निर्माणबाट समेत पछि परिरहेको थियो । यस्तो अवस्थामा वि.सं.२०२४ सालमा इन्द्रेश्वर हाइस्कूलको नाममा हालको इन्द्रेश्वर उच्च मा.वि.को स्थापना भयो । इन्द्रेश्वर

हाइस्कूलको स्थापना त भयो, तर हाइस्कूल सञ्चालन गर्ने काम निकै कठिन र चुनौतीपूर्ण रह्यो । हाइस्कूल सञ्चालनार्थ सारथी बनेका इन्द्रेश्वर उच्च मा.वि.का संस्थापक प्र.अ.हरिसुन्दर सैँजू, शिक्षक विन्दुनाथ कर्माचार्य, माधवप्रसाद सुवेदी आदिले पनौतीमा हाइस्कूल संचालन गरेर पनौतीको शैक्षिक विकासमा महत्त्वपूर्ण योगदान गरेका छन् । वि.सं.२०२४ सालमा हाइस्कुलको स्थापना पनौतीको शैक्षिक इतिहासमा महत्त्वपूर्ण थियो, त्यो ऐतिहासिक कार्य थियो । इन्द्रेश्वर हाइस्कूलको स्थापनाले यस भेगका जनताहरूलाई हाइस्कूलस्तरीय शिक्षा प्राप्त गर्न सरल र सुलभ भयो । इन्द्रेश्वर हाइस्कूललाई विशुद्ध शैक्षिक संस्था बनाई जनतालाई समयसुहाउँदो शिक्षा प्रदान गर्ने सक्षम संस्था बनाउन प्र.अ., शिक्षकवर्ग र स्थानीय समाजसेवीहरूको महत्त्वपूर्ण भूमिका रह्यो ।

त्यस्तै, पनौती न.पा.वडा नं.७ मा पुण्य मा.वि.को स्थापना वि.सं.२०२६ सालमा भयो । सोही सालमा खोपासीमा बालआदर्श प्रा.वि.को स्थापना भयो । वि.सं.२०४० सालसम्म आइपुगेपछि निजी क्षेत्रबाट पनि शिक्षामा लगानी हुन थाल्यो । हाल सञ्चालित सूर्योदय माध्यमिक बोर्डिङ स्कूल निजी क्षेत्रबाट स्थापित हालसम्म सञ्चालित पहिलो अङ्ग्रेजी माध्यमको स्कूल हो । यसको स्थापना २०४० सालमा भएको थियो । यसरी विभिन्न उतारचढाव बीच गुज्रिएको पनौतीको शैक्षिक अवस्थामा २०७१ सालसम्म आइपुग्दा निकै प्रगति भएको देखिन्छ । इन्द्रेश्वर क्याम्पस र तेजगङ्गा क्याम्पसको स्थापनाले स्थानीय विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्न पहिलेजस्तो अन्यत्र धाउनुपर्ने समस्याबाट मुक्त गराएको छ । हाल पनौती नगरपालिकामा दुईवटा बहुमुखी क्याम्पस र तीनवटा उच्च मा.वि.हरू संचालित छन् । नगरपालिकाभित्र सरकारीतर्फ ४ वटा र निजीतर्फ १.वटा गरी १४ वटा मा.वि.हरू सञ्चालित छन् । इन्द्रेश्वर उच्च मा.वि., श्रीराम उच्च मा.वि., तेजगङ्गा क्याम्पस र इन्द्रेश्वर क्याम्पसले उच्च शिक्षालाई सर्वसुलभ बनाउने प्रयास गर्दै आएको देखिन्छ ।

पनौतीमा पनौती प्राविधिक शिक्षालय नामक प्राविधिक ज्ञान दिने शिक्षालयको पनि स्थापना भएको छ । प्राविधिक शिक्षालयको स्थापना पनौतीको शिक्षा क्षेत्रका लागि ठूलो उपलब्धि मान्नुपर्छ । यो विद्यालय फ्रान्सका समाजसेवी तथा सांसद रोबर्ट लफलले स्थापना गरेका हुन् । यो शिक्षालयमा अटोमोबाइल तथा मेकानिकल विषयको पढाइ हुन्छ । पनौतीमा अनाथ बालबालिकाहरूलाई पढाउने एस.ओ.एस.बालग्राम पनि स्थापित छ । यसको अलावा सूचना प्रविधि पार्क पनि पनौतीमै अवस्थित छ । हाल सञ्चालित नगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरूको नामावली निम्नअनुसार प्रस्तुत गरिएको छ –

सामुदायिक विद्यालयहरु :

क्रम	विद्यालयको नाम	तह	स्थान
१	इन्द्रेश्वर क्याम्पस	क्याम्पस	पनौती - ५
२	तेजगङ्गा बहुमुखी क्याम्पस	क्याम्पस	पनौती - ८
३	इन्द्रेश्वर उच्च मा.वि.	उ.मा.वि.	पनौती - ५
४	श्रीराम उच्च मा.वि.	उ.मा.वि.	पनौती - १२
५	पुण्य मा.वि.	मा.वि.	पनौती - ७
६	भालेश्वर मा.वि.	मा.वि.	पनौती - ९
७	शारदा मा.वि.	मा.वि.	पनौती - १०
८	बालआदर्श मा.वि.	मा.वि.	पनौती - १२
९	पनौती नि.मा.वि.	नि.मा.वि.	पनौती - ७
१.	बालोद्धार मा.वि.	मा.वि.	पनौती - ३
११	अम्बिका बालविकास नि.मा.वि.	नि.मा.वि.	पनौती - ४
१२	ग्रामोदय नि.मा.वि.	नि.मा.वि.	पनौती - २
१३	श्वेतगणेश नि.मा.वि.	नि.मा.वि.	पनौती - १
१४	शारदा प्रा.वि.	प्रा.वि.	पनौती - १
१५	धनेश्वर प्रा.वि.	प्रा.वि.	पनौती - २
१६	महाकाली प्रा.वि.	प्रा.वि.	पनौती - २
१७	बालकल्याण प्रा.वि.	प्रा.वि.	पनौती - ४
१८	ज्वालामुखी प्रा.वि.	प्रा.वि.	पनौती - ९
१९	नेत्रप्रकाश प्रा.वि.	प्रा.वि.	पनौती - ८
२०	इन्द्रेश्वर प्रा.वि.	प्रा.वि.	पनौती - ५
२१	कमलादेवी प्रा.वि.	प्रा.वि.	पनौती - १.
२२	भैरव प्रा.वि.	प्रा.वि.	पनौती - ११
२३	गोरखनाथ नि.मा.वि.	नि.मा.वि.	पनौती - ११
२४	बालोद्धार नि.मा.वि.	मा.वि.	पनौती - १३

संस्थागत विद्यालयहरू :

क्र.म	विद्यालयको नाम	तह	स्थान
१	सूर्योदय आवासीय मा.वि.	मा.वि.	पनौती - ५
२	सिद्धार्थ वनस्थली मा.वि..	मा.वि.	पनौती - ८
३	अरुणोदय मा.वि.	मा.वि.	पनौती - ४
४	काभ्रे ई.मा.वि.	मा.वि.	पनौती - ४
५	हाइल्यान्ड मा.वि.	मा.वि.	पनौती - २
६	हर्मन माइनर उ.मा.वि.	उ.मा.वि.	पनौती - २
७	नवरत्न आ.मा.वि.	मा.वि.	पनौती - ६
८	KUHS	मा.वि.	पनौती - १
९	मल्पी इन्टरनेसनल	मा.वि.	पनौती - ९
१.	सरस्वतीकुञ्ज मा.वि.	मा.वि.	पनौती - ११
११	सामुदायिक आ.मा.वि.	मा.वि.	पनौती - ४
१२	पनौती बोर्डिङ स्कुल	नि.मा.वि.	पनौती - ३
१३	ब्राइट स्टार बोर्डिङ स्कुल	नि.मा.वि.	पनौती - १२
१४	ज्ञानज्योति बोर्डिङ स्कुल		पनौती - १२
१५	युनिभर्सल एकेडेमी	प्रा.वि.	पनौती - २
१६	सुभाष स्मृति		पनौती - ८
१७	आदर्श विद्यामन्दिर		पनौती - २

२३) साहित्य

पनौतीको साहित्यिक इतिहास लामो छ । वि.सं.१४१८ सालदेखि पनौतीको साहित्यिक यात्रा प्रारम्भ भएको देखिएको छ । पनौतीनिवासी तेजानन्द नाम गरेका व्यक्तिले वि.सं.१४१८ सालमा 'श्वग्रीवशास्त्रम्' नामक पुस्तक लेखेर पनौतीको साहित्यिक इतिहासको प्रारम्भ गरेका थिए । हुन त यो पुस्तक काभ्रे जिल्लाबाटै प्रकाशित पहिलो पुस्तक हो । यस हिसाबले तेजानन्द पनौतीका मात्र नभई काभ्रे जिल्लाकै प्रथम साहित्यकार भएको देखिन्छ । तेजानन्दद्वारा लेखिएको 'श्वग्रीवशास्त्रम्' नामक पुस्तक राष्ट्रिय अभिलेखालयमा सुरक्षित राखिएको छ । तेजानन्दपछि करिब ५ सय वर्षसम्म कुनै पुस्तक प्रकाशन भएको देखिँदैन ।

वर्तमान समयमा पनौती साहित्यिक क्षेत्रमा जागरुक देखिन्छ । पनौतीका दलभञ्जन कार्कीको 'मामाघर' कथासङ्ग्रह वि.सं.२०१६ सालमा प्रकाशित भएको थियो । कर्मथलो काठमाडौँ भए तापनि जन्मथलो पनौती रहेका कन्हैया नास्ननीका 'क्लियोपेट्रा', 'एउटा सहरको कथा', 'सिपाही', 'मुटुका व्यथाहरू' जस्ता साहित्यिक कृतिहरू प्रकाशित छन् । वि.सं.२००२ सालमा जन्मेका कन्हैया नास्ननी नेपालका परिचित साहित्यकार हुन् । श्यामसुन्दर सैँजू पनौतीका अर्का साहित्यकार हुन् । उनका नेपाली तथा नेपाल भाषाका थुप्रै फुटकर कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । त्यस्तै 'नीतिसुधारको झ्याउरे' र 'फुटकर कवितासङ्ग्रह' प्रकाशित गरेर नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा योगदान गर्ने अर्का

साहित्यकार नरबहादुर भारती हुन् । उनले कादम्बरी भाग एक र दुई पनि लेखेर प्रकाशित गरेका छन् । उनले वि.सं.२०१६ सालमा त्रिभुवन पुरस्कारद्वारा सम्मानित हुने अवसर प्राप्त गरेका थिए । रामसुन्दर सैँजू पनौतीको साहित्यिक इतिहासमा बिर्सनै नहुने नाम हो । उनको कुनै पुस्तक प्रकाशनमा नआए पनि थुप्रै फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । त्यस्तै 'दोभान' प्रकाशित गरेर साहित्यिक फाँटमा प्रवेश गरेका अर्का साहित्यकार लक्ष्मणसुन्दर सैँजू हुन् भने हरिसुन्दर सैँजूका 'अद्‌भुतको मान्छे', 'विहङ्गावलोकन' र 'पपुलर सेइङ' जस्ता पुस्तकहरू प्रकाशित छन् । 'नमोबुद्धको इतिहास' लेखेर पनौतीको साहित्यिक क्षेत्रमा योगदान गर्ने अर्का साहित्यकार सत्यनारायण मानन्धर हुन् । नारायणदास उलक पनि पनौतीका साहित्यिक स्रष्टा हुन् । उनको 'निम्तो' नामक कथासङ्ग्रह प्रकाशित छ । चन्द्रबहादुर खड्काको 'रोएको मन' कवितासङ्ग्रह प्रकाशित भएको छ भने माधव कडेंलको पनि एउटा खण्डकाव्य (पुष्पाञ्जली) प्रकाशित भएको छ । त्यस्तै बलराम बन्जाराले 'गोधूलि' नामक साहित्यिक पत्रिका निकालेका थिए भने उनको कथासङ्ग्रह 'यात्रा पछिको यात्रा' प्रकाशित छ । रामसुन्दर देउजाको 'भाँचिएको मन' कवितासङ्ग्रह प्रकाशित भएको छ । सोभितमान सिलवालले 'सङ्घर्षका क्षणहरू' नामक आत्मकथा लेखेर पुस्तक छपाएका छन् । पनौतीकै पुष्पदास स्याउलाले 'अतिथि देवो: भव' पुस्तक लेखेका छन् ।

वि.सं.२०३३ सालमा जन्मेका साहित्यकार सूर्यप्रसाद लाकोजूका हालसम्म एकदर्जन कृतिहरू प्रकाशित भएका छन् । उनका तीनवटा कवितासङ्ग्रहहरू 'स्पर्श', 'मेरो मन मेरो मीत' र 'घामको चुम्वन' प्रकाशित छन् भने 'भावनाका फूलहरू', र 'फूलहरूको मेला' गरी दुई मुक्तकसङ्ग्रह पनि प्रकाशनमा आएको छ । 'कोपिला' उनको वालकवितास्रङ्गह हो भने 'गुराँस फुल्ने मन' उनको हाइकुसङ्ग्रह हो । 'प्रेरणाको चौतारी,' 'पनौती', 'स्मृतिका आलेखहरू', 'पनौतीको बाह्रवर्षे मकरमेला', 'केही काभ्रेली अक्षरकर्मीहरू' उनका अन्य प्रकाशित कृतिहरू हुन् । विजयराम कर्माचार्यका पनि विभिन्न फुटकर कविताहरू पत्रपत्रिकाहरूमा छापिएका छन् । उनको 'पनौती: बाह्रवर्षे मकरमेला' नामक पुस्तक पनि प्रकाशित छ । सुदर्शन प्रधानाङ्गको 'रातो बादल' उपन्यास प्रकाशित छ । विश्वनाथ ताम्राकारको 'मेरो स्मृतिका क्षण प्रतिक्षण' कवितासङ्ग्रह र 'रेडक्रस अभियान' लेखसङ्ग्रह प्रकाशित छन् भने

सुमनराज ताम्राकार 'के तपाईं गर्भवती हनुहुन्छ ?', 'बालस्वास्थ्य कथा', 'गठेमंगल' र 'पनौतीका चाडपर्व' जस्ता कृतिहरू प्रकाशित गरेर पनौतीको साहित्यक्षेत्रमा देखापरेका छन् । पनौतीकै शिवप्रसाद बन्जारा 'विचारको अचार' कवितासङ्ग्रह लिएर साहित्यिक फाँटमा पाइला टेक्न आइपुगेका छन् । पनौतीमा साहित्यलाई माया गर्दै साहित्यमै रमाउँदै समय-समयमा विविध साहित्यिक कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । साहित्यिक गतिविधि सञ्चालन गर्न समय-समयमा साहित्यिक संस्थाहरूको जन्म पनि भएको छ । पनौतीमा पनौती साहित्यिक सङ्गम र पुष्पाञ्जली साहित्य समाज गठन भएको थियो । पनौती साहित्य सङ्गमले 'त्रिवेणी' र पुष्पाञ्जली साहित्य समाजले 'पुष्पाञ्जली' नामक कवितासङ्ग्रह प्रकाशित गरेका छन् । यसका साथै ज्ञानरत्न शाक्यको 'ज्ञानपुञ्ज' कवितासङ्ग्रह प्रकाशित छ । प्रदिप के.सी.को 'काभ्रे जिल्लाका प्रजातान्त्रिक सेनानी' नामक पुस्तक प्रकाशित भएको छ भने खोपासीका जगनाथ उलकका पनि दुईवटा कृतिहरू प्रकाशनमा आएका छन् । पछिल्लो समयमा आएर ध्रुवकृष्ण ताम्राकारको 'प्रारम्भ' र 'हृदयका उद्‌गार' नामक दुईवटा कवितासङ्ग्रह प्रकाशित भएका छन् । 'आँसुको कथा' नामक कथासङ्ग्रह र 'मनको वह' गिती एल्वम पनि प्रकाशनमा आएको छ । श्रीराम कर्माचार्यको एउटा कवितासङ्ग्रह प्रकाशनमा आएको छ । त्यस्तै ओतबहादुर खड्का पनि 'जीव र ईश्वरको दिग्दर्शन' नामक अनुवादित कृति लिएर पनौतीको साहित्यिक फाँटमा देखिएका छन् । उनका अन्य प्रकाशित कतिहरूमा 'रोसीको आवाज' कवितासङ्ग्रह, 'गर्गसंहिताको गोलोकखण्ड', 'रीति र नीति', अनुभूतिका तरङ्गहरू आदि रहेका छन् । तुयुकाजी ताम्राकारको 'पनौतीका प्राचीन कथाहरू- एक र दुई', 'तरङ्गित छालहरू' कवितासङ्ग्रह र 'तीन धामको यात्रा त्यसभित्रको कथा' नियात्रा प्रकाशित छन् । सुभद्रा दाहालका पनि 'बेचैनका दिनहरू' कवितासङ्गह र 'अधुरो सहयात्रा' गरी दुईवटा कृति प्रकाशनमा आएको छ । त्यस्तै सुरेश सैंजू पनि 'रेसा' कवितासङ्गह र 'स्वतन्त्र २५ वसन्त' लिएर साहित्यको फाँटमा देखा परेका छन् । सूर्यभक्त कर्माचार्य पनि 'आर्शीवाद' बालकवितासङ्ग्रह लिएर साहित्यको फाँटमा देखा परेका छन् ।

आफ्नो छुट्टै साहित्यिक कृति नभए तापनि साहित्य-सृजनामा लागेका अन्य साहित्यिक व्यक्तित्व तथा लेखकहरू पनि पनौतीमा नभएका होइनन् । मानसागर श्रेष्ठ, अम्बुभवानी कार्की, श्रीकुमार सुवाल, रामचरण

गोक्षे आदि नामलाई उदाहरणका रूपमा लिन सकिन्छ । त्यस्तै पुरुषोत्तम कर्माचार्य, पुरुषोत्तम ताम्राकार, विष्णुदास स्याउला, शम्भुप्रसाद सुवेदी, शम्भुलाल श्रेष्ठ, मीरा पौडेल, गीता दाहाल आदिका लेख-रचना तथा फुटकर कविताहरू पनि बेलाबखतमा प्रकाशित भइरहेका छन् ।

साहित्यिक संस्थाहरूको सन्दर्भमा हालै विधिवतरूपमा सूर्यप्रसाद लाकोजूको संयोजकत्वमा दर्ता भई गठन भएको पनौती साहित्य समाजले छोटो समयमा पनौतीलाई साहित्यिक रूपमा सक्रिय बनाएको छ । २०६५ असोज ३० गते गठन भएको यस समाजले हालसम्म 'श्रीरामका कविताहरू', 'प्रारम्भ', 'जीव र ईश्वरको दिग्दर्शन', 'मेरो मन मेरो मीत', 'पनौतीका प्राचीन कथाहरू-१' 'आशीर्वाद' र 'हृदयका उद्‌गार' 'आँसु, आँसु र आँसु' तथा 'अरनिकोको श्वेतचैत्यको सेरोफेरोमा' गरी नौवटा विविध विधाका पुस्तकहरू र 'पनौती साहित्य दर्पण स्मारिका' पनि प्रकाशित गरेको छ । यसका अतिरिक्त काव्य गोष्ठी लगायत अन्य विविध साहित्यसँग सम्बन्धित गतिविधिहरू सञ्चालन गर्दै आएको छ ।

सन्दर्भग्रन्थ

१) स्लासर, मेरि सेफर्ड – इ.सं. १९९८
"नेपाल मण्डला", मण्डला बुक्स प्वाइन्ट काठमाडौं
२) पराजुली, कृष्णप्रसाद – वि.सं. २०२२ दोस्रो संस्करण २०५०
"पूर्व एक नम्बर"
३) दाहाल, डा. पेशल – वि.सं. २०४६
"नेपालको इतिहास" एम. के. पब्लिसर्स, काठमाडौं
४) मानन्धर, जितबहादुर - वि.सं. २०६०
"मेरा केही साँस्कृतिक निबन्धहरू" श्रीमती तारादेवी मानन्धर काठमाडौं
५) नेपाल, ज्ञानमणी- वि.सं. २०५४
"नेपालको पूर्वमध्यकालको इतिहास" नेपाल र एशियाली अनुसन्धान केन्द्र
६)मानन्धर, सत्यनारायण - वि.सं. २०५३
"नमोबुद्धको इतिहास" सत्यनारायण माधन्धर पनौती
७) प्रधान, केदारनाथ - वि.सं. २०५६
"पनौतीको ब्रम्हायणी जात्रा" केदारनाथ प्रधान स्मृति तथा प्रकाशन समिति बनेपा
८) कर्माचार्य, विजयराम - वि.सं. २०५४
"पनौतीको बाह्वर्षे मकरमेला" विजयराम कर्माचार्य, पनौती-५
९) वज्राचार्य धनबज्र- वि.सं. २०६४
"गोपालराज वंशावलीको एतिहासिक विवेचना", नेपाल र एशियाली अनुसन्धान केन्द
१०) सौगात, पुष्प -वि.स. २०५८
"अतिथी देव भव" सुशिल श्रेष्ठ, रामेछाप
११) नकर्मी, मिमलाल -वि.सं. २०५०
"पनौतीको साँस्कृतिक सम्पदा" त्रि.वि.मा प्रस्तुत भिलेज प्रोफाइल
१२) सैंजू, हरिसुन्दुर -वि.सं. २०५८
"विहङ्गावलोकन", जनमत प्रकाशन
१३) राज, योगेश (सम्पादक) ने.सं. ११२०
"पन्तिया अभिलेख", नसंचा पुचः पनौती
१४) जोशी, हरिराम (सम्पादक) -वि.सं. २०५३
"बनेपा सात गाउँ", बनेपा नगरपालिका
१५) पौडेल, नयनाथ (सम्पादक) -वि.सं. २०२०
"भाषा वंशावली", नेपाल राष्ट्रिय पुस्तकालय

१६) गोपालराजवंशावली
१७) पनौती स्मारिका २०५८
१८) पनौती नि.मा.वि. स्मारिका २०६२
१९) पनौती महोत्सव विशेषाङ्क २०५५
२०) नसंचा स्मारिका २०५४
२१) इन्द्रायणी वर्ष १ अंक २ २०५
२२)लैन सिंह वाङ्देल, Stolen Images of Nepal, The Royal Nepal acadeny, 1989
२३)) मानन्धर, ज्ञानकाजी - वि.सं. २०६७
"बनेपा सातगाउँ" श्रीमती सुखवेती मानन्धर, बनेपा

पनौतीमाथि सांस्कृतिक चिनारी

- सूर्यप्रसाद लाकोजू

सूर्यप्रसाद लाकोजू काभ्रे जिल्लास्थित प्राचीन तथा पवित्रस्थल पनौतीका स्थायी वासिन्दा हुनुहुन्छ। उहाँको सांस्कृतिक प्रेम प्रसंशनीय छ। पनौतीको सांस्कृतिक एवम् धार्मिक महत्त्वलाई सार्वजनिक गर्ने उद्देटे उहाँले लेख्नुभएको 'पनौती' शीर्षक कृतिले यसको थप पुष्टी गर्दछ। लेखक लाकोजू संस्कृतिविद, कवि,मुक्तककार, पनौतीका स्थानीय समाजसेवी, हुनुहुन्छ। पेशाले शिक्षण कार्यमा संलग्न उहाँमा समाजसेवाको पवित्र भावना पनि विद्यमान रहेको पाइन्छ। 'पनौती' शीर्षकको सांस्कृतिक चिनारी कृतिबाट उहाँको संस्कृतिप्रेमको चोखोपन सहजै अनुमान गर्न सकिन्छ। यस कृतिमा अभिव्यक्त खोजमूलक सामग्रीले ऐतिहासिक स्थल पनौतीका बारेमा जानकारी लिन चाहने जो कोही अन्वेषक तथा जिज्ञासुलाई महत्त्वपूर्ण सन्दर्भ सामग्री हुने निश्चित छ। पनौतीका बारेमा यसरी सत्य, तथ्यको खोजी कार्यमा लाकोजूजीको मेहनत प्रशंसनीय रहेको छ। कृतिबाट पाठक पनि लाभान्वित हुने छन्।

यस कृतिमा लेखकले आफ्नो अध्ययन र अनुसन्धानको पाटोलाई सार्थक रूपमा उपयोग गर्नुभएको छ। पनौतीको समग्र परिचय यसमा पढ्न पाइन्छ। जस्तै- पनौतीको भौगोलिक अवस्थिति, त्यहाँको हावापानी, प्राकृतिक स्रोत, स्थानीय जनजीवन, संस्कृति तथा कलाकौशल, रीतिरीवाजका विषयमा विस्तृत वर्णन गरिएको छ। त्यस्तै त्यहाँको धर्म, चाडपर्व, जात्राका बारेमा गरिएको चर्चाले स्थानीय धर्मसंस्कृति र परम्पराको राम्रो चिनारी दिएको छ। त्यस्तैगरी स्थानीय प्रसिद्ध जात्रापर्व, केही धार्मिक तथा ऐतिहासिक सम्पदा र स्थलहरूको व्याख्या पनि गरिएको छ। तिनमा सान्दर्भिक तस्विरहरूको संलग्नताले कृतिको महत्त्व बढाएको छ। आज जताततै सांस्कृतिक अतिक्रमण भइरहेका बेला आएको यस कृतिले आफ्नो मौलिक सम्पदा, संस्कृतिको महत्त्व बढाउने तथा संरक्षण
टेवा प्रदान गर्नसक्दछ। यस कार्यमा आफ्नो सक्रिय सिर्जनात्मक
लेखक सूर्यप्रसाद लाकोजूलाई मेरो हार्दिक बधाई तथा शुभकामना

cb 062